फोन नं. ११-९७६ पो. बक्स नं. ३७
१५-११९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ अंकलाई शुभ वार-महीना-वर्ष—

शुभ वार— सोमवार, शनिवार, रविवार

शुभ महीना— २१ मार्च देखि २८ अप्रैलसम्म
१० जुलाई देखि अगस्तसम्म

अशुभ महीना— अक्टुवर, नभेम्बर, डिसेम्बर

शुभ रङ्ग— छिर्बिरे वा धूव छार्या

शुभ रत्न— निलम (Sapphire)

शुभ अक्षर— D. M. W.

शुभ वर्ष—

४.१३.२२.३१.४०.४६.५८.६७ महत्वपूर्ण वर्ष

२.११.२०.२६.३८.४७.५६.६५.७४ प्रभावशील वर्ष

८.१७.२६.३५.४४.५३.६२.७१ सहयोगी वर्ष

ज्योतिष-दर्शनका गत अङ्कहरूमा

★ अङ्कलाई फाफ्ने पेशा—
ज्यो. द. अङ्क ३ पेज ४६ मा

★ नामाक्षरबाट अङ्क निकाल्ने काइदा—
ज्यो. द. अङ्क २ पेज ३६ मा

★ अङ्कको छोटकरी चिनारी—
ज्यो. द. अङ्क १ पेज १६ मा

★ अङ्क अनुसार शुभ वार - महीना- दिन - वर्ष—
ज्यो. द. अङ्क ५ पेज १९ मा

★ अङ्क अनुसार वर्षफल—
ज्यो. द. अङ्क १० पेज ३५ मा

हिन्दू राष्ट्रका एकमात्र सम्राट
राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ-जन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफका करकमलमा चिरायु तथा उतरोत्तर
समृद्धिको कामना गर्दै
सभक्ति शुभ कामना अर्पण गर्दछौं—
महा-प्रवन्धक तथा परिवार
मेची धान चामल निर्यात कम्पनी लि.
प्रधान कार्यालय भद्रपुर (झापा)
फोन नं. ७ ९ ८

श्री ५ महाराजाधिराज
सरकारको
३२ सौं शुभ-जन्मोत्सवक
शुभ अवसरमा
मौसूफ सरकारको सुस्वास्थ्य र चीरा
हार्दिक मङ्गल कामना गर्द
जनकपुर धान चामल निर्यात कं० परिव
जनकपुरधाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ-जन्मोत्सवको
सुखद अवसरमा
मौसूफ सरकारको सुख, दीर्घायु तथा सुस्वास्थ्यको लागि
हार्दिक शुभ-कामना चढाउँदछौं ।

सांस्कृतिक संस्थान (परिवार)

५. विचार प्रधान अङ्क—५

पाँच अङ्कमा जन्मिनेहरूमा बौद्धिकता पाईन्छ । नयाँ नयाँ युक्ति झिक्न, ठूल्ठूला दाउपेच खेल्न, अनेक तर्क वितर्क गरेर विपक्षीलाई परास्त पार्न यिनीहरू सिपालु हुन्छन् । अत्यन्त क्रियाशील, उद्योगी, वाक्चातुरी, मानवीय गुणका समर्थक ५ अङ्कमा जन्मिनेहरूमा विलक्षण बुद्धि पाइन्छ । विनोदी स्वभावका भावुक, विचारवान पनि यिनीहरू हुन्छन् । जस्तो अवसर छ त्यसै अनुसार आफुलाई ढालेर रचनात्मक काम गर्न सक्छन् ।

५.१४.२३ यी तारीखमा जन्मिनेहरूको अङ्क ५ हुन्छ । ५ अंकको अधिष्ठाता ग्रह बुध हो । बुध बौद्धिक ग्रह हो । बुध प्रभावित व्यक्ति बौद्धिक खेलाडी हुन्छन् । आपनो बुद्धिले नयाँ स्थिति बसाल्न खोज्ने, नयाँ विचार दिएर समाजलाई नयाँ मोड दिनेहरू पनि ५ अङ्कमा पाईन्छन् । जस्तै—

कार्ल मार्क्स—	५ मई—	५
रोजाल्ड फोर्ड—	१४ जुलाई १+४=	५
एल्बर्ट आंइन्सटीन—	१४ मार्च—	५
फरेन हाईट—	१४ मई—	५
आइजन हावर—	१४ अक्टुवर—	५
रानी भिक्टोरिया—	२३ मई २+३=	५
शेक्सपियर—	२३ अप्रैल २+३	=५

नेपालीमा ५ अङ्कमा महानुभावहरू—

श्री टंक प्रसाद आचार्य	१४ दिसम्वर १+४	=५
श्री नारायण प्रसाद श्रेष्ठ	१४ सितम्वर १+४	=५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री तारानाथ शर्मा २३ =५
श्रीदेव सापकोटा २३ सितम्बर २+३ ५
मुकुन्द पराजुली ५ जुलाई =५
श्री कालिकाभक्त माथेमा २३ अक्टुबर २+३ =५
श्री चन्द्रधर उप्रेती ५ नभेम्बर =५
श्री नन्दगोपाल गुर्वाचार्य १४ मार्च =५

५ अंकसंग अरू अंकको सम्बन्ध—

जन्म तारीख	अङ्क	विशेषता
५.१४.२३	५	महत्वपूर्ण अङ्क
१ १०.१९.२८	१	प्रभावदायी अङ्क
२.११.२०.२९	२	मित्र अङ्क
४.१३.२२.३१	४	सहयोगी अङ्क
३.१२.२१ ३०	३	असहयोगी अङ्क
६ १५.२४	६	उदासीन अङ्क
७.१६.२५	७	सामान्य अङ्क
८ १७.२६	८	विरोधी अङ्क
९ १८.२७	९	असहयोगी अङ्क

[यो प्रयोग गर्ने तरीका पेज २१ को पहिलो प्यारामा छ]

५ अङ्कलाई शुभ बार–महीना–वर्ष—

शुभ बार— बुधबार– उत्तम, शुक्रबार– सहयोगी
शुभ महीना — २१ मई देखि २१ जुनसम्म
२१ अगस्त देखि २० सितम्बरसम्म
शुभ रङ्ग— फिका हरियो, चंकिलो, उज्यालो रङ्ग
शुभ रत्न— पन्ना (Emrald)
महत्वपूर्ण वर्ष — १.१४.२३.३२.४१.५०.५९.६८.७७

प्रभावदायी वर्ष— | उपर उल्लेखित प्रभावदायी अंक,
सहयोगी वर्ष — | मित्र अंक, सहयोगी अंकको वर्ष पनि शुभ हुन्छन् ।

५ अङ्कको यन्त्र—

९	४	११
१०	८	६
५	१२	७

श्री ५ महाराजाधिराज सरकारको
३२सौं शुभ-जन्मोत्सव
को
पुनीत अवसरमा
मौसूफ सरकारको सुस्वास्थ्य
तथा
दीर्घायुको लागि
श्री पशुपतिनाथसंग हार्दिक
प्रार्थना गर्दछौं—
भूमि प्रशासन कार्यालय
झापा, मेची अञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. कलात्मक अंक-- ६

६ अङ्कमा जन्मिनेहरू हठी, स्वाभिमानी कलात्मक स्वभावका हुन्छन् । सुन्दरताका उपासक, श्रृङ्गारिक रसले युक्त, काव्यात्मक भावनाका भौतिकवादी प्रवृत्तिका यिनीहरू हुन्छन् । मित्र बनाउन सिपालु, प्यारो, मिलनसार, आकर्षक व्यक्तित्व, हँसिला—रसिला ६ अङ्कका व्यक्ति अत्यन्त रमाईला हुन्छन् । साज-सज्जा प्रदर्शन र आधुनिकतामा यिनीहरूलाई कसैले जित्न सक्तैनन् । तर यिनीहरू वहुतै यशस्वी र सौभाग्यशाली हुन्छन् ।

६.१५.२४ तारेखमा जन्मिनेहरुको ६ अङ्क हुन्छ । ६ अङ्कको अधिष्ठाता ग्रह शुक्र हो । ६ अङ्कमा जन्मिनेहरूमा शुक्रको प्रभाव परेको हुन्छ । शुक्र नीति प्रख्यात छ । ६ अङ्कका व्यक्ति धुरंधर राजनीतिज्ञ हुन्छन् । ६ अङ्कका व्यक्तिहरू नीतिवान् राजनैतिक, सामाजिक तथा कलाकार बन्न सक्छन् । शुक्रलाई कवि ग्रह भन्छन् । काव्यकार, संगीतकार, राजनेता र अभिनेताहरू ६ अङ्कमा पाईन्छन् । जस्तै—

इन्दिरा गांधी—	६ मार्च		=६
अकवर वादशाह—	२४ नभेम्बर	२+४	=६
अरबिन्द घोष—	१५ जुलाई	१+५	=६
नेपोलियन—	१५ अगस्त	१+५	=६
मोहम्मद रफी—	२४ नभेम्बर	२+४	=६

६ अंकका नेपाली महानुभावहरू—

श्री किर्तिनिधि विष्ट—	१५ जनवरी	१+५	=६
श्री बालकृष्ण शम—	६ फरवरी		=६
श्री श्याम प्रसाद अधिकारी—	१५ दिसम्बर	१+५	=६
श्री जगदीश नेपाली—	१५ जनवरी	१+५	=६

श्रीं ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ-जन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य र दीर्घायुको
शुभ-कामना गर्दछौं
जनकपुर नगर पञ्चायत परिवार
जनकपुरधाम

राष्ट्रनायक
श्री ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ-जन्मोत्सवको अवसरमा
मौसूफको चिरायु एवं सुस्वास्थ्यको
हार्दिक मङ्गल कामना गर्दछौं ।
कृषि खरिद बिक्री संस्थान
टेकु

संपूर्ण नेपालीका साझा
हाम्रा प्यारा राजा
युग-युग बाँचिरहुन्, ईश्वर सदा रक्षा गरून्
प्रार्थना गर्ने—
भद्रपुर नगर पञ्चायत परिवार
झापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री बिद्यादेवी गुरुङ्ग— २४ अक्टुवर २+४ = ६
श्री लीलादेवी शर्मा— ६ दिसम्बर = ६
श्री धर्मराज थापा— १५ जुलाई १+५ = ६

६ अंकको अरू अंकसंग सम्बन्ध—

जन्म तारीख	अङ्क	विशेषता
६.१५.२४	६	महत्त्वपूर्ण अंक
२.११.२०.२९	२	प्रभावदायी अंक
३.१२.२१.३०	३	सहयोगी अंक
१.१०.१९.२८	१	सामान्य अंक
४.१३.२२.३१	४	उदासीन अंक
५.१४.२३	५	असहयोगी अंक
७.१६.२५	७	बिरोधी अंक
८.१७.२६	८	मित्र अंक
९.१८.२७	९	मित्र अंक

६ अंकका शुभ बार–महीना–वर्ष—

शुभ बार— शुक्रवार, बुधवार

शुभ महीना—२० अप्रील देखि २४ मईसम्म
२१ सितम्बर देखि २४ अक्टुबरसम्म

शुभ रङ्ग— सेतो, चंकिलो, (गहिरो लाल र कालो रङ्ग विशेष)

शुभ रत्न— हीरा (Daimond)

श्री ५ महाराजाधिराज सरकारको
३२ औं शुभ जन्मोत्सवको
उपलक्ष्यमा
हार्दिक मङ्गल कामना चढाउने
गुठी संस्थान

हिन्दू राष्ट्रका एकमात्र सम्राट
राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ-जन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफका करकमलमा चिरायु तथा उत्तरोत्तर
समृद्धिको कामना गर्दै
सभक्ति शुभ कामना अर्पण गर्दछौं—
बिशाल बजार कं०
काठमाडौं

श्री ५ महाराजाधिराज
सरकारको
३२ सौं शुभ–जन्मोत्सवको
शुभ अवसरमा
मौसूफ सरकारको सुस्वास्थ्य र चीरायुको
हार्दिक मङ्गल कामना गर्दछौं-
जिल्ला पञ्चायत परिवार
झापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. सहिष्णु र सहयोगी अंक--- ७

सात अंकलाई अंग्रेजीमा 'लक्की नम्बर' भन्छन्। यस अंकमा जन्मिनेहरू भावुक, कला-कल्पना-प्रेमी-मिलनसारो, उच्च महत्वाकांक्षी, मौलिक व्यक्तित्व र स्वतन्त्र विचारशक्ति आदि गुणले युक्त हुन्छन्। शीतल मन, सरल स्वभाव, विचारशील यिनीहरूको विशेषता हो।

७.१६.२५ अंग्रेजीका यी तारेखमा जन्मिनेहरूको ७ अंक हुन्छ। ७ अंकको अधिष्ठाता ग्रह पश्चिमाहरू 'नेप्च्यून' भन्छन् त पूर्वेलीहरू चन्द्रमा मान्छन्। दुवैको गुण प्रायः एकै छ। स्पन्दनशील, गुणग्राही, रूढी दुराग्ररहित तर धार्मिक मनोवृत्तिका यिनीहरू हुन्छन्। महाकवि, प्रख्यात लेखक, प्रसिद्ध सिने अभिनेत्री, वैज्ञानिक र भावुक कर्मठ प्रकारका प्रशासक ७ अंकमा पाइन्छन्।

७ अंकका नेपाली महानुभावहरू—

श्री रामचन्द्र बहादुर सिंह	७ अप्रैल	=७
श्री प्राइ. क. प्रधान	१६ दिसम्बर १+६	=७
ड० कांति गिरी	७ मार्च	=७
श्रीं बिमला शर्मा	२५ जनवरी २+५	=७
श्री वासु शशी	२५ मार्च २+५	=६

७ अंकका अरू मुलुकका प्रख्यात व्यक्ति—

मार्कोनी	२५ अप्रैल २+५	=६
रानी एलिजावेथ	७ सिसम्बर	=७
विलियम वर्डसवर्थ	७ अप्रैल	७
रविन्द्रनाथ टैगोर		
ब्राउनिङ्ग	७ मई	=७
हेमा मालिनी	१६ अक्टुबर १+६	=७

७ अंकको अरू अंकसंग सम्बन्ध—

तारिख	अंक	विशेषता
७.१६.२५	७	महत्वपूर्ण अंक
१.१०.१९.२८	१	प्रभावदायी अंक
२.११.२०.२९	२	मित्र अंक
४.१३.२२.३१	४	सहयोगी अंक
५.१४.२३	५	मित्र अंक
३.१२.२१.३०	३	उदासीन अंक
६.१५.२४	६	उदासीन अंक
८.१७.२६	८	विरोध अंक
९.१८.२७	९	असहयोगी अंक

७ अंकलाई शुभ बार-महीना-वर्ष—

शुभ बार— सोमबार, रबिबार

शुभ महीना— २१ जुन देखि २५ जुलाइसम्म

शुभ रङ्ग— सेतो, फिक्का नीला, फिक्का हरियो

शुभ रत्न— लसुनिया (Cat's eye) बिडालाच

शुभ वर्ष—

७.१६.२५.३४.४३.५२.६१.७०.७९ महत्वपूर्ण

२.११.२०.२९.३८.४७.५६.६५.७४ प्रभावदायी

१.१०.१९.२८.३७.४६.५५.६४.७३ सहयोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. विश्वस्त गुणले युक्त अङ्क——८

आठ अंकमा जन्मिनेहरू स्पष्टवादी, लगनशील, परिश्रमी, उपकारी, दृढ, निश्छल आदि गुणले युक्त हुन्छन् । यिनोहरूमा सोच्ने र गर्ने शक्ति पर्याप्त हुन्छ । उच्चमहत्वाकांक्षी हुन्छन् तर सान्है परिवर्तनशील र संघर्षमय जीवन । उच्च सरकारी ओहोदामा बसेर देश-समाजको लागि महत्वपूर्ण हितकारी काम गर्ने वा दुनियामा नौलो परिवर्तन महान बिचार दिएर एउटा मान्यतालाई नै फेर्ने ८ अंकका व्यक्ति पाईन्छन् । ८ अंकको अधिष्ठाता ग्रह शनि हो । शनि ऐतिहासिक ग्रह हो । ८ अंकका व्यक्ति ऐतिहासिक बन्न सक्छन । जस्तै—

गुरु नानक	८ नबम्बर	=८
माओत्से तुङ्ग	२६ दिसम्बर २+६	=८
बर्नार्ड शॉ	२६ जुलाई २+६	=८
शेख मुजीबर रहमान	१७ मार्च १+७	=८

८.१७.२६ तारीखमा जन्मिनेहरूको अंक ८ हुन्छ । ८ अंकका व्यक्ति केही शुष्क स्वभावका, केही उदासीन र केही एकांकी प्रवृत्तिका हुन सक्छन् तापनि यिनीहरूमा सेवा र सहयोगको भावना प्रशस्त पाइन्छ । अत्यन्त आत्मीय भएर आफ्नो काम छोडेर पनि अरूको काम गर्न तम्सिन्छन् । ८ अंकका व्यक्तिले केही रहस्यता र केही अन्तर्मुखी प्रवृत्ति देखाउँछन् । जन् पत्तीय कार्यमा आश्चर्यजनक सफलता ल्याउन र राजकाजमा उल्लेखनीय सेवा गर्न यिनीहरू सक्छन । जिवनमा जति नै हण्डर खानु परे पनि आशावादी भएर डटिरहनु, कहिल्यै शिथिल नहुनु, र हरहमेशा नयाँ ताजगी लिएर रचनात्मक कर्म क्षेत्रमा जुटनु ८ अंकका व्यक्तितरूको विशेषता हो । सेवा र सहयोगको भावना हरहमेशा यिनीहरूको हृदयमा रहन्छ ।

८ अंकमा उत्पन्न महानुभावहरू——

श्री बद्री बिक्रम थापा	२६ जुलाई २+६	=८
श्री चिरन थापा	१७जुलाई १+६	=८
श्री हिरालाल विश्वकर्मा	२६ जुन २+६	=८
श्री शमशेर बहादुर विष्ट	८ जनवरी	=८
श्री जितेन्द्र बस्न्यात	८ दिसम्बर	=८

८ अङ्कको अरू अंकसंग सम्बन्ध——

तारीख	अंक	विशेषता
८.१६.२६	८	महत्वपूर्ण अंक
२.११.२०.२६	२	घनिष्ठ अंक
६.१५.२४.	६	सामान्य अंक
४.१३.२२.३१	४	मित्र अंक
१.१०.१६.२८	१	विरोधी अंक
३.१३.२१.३०	३	सहयोगी अंक
७.१६.२५	७	उदासीनन अंक
५.१५.२३	५	,, ,,
९.१८.१७	९	सहयोगी अंक

[यो प्रयोग गर्ने तरीका पेज २१ को पहिलो प्याराामा हेर्नु होस्]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८ अंकको लागि वार–महीमा–वर्ष––

शुभ बार — शनिबार

शुभ महीना — २१ दिसम्बर देखि २२ फरवरीसम्म विशेष शुभ

२१ सितम्बरबाट १९ अक्टुबरसम्म पनि विशेष शुभ

शुभ रङ्ग — बैगनी, कालो, गहिरो नीलो ।

शुभ रत्न — नीलम (Sapphire)

शुभ वर्ष —

८.१७.२६.३५.४४.५३.६२.७१ महत्वपूर्ण वर्ष

२.४.११.१३.२२.३१.४०.४९.५८.६७ प्रभावदायी अंक

८ कंकको यन्त्र––

१२	७	१४
१३	११	९
२	१५	१०

श्री ५ महाराजाधिराज सरकारको
३२ सौं शुभ जन्मोत्सवको
शुभ–उपलक्ष्यमा
मौसूफ सरकारमा
सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्ने
नगर पञ्चायत परिवार
बीरगञ्ज

९. वीरताले युक्त अंक–९

नौं अंकमा जन्मिने व्यक्तिहरू साहसी, पराक्रमी, दृढ निश्चयी हुन्छन् । ठूल्ठूलो जिम्मेवारी लिएर आश्चर्यजनक काम गरेर जीवन निर्माण गर्न वा समाजमा महत्वपूर्ण ठाउँ लिन सक्छन् । नियम–अनुशासन पालन गर्ने गुण अन्मै अंकमा भन्दा नौं अंकमा बढी छ । मान मर्यादा र इज्जत राख्न यिनीहरू सिपालु हुन्छन् । स्वाभिमानी, संघर्षशील, उग्र वा क्रोधी, दुस्साहसी, शूरवीर, प्रदर्शन प्रेमी र व्यवस्थापटु ९ अंकका मानिस पाईन्छन् । तर यिनीहरू सहृदयी, विनम्र र प्रेमी पनि हुन्छन् । सुरा र सुन्दरी अनि तडक भडक यिनीहरूको कमजोरी हो । जसलाइ कम गर्न सकेमा यिनीहरूको शौर्य शक्तिमा झन चमक आउँछ ।

९.१८.२७ तारेखमा जन्मिनेहरूको जन्म अंक ९ हुन्छ । ९ अंकको अधिष्ठाता मङ्गल हो। मङ्गल युद्धको देवता हो । ९ अंकका व्यक्ति मर्ने मार्ने कुरामा डराउन्न । परास्त यिनीहरू बस्दैनन् । नक्कली स्वाभिमानमा परेर कहिलेकाही आफ्नै अहित गर्छन । आफ्नै काममा, आफ्नै बाहुबलको आधारमा, आफ्नै एकोहोरो धूनमा यिनीहरूले प्रतिष्ठा आर्जन गर्छन् र कहिले काही अत्यन्त दुस्साहसी भएर आफैलाई अप्ठचारो स्थितिमा पार्छन्, आवश्यकता भन्दा बढी शत्रु बनाउँछन । यिनीहरूको जीवन हेरौं—

रिचर्ड निक्सन	९ जनवरी
राना एडवर्ड	९ नभेम्बर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानसन	२७ अगस्त
जॉन मिल्टन	१८ फरवरी
उमर खैयाम	१८ मई
रूजवेल्ट	२७ अक्टुवर
राधाकृष्ण परमहंश	१८ फरवरी

९ अंकका नेपाली महानुभावहरू--

डा० तुलसी गिरी	१८ सितम्बर १+८	=९
श्री मातृका प्रसाद कोइराला	२७ सितम्बर २+७	=९
श्री बिश्व बन्धु थापा	९ सितम्बर	=९
श्री इन्दुकान्त शर्मा	१८ अगस्त १+८	=९
श्री मदन शर्मा	१८ जुन १+८	=९
श्री जनक बिष्ट	२७ मार्च २+७	=९
श्री ध्रुव कुमार थापा	२७ अक्टोबर २+७	=९
श्री पशुपति कुमार द्विवेदी	९ जुलाई	=९
श्री गणेश रसिक	१८ सेप्टेम्बर १+८	=९

९ अंकको अरू अंकसंग सम्बन्ध--

तारिख	अंक	विशेषता
९.१८.२७	९	महत्वपूर्ण अंक
३.१२.२१.३०	३	घनिष्ट अंक
६.१५.२४	६	सहयोगी अंक
१.१०.१९.२८	१	बिरोधी अंक
२.११ २०.२९	२	असहयोगी अंक
४.१३ २२.३१	४	उदासीन अंक
५.१४.२३	५	बिरोधी अंक
७.१६.२५	७	सामान्य अंक
८.१७.२६	८	" "

९ अंकलाई शुभ बार-महीना-वर्ष--

शुभ बार— मङ्गलबार, शुक्रबार

शुभ महीना— २१ मार्च देखि २७ अप्रिलसम्म
२१ अक्टुबर देखि २७ नभेम्बरसम्म

शुभ रङ्ग— रातो, गुलाफी रङ्ग

शुभ रत्न— मूंगा (Coral)

शुभ वर्ष—

९.१८.२७.३६.४५.५४.६३.७२	महत्वपूर्ण
३.१२.२१.३०.६९.४८.५७.६६.७५	सहयोगी
६.२४.३३.४२.५१.६०.६९.७८	शुभ वर्ष

श्री ५ महाराजाधिराज सरकारको

३२ सौं शुभ-जन्मोत्सव

को

पुनीत अवसरमा

मौसूफ सरकारको सुस्वास्थ्य

तथा

दीर्घायुको लागि

श्री पशुपतिनाथसंग हार्दिक

प्रार्थना गर्दै

भूमि प्रशासन कार्यालय

राजविराज, सप्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंकको गहीरो गति

हामी वास्ता गर्न सक्छौं वा सक्तैनौं त्यो अर्कै कुरा हो, हामीलाई कुनै न कुनै अंकले बराबर साथ दिईरहेको हुन्छ. खास गरेर जन्म अंक र त्यसका सहयोगी–मित्र अंक संयोग परेको खण्डमा हाम्रो जीवनले सुखद उपलब्धीहरू पाएको हुन्छ । कुनै अंक हाम्रो बिरोधमा पनि खडा छ । दैनिक जीवनमा कुनै अप्रिय परिस्थिति वा दुर्घटना परेको बेला बिरोधी अंक टकराएका हुन्छन् । आफुलाई नमिल्ने अंकसंग वास्ता पर्‍यो भने त्यसले फाईदा गर्दैन, हानी गर्न सक्छ । अशुभ महीना, दिन, समय परेको बेलामा आफुलाई असहयोगी, बिरोधी अंक टकरायो भने त्यो दिन अप्रिय घटना घट्छ । कसै कसैलाइ कुनै अंकले वा संख्याले बराबर पछ्याएको हुन्छ । नेपाल पत्रकार संघका सभापति श्री इन्दुकान्तको जन्मअंक वा मूल अङ्क ९ हो । २७ मे २+७=९ आफ्नै मूल अंकको तारेखमा सभापति बन्नु भयो । वहाँलाई ४ अंकले पनि पछ्याएको छ । उदाहरण हेर्नु होस्—

टेलिफोन नं. १४०७१=१३=४

" " १५२०५=१३ ४

मोटर साईकल नं. ४२६१= १३=४

९ अङ्कका लागि ४ अङ्क बिरोधी होईन र सहयोगी पनि होईन। आफुलाई नफाप्ने दिन तारेख वा आफ्नो उमेरको कुनै समय पर्‍यो भने आफुसंग सम्बन्धित उदासीन अङ्कले अप्रिय घटना घटाउँछन् भन्ने उदाहरण के लिन सकिन्छ भने आफ्नो मूल अङ्क ९ हुनाले र त्यसको उदासीन अङ्क ४ भएकोले अनि ४ नं. को मोटर साईकल सवार गर्दा प्रायः त्यै त्यै समयमा वर्ष पिच्छे दुई दुइ पटक श्री इन्दुकान्त शर्मा मोटरसाईकल दुर्घटनामा पर्नु भयो । यो त भयो अफाप अङ्कको उदाहरण । अब हेर्नौं फापिलो अङ्कको चमत्कार, शुभ मित्र अङ्कको संयोग परेको शुभ–घटनाको एउटा उदाहरण तल हेर्नौं—

श्री रविन्द्रनाथ शर्मा

जन्म— १०.५.१९३२=३०–३+०=३

मूल अङ्क	१	आत्मीय अङ्क	१.४
भाग्य अङ्क	३	मित्र अङ्क	२.७
संपूर्णाङ्क	३०	सहयोगी अङ्क	३.६
वर्ष अंक (१९३२)	५		

- जन्मः अगुवा अङ्क १० मे १+०= १
- बिबाहः मित्र अङ्कको तारीख ७ जुलाइ (१९५३)= ७
- प्रथम सन्तान प्राप्तीः मूल अङ्कको दिन – १४.४.१९५४=२८—२+८=१०—१+० =१
- जीवनको पहिलो बिदेश यात्राः मूल अङ्कको वर्ष १९६३=१९—१+९=१०—१+० =१
- पुबः माननीयः मित्र अङ्कको तारेख— १६ जुलाइ (१९७६)— १
- संचार मन्त्रीः मित्र अङ्क २.७ मा २ सितम्बर २—२.९.१९७६=३४–३+४= ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चायतका संरक्षक-संवर्द्धक

पञ्चायत माध्यम देश विकासशील
बनाउन कम्मर कस्ने

हाम्रा राजा

३२ सौं वर्षमा प्रवेश गरिबक्सेको
महान अवसरमा
सदा आरोग्य रहिबक्सन
हार्दिक शुभ कामना व्यक्त गर्दै

मौसूफ सरकारमा

रचनात्मक विकास गति भरिदै जाओस भनी
भक्तिपूर्वक अभिवादन चढाउँछौं

पञ्चायत विकास प्रशिक्षण केन्द्र परिवार

मुजेलिया, जनकपुरधाम

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
३२ सौं शुभ-जन्मोत्सवको महान गौरवमय तथा उल्लासमय उपलक्ष्यमा
मौसूफ सरकारको सुख, समृद्धि, चिरायु, सुस्वास्थ्य तथा सुयशको
अभिवृद्धिको साथै विकास गर्ने महान अभियान सफल हुँदै जाओस भन्ने

मङ्गल कामना भक्तिपूर्वक अर्पण गर्दछौं ।

नेशनल ट्रेडिङ्ग लिमिटेड परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जहाँ बाटो छ, विजुली छ वा विकास गर्ने अरू कुनै साधन छन्
तिनको बढी भन्दा बढी प्रयोग गर्नमा हामीले विशेष
ध्यान दिनु पर्छ भन्ने हाम्रो धारणा छ।"

—श्री ५ वीरेन्द्र

नेपाल र नेपालीलाई विकासको पथमा अग्रसर गराई आत्म निर्भर
बनाउन दृढ प्रतिज्ञ राष्ट्रनायक श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेवको यस महान् वाणीलाई
हृदयङ्गम गर्दै

नेपाल विद्युत् करपोरेशन

विकासमा आफ्नो योगदान पुऱ्याउन सतत प्रयत्नशील छ र समस्त देशवासीहरूको
भविष्य सदैव उज्ज्वल रहोस् भन्ने मङ्गल कामना गर्दछ।

कृषि विकास बैंकले आफ्ना १३९ कार्यालयहरू मार्फत देहायका कृषि
कार्यक्रमका लागि सजिलैसंग ऋण तथा पूंजी उपलब्ध गराउँदछ।

१) खाद्यान्न तथा नगदेवाली उत्पादन
२) कृषि यान्त्रीकरण तथा सिंचाइ
३) कृषि व्यवसाय
४) कृषि उपज वेच बिखन तथा गोदाम निर्माण
५) कृषि जन्य उद्योग
६) चिया खेती
७) गोवर ग्यास प्लान्ट
८) पशु पंछी पालन
९) फलफूल खेती

साझा कार्यक्रम लागू भएका ३० जिल्लाहरूमा उपरोक्त कार्यका साथै बैंकिङ्ग कारोबार
सुविधा समेत यस बैंकले उपलब्ध गराएको छ। आफुलाई पाएक पर्ने कार्यालयबाट
ऋण तथा अन्य सुविधा लिनु होस्।

कृषि विकास बैंक

मुख्य कार्यालय– काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

 प्र. जि. प्र. को. का. २२/०२९

आफ्नो परिवारको रङ्गीन तस्वीर खिचाउन

र

हरेक प्रकारको रङ्गीन फिल्महरू धुलाउन

हामीलाई सम्झनुहोस्

कलरामा

COLORAMA

न्यूरोड, काठमाडौं, नेपाल फोन नं. १५६९०

— शुभ – समाचार —

तपाई आफ्नो जीवनपथको यात्रामा निक्कै उकालो--ओरालो हिडिसक्नु भएकोछ र अब केही कठिनाईमा पर्नुभएको छ भने अथवा तपाई भर्खर जीवनयात्रामा प्रवेश गर्दै हुनुहुन्छ र निश्चित गोरेटोका लागि केही अल्मलिदै हुनुहुन्छ भने—

हामी तपाईलाई सहयोग गर्छौं

कुन चाहीं काम गर्दा फाइदा होला, कसरी सुख-सुविधा बढ्न जाला नोकरी, व्यापार, उद्योग वा राजनीति केबाट फलिफाप रहला हामी तपाईको अध्ययन गर्छौं र उचित सल्लाह दिन्छौं।

ज्योतिष-दर्शन ६/१५५ मछिन्द्र बहाल, काठमाडौं

मुद्रक— संगम प्रेस, केलटोल, काठमाडौं, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ज्योतिष-दर्शन

[वर्ष ४] भदौ, असोज, कार्तिक २०३२ [अङ्क ११

दर्ता नं - ६१६ वा.वि. पुस्तकालय

अन्तर्राष्ट्रिय नारी वर्षको संदर्भमा प्रस्तुत

नारी-लक्षण-फल

देश-विदेशका ऐतिहासिक तथा वर्तमानका नारीहरुको ज्योतिषीय परिचयका साथै स्त्री सामुद्रिक आदि अनेक महिला उपयोगी व्यवहारिक सामग्री

ज्योतिषसंबन्धी नेपाली पत्रिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्राष्ट्रिय नारी वर्ष १९७५
एवं
श्री ५ बडा महारानी सरकारको शुभ जन्मोत्सवको
यस महत्वपूर्ण सुअवसरमा
मौसूफ सरकारको चिरायु चाहनुका साथै
देशका समस्त नारीहरूको उन्नतिको कामना गर्छौं

—रा० रा० क्याम्पस परिवार
जनकपुर धाम

नेपाली नारीको आशा केन्द्र

श्री ५ बडामहारानी सरकार
२७ सौं वर्षमा प्रवेश गरीबक्सेको पुनीत पर्वमा
मौसूफ सरकारको
सुख, सौभाग्य र दीर्घायुको मङ्गल कामना अर्पण गर्छौं

-जिल्ला कार्यालय
तथा समस्त शाखा कार्यालयहरु
पर्सा – वीरगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्ता नं - ६९१६

वा. वि. पुस्तकालय

समस्त नारीवर्गलाई जागृत र विकासशील बन्न सत्प्रेरणा प्रदान गर्ने

नारी उत्थानकी अग्रणी

श्री ५ बडा महारानी सरकारको

जीवनले

पत्रिका प्राप्तमिति:- २०३२।६।७।२१

झन झन रचनात्मक र शक्तिशाली पाइला चाल्दै जाओस्

मौसूफको २७ सौं वर्ष प्रवेशको सुअवसरमा

हार्दिक शुभ कामना व्यक्त गर्छौं

—ज्योतिष दर्शन परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष-दर्शनका स्थायी सदस्य महानुभाव

श्री दामोदर समशेर ज०ब०रा०
श्री रवि समशेर ज०ब०रा०
श्री गन्धर्व समशेर ज०ब०रा०
श्री सुशील समशेर ज०ब०रा०
श्री मधुकर समशेर ज०ब०रा०
डा० भेषबहादुर थापा
श्री राजा प्रकाश विक्रम शाह
श्री बालाराम घर्ती मगर
श्री कृष्ण चौधरी
श्री जोगमेहर श्रेष्ठ

श्रीमती माला लोहनी
श्री नारायण बहादुर श्रेष्ठ
श्री हरिप्रसाद गिरी
श्री मणिहर्ष ज्योति
श्री रामलाल गोल्छा
श्री बुद्धबहादुर श्रेष्ठ
श्री मोहनलाल अग्रवाल
श्री भद्रकाली प्रसाद ढकाल
श्री दिव्य समशेर थापा
श्री ध्यान बहादुर राई

श्री हिरेन्द्रराज सत्याल
श्री आङ्दण्डी लामा
श्री रणबहादुर शाह
श्री रामबहादुर सिंह
श्री गणेश बहादुर 'बल' लामा
श्री बनारसी महतो
श्री ललित कुमार बोस
श्रीमती उत्तरा पाण्डे
श्री अनन्तराम राठी

ज्योतिष-दर्शनका स्थायी सदस्य संस्थाहरू

काभ्रे जिल्ला पञ्चायत, धूलिखेल
पाठ्यक्रम विकास केन्द्र, हरिहरभवन
बिराटनगर जुटमिल, बिराटनगर
पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र नेपालगञ्ज
लोकसेवा आयोग, विशालनगर

यान्त्रिक शारिणीकरण, थापाथली
रा. रा. क्याम्पस, जनकपुर
जनकपुर धान चामल निर्यात कम्पनी
राष्ट्रिय संग्रहालय, छाउनी
हनुमान टाकीज, जनकपुर

ज्योतिष दर्शनको सदस्य शुल्क

वार्षिक १२ हुलाकद्वारा १५।-
आजीवन ३५०।-
यस अङ्कको ४ -

ज्योतिष-दर्शनको विज्ञापन नियम

	पूरा पेज	आधा पेज	चौथाई पेज
पहिला कभर	×	१०००।-	६००।-
चौथो कभर	१०००।-	५५०।-	३००।-
दोश्रो कभर	६५०।-	५००।-	२७५ -
तेश्रो कभर	ऐ	ऐ	ऐ
मुख पेज	१०००।-	५५०।-	३००।-
साधारण पेज	५५०।-	४५०।-	२५०।-

आगामी आकर्षण

हस्त रेखा

प्रयोग

पाठकहरूको माग अनुसार आगामी अङ्कमा अङ्क १० मा विज्ञापित सबै सामग्रीका साथै राजनैतिक, सामाजिक र व्यापारी हात प्रदर्शित गर्नेछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्ता नं - ६९१६

ज्योतिष-दर्शन

ज्योतिषसम्बन्धी नेपाली त्रैमासिक

★ सल्लाहकार मंडल ★

राजज्योतिषी—श्री महेश्वर शर्मा

श्री मङ्गलराज जोशी

श्री शशीकान्त शर्मा

डा० लक्ष्मी भट्ट

श्री भीष्मप्रसाद शर्मा

श्री आनन्दलाल प्रधान

★

सम्पादक तथा प्रकाशक

श्रीदेव सापकोटा

ठेगानाः—

ज्योतिष-दर्शन

६।१५५ मछिन्द्रवहाल, काठमाडौं ।

सम्पादकीय—

स्त्रीया चरित्रं पुरुषस्य भाग्यं दैव नजानाति कुतो मनुष्य !

नारीको महत्व सृष्टिमा महान छ। नारी विना मानव समाज नै चल्न सक्दैन । नारी एउटा जटिल जन्तु हो, त्यसकारण उनीहरूको चरित्र देवताले पनि जान्न सक्दैनन् भने मनुष्यको त कुरै के ? किनभने त्यही नारी कही अत्यन्त दयामयी छन्, कहीं दयाका पात्रा छन् । कहीं रणचण्डी भएर उत्रिएका छन् त कहीं मायाविनी बनेका हुन्छन् । कुनै नारी देश समाजका तमाम नारीहरूको उत्थानको बिड़ो लिएर वीरांगना झैं लड्दै छन् भने कुनै

ज्योतिष-दर्शनको उद्देश्य

१) ज्योतिषसम्बन्धी व्यावहारिक तथ्यको अन्वेषण गरेर प्रकाशमा ल्याउने ।

२) ज्योतिष शास्त्रको तत्वपूर्ण प्राचीन अंशको संरक्षण र सम्वर्द्धन गर्ने ।

३) ज्योतिष विज्ञानका आधुनिक मान्यताहरूको खोजवीन गरेर जनसमक्ष ल्याउने ।

४) ज्योतिषसम्बन्धी कुनै पनि अङ्गको अध्ययन गर्न रुचि लिनेहरूको सहयोगी बन्ने ।

५) ज्योतिषसम्बन्धी विषयलाई प्रयोगात्मक प्रणालीबाट सत्यासत्यको छानवीन गर्ने ।

नारी केवल समस्या खड़ा गरेर अल्झने र अल्झाउने गर्छन् ।

तर जुन जुन नारीहरू जागृत भएर प्रगतिपथमा लम्किदै छन् मैदानमा उत्रिएका छन् तिनीहरूलाई सबै पुरुषले भूमिका बनाई दिनु पर्छ टेवा दिनु पर्छ र सामुहिक सुधारको बाटोमा लगाई दिनु पर्छ ।

प्रकाशकीय—

अन्तर्राष्ट्रिय नारी बर्षको संदर्भमा ज्योतिष-दर्शनले पनि नारी अंक निकाल्ने भनेर घुमधामसंग आयोजना गरेको हो तर यो काम अत्यन्त जटिल भै दियो, थालेको आँटेको चतुर्थांश मात्र काम हुन सक्यो । बरू हामीलाई घरै बसी बसी विश्वका अरू नारीहरूका तथ्य प्राप्त हुन्छ तर हाम्रा राजधानीका महिलाबारे जान्न सकिएन, तथ्य प्राप्त भएन । कुनै नारीका ढोका कैयौं पटक धाउँदा पनि हात पर्ने शून्य । तर हाम्रो उद्देश्य त ज्योतिषीय दृष्टिबाट केवल प्रतिभाको परिचय दिने, कातसम्म रचनात्मक गुण छन् र कुन दिशा तर्फ वढी सक्रियता बढेर जान्छ तथा जैबिक शक्ति मानसिक र बौद्धिक शक्ति कुन अवस्थामा वढी क्रियाशील हुन्छन् आदि उपयोगी सकेत दिनु हो । तर यहां अर्कै अर्थ लगाइयो आक्षेप लाग्दो वा व्यक्तित्वमा धक्का लाग्ने त्यस्तो कुनै कुरा लेख्न हुन्न भन्ने हामीलाई पनि बोध छ । अस्तु, यस अंकमा हामीले जे संकलन गरेका छौं त्यस बाट पाठक वृन्दलाई केही सामग्री मिल्ने नै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फल सामयिकी

नेपालमा हुने संशोधन र परिवर्तन बारे ज्योतिष तर्क ★

हिजो आज राजधानीका बुद्धिजीवीहरुमा नयाँ परिवर्तन बारे व्यापक चर्चा छ । 'ज्योतिष दर्शन'ले पहिले देखि नै बराबर संकेत गरेको छ नेपालमा एउटा विशिष्ट संशोधन र व्यापक परिवर्तन हुनुछ । अंक ६ मा यसबारे महत्व पूर्ण घोषणा छ—'श्री ५ महाराजाधिराज सरकारको भाग्य अंक ५ द्वारा प्रदत्त परिवर्तन र स्थिति स्थापकत्व गुणद्वारा आजको यस परिवर्तन शील युगमा, आजको अत्यंत प्रगतिगामी प्रवृत्ति बढदै गएको यस जटिल समयमा देश तथा समाजलाई विकसित तुल्याउन कुन कस्तो प्रकारको परिवर्तन चाहिन्छ तथा कुन कस्तो परिवर्तनद्वारा देश समाज सम्रिन्छ भन्ने तथ्य श्री ५ महाराजाधिराज सरकार बुझि बक्सिन्छ ।' अनि अंक १० मा घोषित छ-कर्कटमा शनि जाँदैछ, यसले नेपालमा एउटा ठूलो परिवर्तन र संशोधन देखाएरै छोड्छ' आदि आदि ।

यस अंकमा उपरोक्त पारे केही थप संकेत खातिर वर्तमानका ग्रह राशी नक्षत्र केलाउने काम हुँदैछ ।

वर्तमान ग्रह राशी

राशी—२	शु—७	गु—बक्री २६ मं. स.
सू —८	श—४	मं—बक्री ७ मा. स.
मं —२	रा—७	श -बक्री वर्षैंभरि
बु —८	के—१	
गु —१२		

वर्तमान हाम्रो नेपालका लागि वृष राशी योग कारी छ । यसको कारण आगामी अंकहरुद्वारा पाठक समक्ष प्रस्तुत गरिनेछ । यहाँ उपरोक्त राशीको बलाबल, प्रभाव र आकर्षण बारे अनुशीलन गरिन्छ । वृष राशीको अधिपति ग्रह शुक्र हो । मंसीर १४ गते देखि शुक्र स्वगृही आफ्नै राशी तुलामा हुदैछ । र ३ गते पुसमा आफ्नै नक्षत्र विशाखामा आउँछ । राहु पनि तुलो राशीमा छ र २७मंसीर देखि ठीक विशाखा नक्षत्रमा आउँछ । शुक्र र राहुको यो युति अत्यन्त महत्व पूर्ण एक प्रकारको अनौठो सिद्ध हुन्छ, किनभने शुक्र राहु मित्रवत् हुन र दुवै उच्च राजनैतिक प्रवृत्तिका

★यो लेख तयार पार्दा नेपालका विशिष्ट ज्योतिषी र सल्लाहकार विद्वानहरुको संयुक्तराय समावेश छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रह हुन्। फेरि उल्लेखनीय कुरा त राहु र शुक्र दुवै गुरुको नक्षत्रमा परे। गुरू उच्च प्रसाशकीय ग्रह हो। गुरु रेवती बुधको नक्षत्रमा छ। अतः राहु, शुक्र, गुरु बुध यी चार ग्रह नै वर्तमानमा विशेष सक्रिय छन् प्रभावपूर्ण छन् र यिनै ग्रहहरूको प्रभावमा नेपालमा उच्च प्रसाशकीय क्षेत्रमा व्यापक संशोधन र राजनैतिक क्षेत्रमा समेत विशिष्ट परिवर्तन हुनु देखा पर्छ।

कुण्डलीको गोचर फल

१) मंगल दक्षिण दिशाको ग्रह हो. परराष्ट्र स्थानको अधिपति बनेर केन्द्रमा छ र परराष्ट्र स्थानमा शनिको दृष्टि छ। अत कुनै कूटनैतिक दबाव उक्त दिशाबाट पर्ने अनि परराष्ट्र नीतिमा नयाँ संधी सम्झौता हुने योग छ।

२) अर्थपति बुध उपर व्ययपति मंगलको दृष्टिका साथै गुरुको पनि दृष्टि छ। एकातिरबाट अर्थागम अर्कोतिर भ्रष्ट कार्यमा व्यय तथापि बुध गुरूका प्रभाववश कुनै ठूलै चुहाबट वा भ्राष्टाचारी काम पत्तो लागेर निमूर्ल हुनेछ। अन्ततः अर्थ तंत्र सप्रेर जानेछ।

३) उद्योग स्थलमा शनि छ र त्यस उपर गुरूको दृष्टिछ' अनि यी दुवै ग्रह बक्री छन्। अतः उद्योग मन्त्रालयमा उल्लेखनीय सुधार हुन्छ।

४. शिक्षाधीश केन्द्र गत शुभ दृष्ट छ साथै व्ययपतिद्वारा पनि संबन्ध छ। अतः शिक्षा क्षेत्रमा मन्थन हुन्छ।

५) तृतीय स्थल छिमेकी स्थान हो। त्यहाँ बक्री ग्रहको निकै प्रभाव छ। तसथ छिमेकी मुलुकबाट सतर्क रहनु पर्छ।

६) बिधायिका ग्रह शनि बक्री हुनु र बक्री (उल्टो हिडने) ग्रहको दृष्टि पर्नु देशको विधि विधानका विद्यमान प्रणालीमा ठूलै परिवर्तन ल्याउने योग हो साथै प्रशासनिक तन्त्रमा रहेका खास खास कर्मचारीहरूको व्यय हुने योग हो।

७) नीतिपति गुरुको दृष्टि पंचममा छ। अतः राष्ट्रिय नैतिक उत्थानका लागि राम्रा योजना बन्ने छन। विधि विधान सन्तोषजनक भएर जाने छ।

विशेष

'ज्योतिषको दृष्टिमा नेपालको प्रधान मन्त्री अब को हुन्छ ?' यस्ता प्रश्न कति पत्रकार बन्धुद्वारा कति राजनीतिज्ञद्वारा हामीलाई प्राप्त हुन्छ, तदर्थ यसब रे केही संकेत दिने उद्देश्यमा ग्रहहरूको छनोट गरिदैछ।

माथि राहु, शुक्र, गुरू बुध यी चार ग्रहको प्रमुखता रहेको उल्लेख छ। यी चार ग्रह मध्ये राहु केवल छाया ग्रह सहयोगी ग्रह हो तथा गुरु बलियो भै कन पनि बक्री छ र अरू कुनै ग्रहको सहयोग छैन। अब रह्यो शुक्र र बुध। बुध र शुक्रको नेतृत्वमा मन्त्री मण्डलको गठन हुने धेरै नै सम्भवमा देखिन्छ। शुक्रका दुइ राशी छन र बुधका पनि दुई राशी छन् वृष र तुला मिथुन र कन्या। वृष राशीमा बक्री मंगल बसेको छ र तुला राशीमा राशिपति शुक्र बसेको छ। अतः वृष भन्दा तुला राशी बलियो छ अनि मिथुन र कन्या मध्ये मिथुन राशी बलियो छ किनभने कन्या राशी शनिको प्रभावमा परेको छ र मिथुन राशी उपर कुनै दुष्ट ग्रहको प्रभाव छैन साथै मिथुन राशी उपर बुधको दृष्टि पर्न जादैछ निकट भविष्यमा तुला-मिथुन यी राशीका अक्षर, त, र, क, छ अतः भविष्यमा गठित हुने मन्त्रीमण्डलमा शक्तिशाली रहने व्यक्तिको नामको पहिलो अक्षर उपरोक्त हुने धेरै सम्भावना छ। प्र.तुलाराशी र मिथुन राशीका व्यक्ति मन्त्री मण्डलमा शीर्षस्थ रहन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा कम्प्युटरको भविष्यमा

ज्योतिषीय दृष्टि

प्रश्नः—हाम्रो केन्द्रको गतिविधी वा अवस्था कस्तो भएर जानेछ ?

प्रश्नकर्ता:—केन्द्रका विशेष व्यक्ति

प्रश्न समय:-११ गते कार्तिक २०३२ सायम ४.४५ बजे

स्थापित:-२०२८ साल (राष्ट्रिय जनगणना)

नयाँ नामाकरणः २०३१ पौष १५ गते सोमबार

कम्प्युटरको ग्रह { शनि—मूल ग्रह; मंगल, बुध { सहायक ग्रह



आशा र विश्वास

विज्ञानको युगमा नेपाल पनि अलि अलि बामे सर्दै छ । मानवीय सुख सुविधाका अत्याधुनिक वस्तुहरू बिस्तार बिस्तार उपलब्ध गर्दैछ। अनेक क्षेत्रमा वैज्ञानिक यन्त्रहरू जडित भैरहेका छन । नेपाल जेट युगमा प्रवेश गर्‍यो, कम्प्युटर युगमा प्रवेश गर्‍यो अब बाँकी छ टेलिभिजनको, हामी आशा मात्रै होइन, विश्वास समेत लिएका छौं-निकट भविष्यमा नेपालमा टेलिभिजन स्थापित हुनेछ नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यांत्रिक शारिणीकरण केन्द्रको नयां नामाकरण भएको दिनको उदय लग्न

११ वृ	१० शु बु	९ सू.	८ रा. मं	७
१२				६
१	२ के	श ३	चं. ४	५

यान्त्रिक ग्रह शनि हो गणक ग्रह हो हुने। यी दुवै ग्रहलाई टेवा दिने विद्युतीय ग्रह मंगल हो प्रश्न कालमा यी तीनै ग्रह केन्द्रमा छन्। केन्द्रका ग्रह सर्वाधिक फलदायी हुन्छन्। कुनै पनि वस्तुको स्थिरत्व, शुभत्व हुनु छ भने त्यसको विधि विधानमा नियमहरू काकतालिवश [illegible]लेका हुन्छन् अर्थात् त्यसको पूर्व रूपनै राम्रो हुन्छ। [illegible]को तत्पर्य के भने यांत्रिक शारिणीकरणको स्थापना भएको दिनमा र प्रश्नको दिनमा (१) चन्द्रमा आफ्नै राशी कर्कटमा छ, (२) शनि केन्द्रमा छ र (३ बुध उच्चको र मित्रराशीको छ अनि (४) मंगल आफ्नै राशीको छ। यसरी कारक ग्रहका दुवै दृष्टिबाट चार शुभ योग [illegible] देखिए। साथै भविष्य बोधक गुरू ग्रह उदय लग्नमा पुरुषार्थमा बसी भाग्य र लाभमा हेर्छ र प्रश्न लग्नवा स्वगृही लग्नमा बसी प्रबन्ध स्थान र भाग्यमा हेर्छ। तसर्थ केन्द्रको भविष्य ह्रासगत छैन विकासगत छ। अतः यांत्रिक शारिणीकरणको दिन प्रति दिन उपयोग बढ्दै जाने छ र लाभदायी रहने छ। अरू अर्को महत्वपूर्ण संयोग त के परेको छ भने स्थापना भएको दिनमा वृहस्पतिको दशा छ र वृहस्पति आफ्नै घरमा लग्नमा बसेर आफ्नै घरमा पंचममा बसेको शुभ चन्द्रमालाई पूर्ण दृष्टिले हेरेको छ। यो "प्रसव योग" पर्‍यो। प्रसव माने पैदा हुने हो। मान्छेका लागि बच्चा पैदा हुन्छ भने कम्प्युटरका लागि कम्प्युटर नै पैदा हुन्छ अर्थात् नेपालमा चिट्टै अर्को कम्प्युटर आउँछ। यो अर्को कम्प्युटरको वृहस्पति दशामा चन्द्रमाको अन्तर्दशा हुँदा वृद्धि र विस्तार शुभ योग आउछ। वृहस्पतिको दशामा केतुको अन्तर्दशा हुँदा यांत्रिक शारिणीकरण केन्द्रको स्थापना भएको हो र यस्तै ३ वर्षमा चन्द्रमाको अन्तर्दशा यसै [illegible]वधि भित्र आउँछ उद्घाटन भएको सही समय थाहा नहुनाले उक्त [illegible] [illegible] आठदश महिना या वर्ष दिन पनि यता उता हुन सक्छ तर त्यो भन्दा बढी घटबढ हुन्न। अतः एत्र ग्रहहरूको सुयोग परेकाले यो निश्चित रूपमा भन्न सकिन्छ यांत्रिक शारिणीकरणको भविष्य राम्रो छ र विकासशील छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहण फल

ले. श्री आचार्य भास्करानन्द लोहनी
निर्देशक
अखिल भारतीय ज्योतिर्विज्ञान तथा साँस्कृतिक शोध परिषद्

प्राचीन आचार्यहरूले आफ्नो अनुभव एवं परीक्षणद्वारा संसार भर पर्ने ग्रहणको प्रभावबारे सिद्धान्त स्थिर गरेका छन् । त्यस अनुसार कार्तिक शुक्ल पूर्णिमाको दिन लागेको ग्रहण फल निम्न छः—

(ग्रहण फल ६ महिनासम्म रहन्छ)

१) यस ग्रहणको सबै भन्दा बढी कुप्रभाव अफ्रीका अरब र पूर्वी योरोपमा पर्छ । रोग भय युद्धको तानातान दैवी दुर्घटना आदिबाट जनधनको क्षति रहन्छ ।

२) नेपाल, भारत, चीन, लंका, बंगलादेश, दक्षिण अमेरिका यी देशका लागि भौतिक प्रगति विकास, जीवन स्तरमा सुधार सुख, शान्ति आदि शुभ सूचक छ ।

शेष राष्ट्रका लागि ग्रहण फल प्रतिकूल छ ।

३) सामान्य फल यो छ कि बुद्धिजीवी सैनिक सत्ता भएका देश महत्वपूर्ण व्यक्ति पशु तथा पशुपालक कुप्रभावित रहन्छ र साथै अग्नि कार्यबाट जीविका चलाउने जस्तै लुहाभट्टे सुनचादी कमाउने दुष्प्रभावमा पर्छन् ।

४. भारतीय भू भागमा विहार पूर्वी उत्तर प्रदेश उडिसा आदि प्रदेशमा प्रशासकीय सुधार एवं केही पदमा महत्वपूर्ण परिवर्तन हुन सक्छ ।

५) वस्त्र अन्न फल कन्दमूल पशु आदि तेज हुन्छन् ।

ग्रहण राशी फल

मेष - व्यय हानी आर्थिक समस्या कलह
वृष — चोट आदि भय स्वास्थ्य मध्यम विवाद
मिथुन — स्वस्थ्यमध्यम धनव्यय हानीको भय
कर्क - सुख लाभ अकस्मात लाभ
सिंह - सुख लाभ कलह शत्रुवृद्धि तर सफलता
कन्या — मनमा कुविचार अशान्ति मानहानीको डर
तुला — धन हानी मनमा भय चिन्ता रोग भय
वृश्चिक — राजभय व्यय दाम्पत्यमा कटुता
धन - सुख लाभ हर प्रकारको सुख
मकर — चिन्ता कुसमचार व्ययवृद्धि
कुंभ — मान प्रतिष्ठा हानी शत्रुवृद्धि कुसमचार मानसिक व्यथा
मीन — सुख लाभ धन प्राप्तिको सुअवसर

छोरो पाउने कि छोरी ?

(केवल महिलाका लागि)

२०३१ कार्तिक शुक्लपूर्णिमा देखि २०३२ बैशाख शुक्लपूर्णिमासम्म

मेष वृष मिथुन कन्या तुला वृश्चिक मकर कुंभ यति मध्ये तपाईको कुनै राशी पर्‍यो भने र उपरोक्त समयमा ६ महिना भित्र गर्भ धारण भयो भने तपाईले छोरी पाउनु हुने योग पर्छ अनि कर्कट सिंह धन मीन राशी तपाईको छ र छ ६ महिनाको समय भित्र गर्भ धारण गर्नु भयो भने छोरो पाउने संयोग छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष औ परिवार नियोजन

मन माफिक सन्तान जन्माउनुहोस्

—ले. राजज्योतिषी श्री महेश्वर शर्मा

सन्तान प्राप्त गर्नका लागि केही विशेष नियमहरू छन्। तपाई आफ्नो इच्छा अनुसार छोरो पाउने कि, छोरी पाउने कि, अथवा पाउदै नपाउने कि यो तपाई उपर निर्भर छ। आफूले चाहे अनुसार सन्तान उत्पन्न गर्न सक्नु हुन्छ। कुनै औषधि सेवन गरेर होइन ज्योतिषका नियम अनुसार हिड्नु भयो भने र बराबर प्रयोग गर्नु भयो भने निश्चयै मन मुताबिक सन्तान पाउन सक्नु हुने छ।

यो नियम खास गरेर नारीहरूद्वारा नै प्रयोग गर्न सकिन्छ। यसका लागि ज्योतिष जान्नु पर्छ नै भन्नु केही छैन। केवल तपाईले निश्चित गणना गर्नुपर्छ। तपाईले प्रयोग गर्न सक्ने सरल नियमहरू मात्र यहाँ दिइदैछ।

प्रत्येक नारीका लागि एउटा मासिक धर्म पुत्रका लागि र अर्को मासिक धर्म पुत्रीका लागि हुन्छ। सबै नारीमा यो क्रम आजीवन अटूट चलिरहेको हुन्छ।

कुन चाहि मासिक धर्म हो, पुत्रको वा पुत्रीको, यो जान्नु भयो भने तपाई पुत्र चाहेमा पुत्र र कन्या चाहेमा कन्या प्राप्त गर्न सक्नु हुने छ। प्रथम सन्तान भैसकेका नारीहरूका लागि यो नियम अथवा नियन्त्रण प्रक्रिया अझ सजिलो हुन्छ। यतिमात्र होइन, पुत्र प्राप्त गर्ने या पुत्री प्राप्त गर्ने प्रयोग गर्नुका साथै कहिले कतिखेर कुन दिन पाउने निश्चित दिन पनि तोक्न सक्नु हुने छ।

तपाईलाई वर्षमा कतिपटक मासिक धर्म हुन्छ यसको हिसाब राख्नोस अनि कति दिन पछि अर्को मासिक धर्म हुन्छ यसको पनि हिसाब राख्नोस। प्रायः २७½ दिनमा मासिक धर्म हुन्छ। चान्द्रमास अनुसार मासिक धर्म हुने गर्छ। चान्द्रमासमा २७½ दिन हुन्छन्। यसको सजिलोका लागि औंसी पूर्णिमाको हिसाब राखे हुन्छ। औंसी पछि शुक्लपक्ष र पूर्णिमापछि कृष्णपक्ष हुन्छ।

अब तपाई गर्भ धारण भएको दिन पत्तो लाउनोस्। गर्भ रहेको दिन थाहा भयो भने गर्भमा छोरो वा छोरी के छ र कहिले कुन दिन जन्मिन्छ भन्ने जान्नु हुने छ।

यदि तपाईलाई प्रथम सन्तान भैसकेको छ भने पुत्र जन्मेको मितिदेखि कति दिनपछि मासिक धर्म हुन्छ त्यो दिन नोट गर्नु होस्। अथवा यसरी जान्नोस्, यदि तपाईलाई २०३१ चैतमा पुत्र प्राप्ती भयो भने त्यो महीना पुत्रको महीना भै गयो। त्यसपछि वैशाख कन्याको महीना, जेठ पुत्रको महीना असार कन्याको, साउन पुत्रको भदौ कन्याको असोज पुत्रको, कार्तिक कन्याको, मंसिर पुत्रको, पुस कन्याको, माघ-फागुन पुत्रको महीना हुन्छ। माथि उल्लेखित, २०३१ चैत कन्याको महीना भए वैशाख पुत्र अनि जेठ कन्या क्रमशः सम्झिनोस्। अतः यस तथ्य बाट २०३१ चैत्र पुत्रको महीना भए २०३२ चैत कन्याको महीना हुने भयो।

फेरि के पनि नियम छ भने मासिक धर्म भएको चौथौ, छैठौं, आठौं, दशौं, बाह्रौं, चौधौं, सोह्रौं दिनमा गर्भ रहे पुत्र र शेष दिनमा गर्भ रहे पुत्रीको गर्भ रहन्छ अनि १६ दिनपछि गर्भ रहनु सम्भव छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि तपाई परिवार नियोजनको उपाय बराबर सेवन गर्दै आउनु भएको छ भने मासिक धर्म भएको १६ दिन पछि गर्भ नै नरहने यस सिद्धान्त अनुसार तपाईले उक्त दिन पछि परिवार नियोजनका साधन प्रयोग गर्नै पर्दैन। किनभने गर्भ स्वतः नियन्त्रित हुन्छ। १६ दिन पछि गर्भ नै रहन्न ।

योग्य सन्तान चाहनु हुन्छ भने मासिक धर्म भएको ५, ६, ८, ९, १०, १२, १४, १५ १६ दिनमा गर्भ धारण गर्नु पर्छ।

शुक्ल पक्षमा गर्भ रह्यो भने कृष्ण पक्षमा जन्म हुन्छ अनि कृष्ण पक्षमा गर्भ रहेको छ भने शुक्ल पक्षमा जन्म हुन्छ ।

बच्चा प्रायः ९ महीना ३ दिनदेखि ९ महीना १९ दिनसम्म गर्भमा रहन्छ।

मुख्य गर्भ धारण भएको मासिक धर्मको मिति नोट गर्नु होस्। फेरि प्रथम सन्तानोत्पत्ति पछि प्रथम रजोदर्शन भएको मितिमा गर्भ धारण पूर्वको मिति घटाइ दिनोस्! जति संख्या हुन्छ त्यसको दिन बनाउनोस्। जस्तै २०३१ ५-७ मा प्रथम सन्तान भयो अनि २०३१-६-१० मा रजोधर्म भयो भने घटाउदा १.३ एक मास तीन दिन भयो। अब जति दिनमा तपाईलाई मासिक धर्म हुन्छ ती दिनद्वारा माथिको संख्यालाई भाग दिनोस्। जति भागफल अउँछ त्यसबाट तपाई जान्न सक्नु हुन्छ बीचमा कति दिन मासिक धर्मको दिन बिते। पुत्र या पुत्रीको गर्भ ज्ञात भैसकेपछि उक्त भाग फलको दिनमा जन्म हुन्छ।

★

रत्न धारण

(केवल नारीहरूका लागि)

१) यदि तपाईको स्वस्थ्य बराबर खराब भैरहन्छ साथै चित्त पनि अप्रसन्न रहने गर्छ वा उद्विग्न र दुखी हुन्छ भने तपाई "मूँगा" धारण गर्नुहोस् ।

२) यदि तपाईलाई सन्तान कष्ट छ साथै ठाउँ सरिरहनु पर्छ भने तपाई हीरा" या "नीलम" लगाउनु होस्।

३) यदि तपाई आफ्ना कटुक्तिहरूको दमन गर्न चाहनु हुन्छ वा बोलि-बचन सुधार्नु हुन्छ र मधुरवाणी रसीलो बचन बनाउन चाहनु हुन्छ साथै स्मरण शक्ति बढाउन चाहनु हुन्छ भने "पन्ना" लगाउनोस् ।

४) यदि तपाई अति शीघ्रवादी हुनुहुन्छ, आफूलाई धीर गम्भीर तुल्याउन सक्नु भएको छैन र दिमागमा बडी हड्बड् बडी गर्मी रहन्छ भने "मोती" र "मूँगा" धारण गर्नु होस् ।

५) यदि तपाई रजोधर्मबाट पीडित हुनुहुन्छ वा मासिक बिग्रने गर्छ भने 'मूँगा' लगाउनुस्।

६) यदि तपाईको दाम्पत्य जीवनमा सदा विवाद भैरहन्छ भने त्यो साम्य पार्न 'पुष्पराज' लाउनोस्।

७) यदि तपाई विरोधीद्वारा सदा त्रस्त रहनु हुन्छ भने त्राण पाउन 'नीलम' लाउनु होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भमा पुत्र छ कि पुत्री

(ज्योतिष जान्नेहरुका लागि)

प्रश्न कुण्डलीद्वारा पुत्र या पुत्री ज्ञान

(१) लग्नेश, पंचमेश पुरुष राशीमा भए पुत्र र स्त्री राशीमा भए पुत्री।

(२) लग्नेशयुरुष ग्रह भै पुरुष राशीमा बसेर पुत्र स्थानलाई हेरे पुत्र।

(३) उच्चको चन्द्रमा पूर्णवली भएर पुरुष ग्रहले दृष्ट भै पंचममा बसे पुत्र।

(४) पुत्र स्थानया राहु मंगलद्वारा दृष्ट भए पुत्र।

(५) सतान स्थानमा स्त्री राशी भै स्त्री ग्रह बसे या स्त्री ग्रहद्वारा दृष्ट भए गर्भमा कन्या अनि पुरुष राशी भै पुरुष ग्रहद्वारा दृष्ट भए गर्भमा पुत्र हुन्छ।

(६) १, ३, ७, ९, ५, यी स्थानमा वली पुरुष ग्रह बसे गर्भमा पुत्र अनि स्त्री ग्रह वली भएर बसे पुत्री गर्भमा हुन्छ। सम स्थानमा शनि बसे कन्या र विषम स्थानमा बसे पुत्र हुन्छ।

(७) लग्न, नवांश, शनि यी तिनै स्त्री राशीमा भए गर्भमा पुत्री तथा उक्त तिनै पुरुष राशीमा भए पुत्र जन्म हुन्छ।

(८) संतानपति, लग्नपति उच्चमा भै परस्पर देखे गर्भमा पुत्र हुन्छ।

(९) संतान स्थानको नवांशपति पूर्णवली भएर पुरुष राशीमा केन्द्रगत भै पुरुष ग्रहद्वारा हेरेको भए गर्भमा पुत्र तथा स्त्री राशीद्वारा कन्या उत्पन्न हुन्छ।

निस्फल योग वा गर्भपात

(१) प्रश्न लग्नमा कुंभको शुक्र, सिंहको बुध लग्नस्थ भए प्रसव हुन्न।

(२) लग्नेश, पंचमेश परस्पर दृष्ट छैनन् र पञ्चम स्थानमा पनि हेर्दैनन् भने तथा दुवै पापक्रान्त छन् भने सन्तान हुन्न।

(३) सूर्य, शुक्र आठौं भै २, ४, १२ स्थानमा पाप ग्रह भए सन्तान सुख वाधक हुन्छ।

(४) लग्नेश केन्द्रमा बक्री छ, इत्थशाल योग भए गर्भपातको शङ्का रहन्छ।

(५) ११, ५ मा सौम्य ग्रहवली भैकन बक्री भए वा पाप ग्रहसंग बसेको चन्द्रमासंग इत्थशाल भए गर्भ रहनु सम्भव छैन।

(६) क्रूर ग्रह इत्थशाल युक्त चन्द्रमा चर राशीको लग्नमा भए गर्भ स्थिर रहन गाहारो पर्छ।

(७) सूर्य बाहेक षष्ठेश पञ्चमेश लग्नमा छ, या बुध-गुरु उदयी शुक्रसंग लग्न वा दशम भए स्त्री प्रसूता हुन्छे अन्यथा पाप क्रान्त भए प्रसूता हुन्न।

(८) सन्तानपति दुर्बल भै सातौंमा छ पाप ग्रह बीच युक्त-दृष्ट भए सन्तान बाधक।

सन्तान जन्मिने समय

(१) प्रश्न लग्नदेखि शुक्र जति भावमा छ उति महीना गर्भ विते।

(२) शुक्र नवम भावदेखि अगाडि जहाँ छ त्यहाँसम्म सन्तान स्थानबाट गनेर गर्भका व्यतीत मास जान्नु।

(३) प्रश्न लग्नका जति भोग्य नवांश हुन्छन् उति नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महीनामा बालख जन्मिन्छ अनि नवांशका त्रिशांशद्वारा दिनको अनुमान लाउनु। वा व्यतीत नवांशबाट गर्भको व्यतीत मास र बाँकी नवांशबाट जन्मिने बाँकी मास तथा कला विकलाबाट दिन-घडी-पल जान्नु।

(४) लग्नको नवांश द्रेष्काणका दिन बाल जन्म दिन जान्नु।

(५) लग्नमा दिवावली राशी भए दिनमा, रात्रीवली राशी भए रात्रीमा र उभयवली राशी भए सँध्या या प्रात समय जन्म हुन्छ।

(६) प्रश्न कालमा जुन राशीमा चन्द्रमा छ त्यसबाट पाँचौं राशीमा जन्म हुन्छ।

(७) चन्द्रमाको नवांश राशीदेखि सातौं या प्रश्न लग्नको नवांशेषमा चन्द्रमा आउँदा जन्म हुन्छ।

प्रेम विवाह

ज्योतिषशास्त्र बन्धनहरूलाई मान्यता दिदैन। यसको मूल कारण हो प्रत्येक व्यक्तिको जीवन ग्रहहरूको मूलभूत सिद्धान्तमा निर्भर छ। तदर्थ युवक-युवतीको प्रेम विवाहको सम्भावनामा ज्योतिषमा निश्चित सूत्र छन्।

जन्म कुण्डलीको पञ्चम भावद्वारा नियति प्रारब्ध स्वाभाविक प्रेम, प्रजनन-शक्ति तथा वंशानुक्रमको विवेचना हुन्छ। सप्तम भावबाट संगी-संगीनीको स्थिति तथा स्वभावको निरूपण हुन्छ। प्रेम विवाहको लागि निम्न भावका अधिपतिको सम्बन्ध हुनु अनिवार्य छ:—

(१) पञ्चमेश + सप्तमेश

(२) सप्तमेश + नवमेश

(३) नवमेश + पञ्चमेश

(४) पञ्चमेश र सप्तमेशको युति वा स्थान परिवर्तन योग।

(५) शुक्र-मङ्गलको दृष्टि सम्बन्ध भए।

(६) पाँचौं शुक्र सप्तमेशसंग सम्बन्ध गरे।

मुख्यत: उपरोक्त ग्रहको सम्बन्ध पाँचौं या सातौंमा हुनुपर्छ। अनि मात्र सुखदायी प्रेम विवाह हुन्छ। प्रथम, दशम, एकादशभावमा सम्बन्ध भएमा प्रेमी-प्रेमिका साथ रहेर अत्यन्त अनुरक्त भएर पनि पति-पत्नी बन्न सक्तैनन्। उपरोक्त सम्बन्ध छैठौं, आठौं, बाह्रौं स्थानमा भयो भने प्रेमी-प्रेमिकामा नैराश्यता, विफलता ल्याउँछ।

पारपाचुके (तलाक)

सूर्य, शनि, राहु पृथकतावादी ग्रह हुन्। सप्तम भाव र सप्तमको ग्रहका साथै सप्तमको कारक (नारीका लागि गुरु कारक र पुरुषका लागि शुक्र कारक) उपर उपरोक्त पृथकतावादी ग्रहको प्रभाव पर्‍यो भने दाम्पत्य जीवन सुमधुर हुँदैन - छुट्टिनुपर्छ। उपरोक्त तीन विच्छेदी ग्रहका साथै मङ्गल पनि त्यसै कोटीमा पर्छ। सूर्यमा बढी गर्मी, मङ्गलमा संघर्षशीलता, शनिमा एकाङ्कीपन स्वभाव-वश दाम्पत्य सुखमा विच्छेदन गराउने यिनै ग्रह हुन्। यी ग्रहले सप्तमेश, सप्तम स्थान र सप्तमको कारक ग्रहसंग सम्बन्ध राखे भने पति-पत्नीमा विच्छेद गराउँछन्।

अन्य योग:— (नारी कुण्डलीमा)—

(१) "सूर्येऽस्ते पतिनात्यक्ता" सप्तम सूर्य भए परित्यक्ताको सम्भावना।

(२) सप्तम चन्द्र मङ्गलद्वारा दृष्ट भए विच्छेदको सम्भावना।

(३) कन्या र मिथुन लग्न छ र गुरु पीडित छ भने दाम्पत्यजीवन वैमनस्यपूर्ण— विरोधपूर्ण।

(४) सातौंमा राहु र सप्तमेश राहु-केतुसंग इत्थशाल योग भए परित्यक्ता योग पर्छ।

(५) सप्तम स्थानमा बुध र शनि बसेका छन् भने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू कुनै सम्बन्ध छैन भने उसको पनि पुंसत्व-हीन हुन्छ।

वैधव्य योग

(१) द्वितीय वा सप्तम स्थानमा पाप ग्रह भए।

(२) सातौं मङ्गल शुभ दृष्ट नभै पाप पीडित भए।

(३) सप्तमेश अष्टम अशुभ युत-दृष्ट भए।

(४) राहु-चन्द्र अष्टममा पाप दृष्ट र सप्तमेश क्रूर युत भए।

(५) सप्तमेश शुभ युत दृष्टहीन भै दुई पाप ग्रह बीच भए।

(६) लग्नेश र अष्टमेश द्वादशमा युति र आठौंमा पाप दृष्ट भए।

(७) सातौं राहु र लग्नमा मङ्गल शुभ दृष्टिहीन भए।

श्री ५ बडामहारानी सरकारको
२७ सौं
शुभ जन्मोत्सवको उपलक्षमा
मौसूफ सरकारको
दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै
विशाल बजार कम्पनी लि.
परिवार, काठमाडौं

श्री ५ बडामहारानी सरकारको
२७ सौं शुभ जन्मोत्सवको
शुभ-अवसरमा
दीर्घायुको कामना गर्दै
मौसूफमा
भक्तिपूर्वक अभिवादन टक्र्याउँदछौं
विराटनगर जुट मिल्स लि. परिवार
विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी ज्योतिषी

—ले० श्री शशीकान्त शर्मा

नारीहरू कुनै क्षेत्रमा पनि पछि परेका छैनन् : शासन चलाउनमा, हुकुमत गर्नमा, हिमाल चढ्नमा, जहाज चलाउनमा, ज्ञान विज्ञानको कुनै पनि क्षेत्रमा नारी पछि परेका छैनन् । नारीलाई अवसर दिनु पर्छ; अद्भूत काम गरेर देखाउँछन् । इतिहासमा हामी अनेक वीरांगनाहरूको शौर्य गाथा पाउँछौं, अद्भूत चमत्कारित कार्य गरेको पाउँछौं । वर्तमानमा पनि नारीहरू पुरुष सरह मैदानमा निस्केका छन् आजका नारीहरू जागृत भएर हरेक क्षेत्रमा सक्रिय भएका छन् । पुरुषद्वारा गरिने प्रत्येक कार्यमा नारीहरू हात हाल्दैछन् ।

ज्योतिषको क्षेत्रमा पनि नारीहरूले दखल दिएका छन् । भारतमा थुप्रै नारी ज्योतिषी छन् जो यस क्षेत्रमा प्रख्यात भएर निस्केका छन् । जयपुरबाट निस्कने प्रसिद्ध मासिक ज्योतिष पत्रिका "ज्योतिष-मार्तण्ड" की संपादिका महिला छिन्, जसले राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति पाएकी छिन् । धर्मयुगको ज्योतिष स्तंभ संचालन गर्ने महिला छन् । अमेरिका, बेलायत आदि देशमा त महिला ज्योतिषी हरूको जमातै छ । नेपालमा पनि कतै कतै नारी ज्योतिषी पाइएको छ । हाल चितवनमा एक महिला ज्योतिषी छिन् रे उनको घरमा बिहान देखि बेलुकीसम्म हेराउनेहरूको घुइचो रहन्छ रे । पश्चिमा देशमा निम्न चार महिला ज्योतिषी भविष्यवाणी गरेर प्रख्यात भएका छन्:—

(१) श्रीमती डिक्सन

(२) श्रीमती आयरीन ह्यूजेज

(३) श्रीमती आल्वा डी

(४) श्रमती जेन सेंवेज

१. श्रीमती डिक्सन

यिनी अचूक भविष्य वक्ता थिइन् । यिनले १९४४ ई. मा अमेरिकाका तात्कालिक राष्ट्रपति फ्रैंकलिन रूजबेल्टको मृत्युको अग्रिम घोषणा गरिन् जो सत्य निस्कियो ।

"म एक साधारण गृहिणी हुँ, रियल-एस्टेटको धंधा चलाउन आफ्ना पतिलाई मदद गर्छु । तपाइंका सामु आउने कारण थियो ··· ··· ··· ।" बोल्दा बोल्दै डिक्सन अडिइन् । फ्रैंकलिन रूजबेल्टले भने "भन्नोस्, भन्नोस्, जे भन्नुछ निसंकोच भन्नुहोस् । के तपाईंले मेरोबारेमा पनि कुनै भविष्यवाणी गर्न चाहनुहुन्छ ?"

"ज्यू तर मलाई दुःख छ, त्यो प्रीतिकर छैन ?"

"शायद त्यो मेरो अन्तसंग सम्बन्धित छ ।" भन्दै रूजवेल्ट मुस्कुराए अनि भने "यदि तपाईं मेरो संभावित मृत्युबारे भन्न सक्नु हुन्छ भने म आफ्नो शेष कार्य तबसम्म पूरा गर्ने कोशिश गर्नेछु ।"

अनि डिक्सनले बडो दुःख मान्दै भनिन् । राष्ट्रपतिसंग शेष कार्य पूरा गर्ने अधिक समय छैन । आउने वर्षको मध्य-सम्म जीवन छ ।

यस्तै केही पत्रकारहरूको आग्रहवश श्रीमती डिक्सनले चर्चिलको भविष्यवाणी गरिन्— "युद्धपछि उनी प्रधान मन्त्री रहन्नन् ।" उनले के पनि भनेकी थिइन् भने एक पटक उनी प्रधान मन्त्री च्युत भएर पुन: अर्को पटक प्रधान मन्त्री बन्ने योग छ । हुन पनि त्यस्तै भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूसका बारेमा उनको भविष्यवाणी अचूक छ।

स्टालिनको मृत्युपछि रूसको प्रधान मन्त्री मालेन्कोव भएपछि एकजना भू. पू. राजदूत डेविसले टेलिभिजनद्वारा डिक्सनसंग सोधे कि मालेन्कोव कवसम्म रूसका प्रधान मन्त्री रहन्छन ? श्रीमती डिक्सनले उत्तर दिइन् — "दुइ वर्षभन्दा पनि कम ।"

डेविसले तिनको खिल्ली उडाउँदै भने, 'तपाईंको कुरा कसैले पत्याउँदैनन् । रूसमा यति चाँडो प्रधान मन्त्री फेरिन्नन् ।"

"तपाईंलाई रूसको राजनीति थाहा छ, मलाई मेरो भविष्यवाणी थाहा छ," डिक्सनले गर्जेर भनिन्, "म जे देख्छु त्यही भन्छु । अब आउने प्रधान मन्त्री कुनै मोटो व्यक्ति होला, सेनाधिकारी होला, त्यसको आँखाको रंग हरियो होला, कपाल घुंघरिएको होला, बाखाको जस्तै चुच्चे दाह्री होला ।"

"म वर्षौं देखि रूसमा बसदछु" डेविसले हाँसो उडाउँदै भने, "जुन उम्मेदवारहरूमा आगामी प्रधान मन्त्रीको चुनाउ हुनेछ तिनमा त्यस्तो कुनै व्यक्ति छैन जस्तो तपाईं ले वर्णन् गर्नुभयो ।"

"हुन सक्छ म गलतीमा छु तर जो देखें त्यो भनें अनि म के पनि देख्दैछु भने," डिक्सनले भनिन्, "अन्तरीक्षको होडमा रूस अमेरिकाभन्दा अगाडि हुनेछ ।"

डिक्सनको उक्त भविष्यवाणी सत्य साबित भयो। उनले रूसको भावी प्रधान मन्त्रीको जस्तो हुलिया भनिन् ठीक त्यस्तै अज्ञात रहेका व्यक्तिहरूका प्रधान मन्त्री बने — बुल्गानिन् । साथै ई १९५७ मा रूसले पहिले कृत्रिम उपग्रह छोड्यो ।

डाग हैमरशोल्डको मृत्यु १५ दिन पहिले डिक्सनले घोषणा गरिन् ।

ई. १९५६ मा पत्र प्रतिनिधिहरूले श्रीमती डिक्सनसंग सोधे, 'सन् १९६० को चुनाउमा अमेरिकी राष्ट्रपति को हुन्छ ?" उनले भनिन्, "नीलो आँखा भएको डेमोक्रेट उम्मेदवारको विजय हुन्छ । तर विजयी राष्ट्रपतिको हत्या हुन्छ ।"

ई. १९६० को अमेरिकी राष्ट्रपतिको चुनाउमा श्रीमती डिक्सनले भनिन्, "यद्यपि निक्सनलाई बढी मत प्राप्त हुन्छ तथापि विजय कैनेडीको हुन्छ ।"

मार्च १९६३ मा पत्रकारहरू बीच डिक्सनले भनिन्, "मलाइ ह्वाइट हाउसमाथि एउटा कालो बादल मडारिइरहेको प्रतीत हुन्छ । अतः ह्वाइट हाउसमा निवास गर्ने महत्वपूर्ण व्यक्तिको अन्त हुन्छ ।"

श्रीमती डिक्सनको भनाइ के थियो भने राष्ट्रपति कैनेडीको हत्या गर्ने व्यक्तिको आखिरी नाममा दुई शब्दांश हुनेछन्, र पाँच या ६ अक्षरको नामको दोस्रो अक्षर S हुनेछ र पहिलो अक्षर Q या O हुनेछ ।

श्री निक्सनको हत्यापछि वारेन जाँच रिपोट सुनेर डिक्सनले भनिन्, "यो रिपोट र यसको प्र. ए दुबै अधूरा छन् । यस हत्याकाण्डसंग सम्बन्धित सही तथ्य जनताको सामु कहिल्यै आउने छैन । यस कारणहरूलाइ लिएर अन्तर्राष्ट्रिय तनाउ बढ्छ ।

२ श्रीमती आयरीन ह्यूजेस

यी महिला पनि आफ्ना भविष्यवाणीद्वारा प्रख्यात छिन् । यी द्वारा घोषित भविष्यवाणीका केही टिपोट निम्न छन् —

१९५६ ई. मा उनले के भविष्यवाणी गरिन् भने मध्यपूर्वमा सन १९६७ को ग्रीष्म ऋतुमा इजराइल र अरब बीच युद्ध हुन्छ र यस युद्धमा इजराइलको विजय हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रपति केनेडीको हत्या हुने कुरा १९६१ मा भनेकी थिइन् र हत्या हुनु एक हप्ता पूर्व पनि उनले सिकागोमा घोषणा गरेकी थिइन्— "राष्ट्रपति केनेडी एक हप्तापछि रहने छैनन्।

राष्ट्रपति केनेडीका दुवै भाइ मारिन्छन् भन्ने कुरा पनि उनले अयोवाका गवर्नर हैराल्डलाई भनेकी थिइन्।

सन् १९६३ मा राष्ट्रपति केनेडीको हत्यापछि जैकी केनेडीले १९६८ मा आफ्नो पितातुल्य उमेरको व्यक्तिसंग विवाह गर्नें छिन् भन्ने घोषणा ३ वर्ष अगावै श्रीमती ह्यूजेजले गरेकी थिइन्।

सन् १९६७-१९६८ बीच शिकागोमा भयङ्कर तूफान आउनेछ बनेर श्रीमती प्रायगीनने हप्तौं पहिले घोषणा गरेकी थिइन्।

३ श्रीमती आल्वा डी

यिनको गणना विश्वका अग्रणी भविष्य वक्ताहरूमा आउँछ मान्छेको आकृति, हस्तलिपि या फोटो हेरेरै उनी त्यसको भविष्यवाणी गर्छिन्।

"कठैबरा यिनको आयु धेरै छैन" आल्वाले भनिन्, उनी अपना पतिसंग राष्ट्रपति केनेडीको शपथ ग्रहण हेर्दै थिइन्। यो अमङ्गलकारी भविष्य सुनेर अल्वाका पति स्तम्भ भए। अनि उनले यस भविष्यवाणीको रजिष्ट्रर गराएर सीलबन्द खाममा राखेर एक दैनिक पत्रका सम्पादकलाई दिए २२ नवम्बर १९६३ मा मात्र खोल्ने भनेर। उक्त दिन त्यो पत्र खोलेर हेर्दा केनेडीको हत्याको समय मिती ठीक सही निस्क्यो यो कुरा सर्च नामक पत्रिकामा प्रकाशित छन्।

"म के देख्छु ?" यस शीर्षकमा उनी पत्रमा स्थायी स्तंभ सञ्चालन गर्थिन्। अक्टुबर १९६४ मा लॉस एजिलसको वाट्स जिल्लामा श्वेत-अश्वेतको झगडाको उग्ररूप र हत्याकाण्डको आभास पहिले नै गरेकी थिइन्।

३ अगस्त १९६४ को दिन विश्वको एक महान् व्यक्तिको निधन हुन्छ भनेर उक्त शीर्षकमा छापिन्। फलस्वरूप त्यसै दिन चर्चिल गए।

श्रीमती अल्वा डीले अनेक प्लेन दुर्घटना, राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्कटको सूचना पहिल्यै नै दिन्थिन्। भविष्यका लागि उनको भनाइ छ— मानवताका लागि आगामी चालिस वर्ष सङ्कटपूर्ण छन्। त्यसपछि विश्वमा स्थायी शान्ति हुनेछ।

४. श्रीमती जेन सैवेज

अमेरिकाको फ्लोरिडावासी यी महिला पनि अद्भुत भविष्य वक्ता थिइन्। यिनले भारतीय विद्वान्बाट ज्योतिष सिकेकी हुन्। सन् १९१८ देखि यिनले भविष्यवाणी गर्न थालेकी हुन्। यिनले बाइबलको शैलीमा संक्षिप्त एवं स्पष्ट शब्दमा करीब २५ पेजमा आगामी सन् २०५० सम्मको भविष्यवाणी गरेकी छिन्। उनको भविष्यवाणीको केही सार निम्न छन्:—

१९१८ ई. मा उनले भनिन्— प्रथम विश्व युद्ध १५ नवम्बर पहिल्यै सकिन्छ। (सो ११ नवम्बरमा युद्ध विरामको हस्ताक्षर सन्धी भयो)।

मूलतः आष्ट्रिया बस्ने कुनै मानिस जर्मनबाट उठेर एउटा यस्तो सर्वनाशी युद्धमा प्रवेश गर्ने छ, जसले गर्दा जर्मनको नराम्रो हार हुनेछ। (सो, त्यो मानिस हिटलर थियो)।

उक्त सर्वनाशी महायुद्धपछि युद्धद्वारा नष्ट प्रायः भएका योरोपको नव निर्माणका लागि धन र शेष विश्वलाई खान दिने जिम्मेवारी अमेरिकाको हुनेछ। (यो पनि यथार्थ नै हो)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रिटेनको एउटा राजा एउटी बिदेशी महिलाको प्रेममा यस्तो डुब्नेछ यसले गर्दा राजगद्दी छोड्नु पर्छ। (राजा एडवर्ड अष्टम उपर यो घटना घट्यो)।

१९३९ मा उनले भविष्यवाणी गरिन्— दुई वर्षपछि जापानले अमेरिका उपर आक्रमण गर्नेछ। (७. दिसम्बर १९४१ ई. मा यस्तै भयो)।

आउने पचास वर्षका लागि उनले जुन भविष्यवाणी गरेकी छिन् जसमध्ये तीन उल्लेखनीय छन्:—

(१) सारा विश्व प्रभावित गर्ने एउटा महान् भुईंचालो आउनेछ, परिणाम स्वरूप जापान सागरको गर्भमा डुब्नेछ, पानामा नहर पानीमा विलीन हुनेछ, निकारागुआको निकट एउटा ठूलो नहर आफै निस्कनेछ।

(२) मानवले सागरको ज्वार भाटाबाट उत्पन्न शक्ति संग्रह गरेर उपयोग गर्न सक्नेछ।

(३) मध्यपूर्व रूस र अरब बीच लामो युद्ध चल्नेछ. जसमा रूसले हार्नु पर्नेछ।

जब रूसले चन्द्रमामा सर्व प्रथम आफू पुगेको घोषणा गरेको थियो तब श्रीमती सैवेजले भनिन्, 'रूसले यो भन्दा पहिले पनि चन्द्रमामा दुइ पटक आफ्ना अन्तरीक्ष यात्री पठाइ सकेको थियो, तर ती दुवै पृथ्वीमा फर्किनु पूर्व मरे।" उनले अर्को विचित्र कुरा के पनि भनिन् भने, "यूरी गागरीन असली अन्तरीक्ष यात्री होइन, असली अन्तरीक्ष यात्री धेरै नै असक्त भैसकेको थियो।"

मौसमविज्ञ स्त्री

अमेरिकाको वर्जेनियाकी 'ऐन कैली' नामक स्त्रीले प्याजद्वारा मौसमको सही सही ज्ञान प्राप्त गर्थिन्। ६ ओटा ठूलठूला प्याजलाई माझमा चिरेर वर्षको पहिलो दिन एउटा आल्मारीमा राख्थिन्। ती टुक्रामा नून छर्केर नयाँ वर्ष समाप्त भएपछि हेर्थिन्। ती बाह्र टुक्रा प्याजद्वारा आउने बाह्रै महीनाको भविष्यवाणी गर्थिन्। वरिपरिका किसानहरू उनको घरमा आइरहन्थे र सोध्थे— कहिले बादल लाग्छ, कहिले पानी पर्छ, कहिले धान काटे ठीक पर्छ तथा बिउ छर्दा के हुन्छ आदि आदि।

प्याजका टुक्रा हेरेर उनी भन्थिन्— अमुक दिन खूब पानी पर्छ, अमुक दिन पर्दैन। उनले भनेको कुरा कहिल्यै गलत भएन। एक पटक सरकारी मौसमी भविष्यवाणी गर्ने वैज्ञानिकहरूले घोषणा गरे कि आगामी दुइ महीनाको मौसमी वातावरण अपेक्षाकृत गर्म तथा आर्द्र रहन्छ। तर ऐन कैलीले भनिन्— आगामी दुइ महीना एकदमै सूखा र ठंडा रहनेछ। अन्तमा कैलीको भविष्यवाणी सत्य निस्कियो।

नौ वर्षकी केटीद्वारा अद्भूत भविष्यवाणी

एरिजोनामा एउटी नौ वर्षकी इसावेल सायरा नामक केटीमा भविष्यवाणी गर्ने अद्भूत क्षमता थियो। उनी आफ्नो जुत्ताको पन्जामा भविष्यका घटना देख्थिन्। घरमा कुनै पाहुना आउने, केही घरेलु घटना घट्ने पानी पर्ने, यात्रा जाने आदि भविष्यवाणी उनी गर्थिन्। एक दिन सायराले— आगाको ज्वाला. अर्को मान्छेले लखेटेको अनि झगड़ा परेको र लखेट्नेले गोली हानेर मारेको आफ्नो जुत्ताको पञ्जामा देखिन्।

अर्को दिन साँचै नै उक्त सबै घटना घट्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी अनुहारमा कोठी फल

तपाईंको अनुहारमा जहाँ कोठी छ, त्यसको साक्षी कोठी तपाईंको जीउमा पनि हुनुपर्छ। त्यो कोठीको मात्र फल यथार्थ मिल्छ जब त्यसको समर्थक कोठा जीउको निर्दिष्ट ठाउँमा हुन्छ। तपाईं मिलान गरेर हेर्नुहोस। आफ्नो अनुहारमा कोठी छ भने कुन ठाउँमा कस्तो रंगमा छ र त्यसको साक्षी कोठो छ कि छैन भनि जाँच्नोस्। साक्षी कोठी छ भने पूरा फल मिल्छ, छैन भने आधा-आधी मात्र।

(१) चित्र नं १ मा निधारको शिरानको माझमा कोठीछ भने दाहिने हातको कुहिनामुनि कोठी हुन्छ।

फल:— कलाकौशल बढाउने हुन्छ तर नारी सहज कोमलतालाई अलिक काम गर्छ— कठोर वचन भन्ने हुन्छ। तर हरियो रंगको प्रयोग गर्नाले वा 'पन्ना' को औंठी लाउनाले उक्त दोष रहँदैन।

(२) चित्र नं. ४ मा निधारको दाहिने भागमा कुनै रंगको कोठी भए पति सुखमा केही कमी महसूस गर्छैन र स्वभाव पनि खास असल हुँदैन।

(३) चित्र नं. २ मा कोठी हुनेको प खुराको कुहिनो माथि कोठी हुन्छ।

फल:— स्वभाव राम्रो हुन्छ। जन्म स्थानवाट टाटा रहनुपर्छ ! सन्तान कष्ट हुने

श्री ५ बडामहारानी सरकारको २७ औं

शुभ जन्मोत्सवको उपलक्षमा

मौसूफ सरकारको

दीर्घायु र सुस्वास्थ्यको कामना गर्ने

जिल्ला पञ्चायत, महोत्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भावना पर्छ । हिरा वा नीलम धारण गरे शुभ हुन्छ ।

(४) चित्र नं ३ मा कोठी भए छातीमा पनि कोठी हुन्छ ।

फल:— धनवान, कुनै सम्बन्धीद्वारा सम्पत्ति प्राप्त । ३० वर्षपछि उदर विकारको शिकायत । कुनै दुर्घटनाको भय ।

(५) चित्र नं ५ मा कोठी भए पाउमा कोठी हुन्छ ।

फल:— शुभ हुन्न । चरित्रमा आशङ्का रहन्छ ।

(६) चित्र नं ६ मा कोठा भए कम्मरमा पनि हुन्छ या कुहिनामा हुन्छ ।

फल:— अत्यन्त शुभ फल हुन्छ । दीर्घायु, सुखी, नारी हुन्छन ।

(७) चित्र नं. ७ मा कोठी भए शुभ हुन्न ।

(८) चित्र नं, १५ मा कोठी भए नितम्बमा कोठी हुन्छ ।

फल:— सुन-सौभाग्यदायक, सम्पत्ति शालिनी तथा दीर्घायु हुन्छन् ।

(९) चित्र नं १६ मा कोठी हुनेको जाँघमा कोठी हुन्छ ।

फल:— शारीरिक दुर्बलता सूचक, प्रबस पीडा कष्ट दायक । मूगा राख्नु पर्छ ।

(१०) चित्र नं १७-१८ मा कोठी भए छातीमुनि वा पेटमा कोठी हुन्छ ।

फल:— शुभ हुन्न । दुःखी बन्ने संकेत हो । चरित्रमा पनि सुदृढ रहन गाह्रारो पर्छ ।

(११) चित्र नं ८-९ मा कोठी भए जाँघका सन्धिमा नितम्बमा वा वक्ष स्थलमा कोठो हुनुपर्छ ।

फल:— चञ्चले स्वभाव, प्रेमी, अनियमित आहार-विहार गर्ने, डुलिरहन मन गर्ने, स्वतन्त्र प्रकृति, स्वेच्छाचारी, तर पति प्रेम राम्रो पाउने वा धनी घरमा विवाह हुने फल पर्छ ।

(१२) चित्र नं १२ मा कोठी भए नेत्र पीडा हुन्छ । धनी हुन सक्छन् ।

(१३) चित्र नं १३ मा कोठी भए फलतः शुफ हुन्छ तर कुनै बेला अनुचित औषधि सेवन गरेर स्वास्थ्य बिग्रने भय हुन्छ ।

(१४) चित्र नं. १४ मा चिउँडोमा कोठी भए जाँघमा कोठी हुन्छ ।

फल:— चिउँडोमा कोठी हुने नारीको प्रथम गर्भबाट छोरो जन्मिन्छ । तर चरित्रमा यस कोठीले शुभ भन्दैन, केही मायावी र धूर्त हुन्छन् ।

(१५) कान र आँखाको बीचमा कोठी भए मीठो मीठो खाने तर काँथर हुन्छन् । चित्र १० मा

(१६) देब्रे कानमा कोठी भए पुत्रवती । घाँटीमा कोठी भए प्रथम पुत्र प्राप्ति ।

(१७) चिउँडाको बायाँतर्फ कोठी भए नृत्य प्रेमी । परेलामा कोठी भए चतुर ।

(१८) हत्केलामा कोठी भए धनी । कुर्कुकामा भए डुलुवा ।

(१९) नाकको टुप्पामा रातो कोठी भए उच्चाधिकारी पति पाउँछन् ।

(२०) ललाटमा चम्किलो कोठी हुने स्त्री ऐश्वर्य-शालिनी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक नारी

मल्लकालकी महारानी योगमती देवी

—श्री शङ्करमान राजवंशी

ललितपुरको मल्लकालको इतिहासमा योगनरेन्द्र मल्लको उल्लेखनीय स्थान छ। जसको सुवर्णमय सालिक ललितपुर दरबार अगाडि सुशोभित छ। योगमती देवी यिनै प्रसिद्ध योगनरेन्द्र मल्लकी छोरी हुन्। योगनरेन्द्र मल्ल जीवित छँदै उनका ब्याहा छोराको मृत्यु भैसकेको थियो। त्यसैले वि. सं. १७६२ को कार्तिक १६ गते योगनरेन्द्र मल्लको मृत्यु हुँदा ललितपुरको राजगद्दीमा कस लाई राख्ने भन्ने कुरा चल्यो। यस औसरमा उत्तराधिकारी बनाउने बिषयलाई लिएर कान्तिपुरका राजमाता र राजा भास्कर मल्ल ललितपुरको राजकाजमा हस्तक्षेप गर्न राति नै पुगेथे। कान्तिपुरका राजमाताले योगमतीका छोरा लोकप्रकाशलाई कान्तिपुर लैजान खोज्दा त्यसवेला कान्तिपुरे र ललितपुरेको ठूलो संघर्ष भयो। त्यस संघर्षमा धेरै कान्तिपुरेहरू मारिनुको साथै कान्तिपुरेको आफ्नो योजनानुसारको अभिलाषा पूर्ण हुन सकेन। आखीर योगमतीका छोरा लोक प्रकाश मल्ललाई राजगद्दीमा राख्ने निश्चित भयो। त्यसमा भक्तपुरले पनि समर्थन गरे। त्यसवखत लोकप्रकाश साढे ८ वर्षका थिए। योगमती बाह २० वर्षकी थिइन्। उक्त निर्णयानुसार बि. सं १७६२ मार्ग १ गते लोकप्रकाश राजगद्दीमा राखिए। राजाको मुख्त्यारी भई राजमाता योगमती देवीले मन्त्री भारदारको सहयोगबाट राज्य चलाइन्। तब राजा लोकप्रकाश र राजमाता योगमतीको नामबाट मोहर मुद्रा छपाएर चलाए।

वि. सं. १७६३ कार्तिक १५ गते अभागवश विफरको रोगले राजा लोक प्रकाश मल्लको मृत्यु भयो। यसपछि योगनरेन्द्र मल्लका भानिज इन्द्रमल्ललाई राजा बनाई गद्दीमा राखे। यसरी राजमाता योगमती देवीले ११ महीना राजमाताको नाताले राजाको मुख्त्यारी नायवी भई राजकाज चलाइन्। वि. स. १७६६ को चैत्रपूर्णिमाको दिन इन्द्रमल्लको पनि मृत्यु भयो। अनि यी योगमती देवी आफ्ना लोग्ने वीरनरसिंहमल्ललाई राजा बनाउन समर्थ भइन्। तर यी बीर नरसिंह मल्ल ६ महीना पनि टिक्न सकेनन् र वि. सं. १७६६ मै तनहुँमा रहेका योगनरेन्द्र मल्लका सख्याहा छोरा महिन्द्रमल्ललाई झिकाई राजगद्दीमा राखे वि. सं. १७७१ मा महिन्द्रमल्लको, पनि मृत्यु भयो। त्यसपछि योगनरेन्द्र मल्लका भानिजका छोरा ऋद्धिनरसिंह मल्ललाई राजगद्दीमा राखे। वि. सं. १७७२ ज्येष्ठमा ऋद्धिनरसिंहको पनि मृत्यु भयो। त्यसपछि ललितपुरको गद्दीको हकदार कोही नहुँदा भूतपूर्व राजमाता योगमतीदेवीले कान्तिपुरका राजा महिन्द्रसिंहलाई राजा बनाउने विचार गरीन्। तर एक पक्षका भारादारले भक्तपुरका राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूपतीन्द्र मल्लका छोरा रणजित मल्ललाई राजा बनाउनु पर्छ भन्ने भयो। ती भारदारको मद्दतले रणजित मल्ल ललितपुरको राजकाजमा हस्तक्षेप गर्न पुगे। यसरी खटपट हुँदा महारानी योगमती देवीले विपक्षी भारदारहरूलाई कैद गरी महिन्द्र सिंहलाई नै ललितपुरको राजगद्दीमा राखिन र महिन्द्रसिंहको नामले महारानी योगमतीदेवीले राजकाज चलाइन्। यी महारानी योगमतीदेवीले ललितपुरको राजकाजमा करीब १७ वर्ष जति भूमिका खेलेकी थिइन्। ललितपुरको इतिहासमा यी योगमती महारानीतो व्यक्तित्व महत्वपूर्ण छ। यी महारानी योगमतीदेवीको जन्म कुण्डलीसहित टिप्पन निम्न लिखित अनुसार छ।

सू बु शु श	३ रा	चं १
६	४ लग्न	१
७ वृ	१०	१३
मं के ८	६	११

सम्वत् ८०५ आ. कृ. अ. ३२ वि. ४८ प्र तदुपरा-न्तिथौ॥ रोहिणी नक्षत्रे ६०॥ व्या. १४ प्र. हर्षण योगे॥ बुधवासरे॥ सं. प्र. घटि २४ वि ३६ तदा कर्कट लग्ने मीन नवांशके तृतीय द्रेकाणे श्री श्री योगनरेन्द्रमल्लस्य प्रथम पुत्री जाता योगमती नाम॥ श्रीठकुनीजु

(पूर्णिमापत्रिका ६ पूर्णाङ्क ४१ पृष्ठ)

ने. सं. ८०५ (वि. सं. १७४२) श्रावण कृष्ण अष्टमी (पूर्णान्तमानले भाद्र कृष्ण अष्टमी) घडी ३२।४८ उप्रान्तनवमी तिथि रोहिणीनक्षत्र घडी ६० व्याघात घडी १४।० उप्रान्त हर्षणयोग बुधवारमा रात्रिगत घडी २४।३६ कर्कट लग्न मीन नवांश तेस्रो द्रेष्काणमा श्री श्री योगनरेन्द्रमल्लकी जेठी छोरीको जन्म भयो। नाम योगमती श्री४ कुनीज्यू।

मंगल पञ्चमस्थान र दशमस्थान अर्थात् केन्द्र र त्रिकोण दुवै स्थानको मालिक छ। मंगल पञ्चम स्थान मै रहनाले स्वगृही छ। लग्नको मालिक चन्द्रमा एकादशस्थानमा हुनाले चन्द्र र मंगलको परस्पर पूर्णदृष्टि परेको छ। त्यसकारण यहाँ केन्द्र र त्रिकोणका मालिकको परस्पर संबन्ध बलियो हुनाले राजयोग परेको छ। लग्नको मालिक चन्द्रमा आफ्नो उच्चस्थान वृष राशिमा

श्री ५ बडामहारानी सरकारको
२७ औं
शुभ जन्मोत्सवको सुखद अवसरमा
मौसूफ सरकारको दीर्घायु सुस्वास्थ्य
सुख, समृद्धि एवं अटल
सौभाग्यका लागि
हार्दिक शुभ कामना चढाउने
जनकपुर चुरोट कारखाना
जनकपुर धाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलवान् छ। सिंह राशिको सूर्य स्वगृही हुनाले सूर्य पनि बलवान् छ। छैटौं र नवौंस्थान अर्थात् शत्रु स्थान र धर्मस्थान (त्रिकोणस्थान) को मालिक बृहस्पतिको पूर्णदृष्टि राज्यस्थानमा परेको छ। त्यसैले राज्यमा शत्रुको पनि हस्तक्षेप हुन खोज्यो तर राज्यस्थानको मालिक र लग्नको मालिक अति बलवान् हुनाले शत्रुले हस्तक्षेप गर्न सकेन। सूर्य बली हुनाले महारानीको आत्मबल बलियो भयो। बुध अपरा मित्रहरूको साथमा मित्रकै घरमा रहनाले महारानीको वक्तृत्व प्रबल छ। त्यसैले यिनी राजनीतिमा दीर्घकालीन भूमिका खेल्न सफल भइन्।

दशाविचार यस्तो छः—

जन्मनक्षत्र रोहिणीको दशारम्भ चन्द्रमाबाट हुन्छ। १ पाउ युक्त भएको छ। युक्त वर्ष २६ वि. सं. १७५४ मा भौमदशामा शुक्रको अन्तरमा चन्द्रको प्रत्यन्तर अर्थात् पुत्रस्थानको मालिकको दशामा सुखस्थानको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि १२६ करीवमा) परेको छ। उक्त दशायोग पर्दा महारानी योगसतीदेवीले १२ वर्षकै उमेरमा छोरो पाएकी थिइन्। वि. सं. १७६२ मा राहुको दशामा गुरुको अन्तरमा अर्थात् राहुको दशामा धर्मस्थानको मालिकको अन्तर (वर्षादि १८१७ करीवमा) परेको छ। राहुमा बृहस्पतिको पूर्णदृष्टि परेको हुनाले राहु बृहस्पतिको अनुकूल छ। त्यसैले राज्यप्राप्तलागी भयो। राहुको दशा सबैको लागि शुभदायक पनि हुन्छ। त्यो कुरो पाराशरशास्त्रमा यसरी बताएको छः—

यद्यद्भावगतौ वापि यद्यद्भावेशसंयुतौ।
तत्तत्फलानि प्रबलौ प्रदिशेतांतमोग्रहौ॥

राहु र केतु जुन भावको मालिकसंग बसेका हुन्छन् अथवा जुन भावमा बसेका हुन्छन्, त्यही अनुसार फल दिने हुन्छन्। त्यस्तै त्रिषडायस्थानमा भए पापफल, त्रिकोणस्थानमा भए शुभ फल, तृतीय द्वितीय तथा केन्द्रस्थानमा भए समफल, अष्टम स्थानमा भए अति पापफल, लग्नमा भए शुभफल दिन्छन्। यसै गरी शुभग्रह साथ भए शुभफल, पापग्रह साथ भए पापफल समभावका ग्रहसाथ भए समफल दिन्छन्। भाव र भावको मालिक मिल्दो भए प्रबलरूपले फल दिन्छन्, नमिल्दो भए कमफल दिन्छन्।

वि. सं. १७६३ मा राहुको दशामा शनिको अन्तरमा केतुको प्रत्यन्तर अर्थात् राहुको दशामा मारकेशको अन्तरमा केतुको प्रत्यन्तर (वर्षादि २०७ करीवमा) परेको छ। त्यसकारण पुत्रको मृत्यु भयो।

श्री ५ बडामहारानी सरकारको
शुभ जन्मोत्सवको उपलक्षमा
मौसूफ सरकारको
दीर्घायु र सुस्वास्थ्यको
कामना गर्नें
जिल्ला कार्यालय, महोत्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा नारीको स्थान : ज्योतिषको दृष्टिकोण

—देव

उहिलेइ देखि नै नारी हाम्रो समाजमा शोषित रहे, पुरुष-शासक स्त्री शासित रहे। प्राचीन काल देखि नै नारी स्वतन्त्रताको हनन् हुँदै आयो। अगाडिका विद्वानहरूले पनि नारीलाई बन्धनमा जकड्ने नियम बनाएर (जस्तै- बालया वा युवत्या वा वृद्धया वापिमनुस्मृति ५/१४७) यसो भनेर नारी वर्गको कार्य क्षेत्र कर्म क्षेत्र नै भिन्नै तोकिदिएका थिए। भारतीय विद्वानहरूले मात्र होइन, पश्चिमाहरूले पनि १६ सौं शताब्दी सम्म Man must work, women must weed भनेर नारी वर्गलाई सीमित अधिकार भित्र राखे।

तत्व द्रष्ट विद्वानहरूले "यत्र नार्यस्तु पूज्यंते रमन्ते तत्र देवता' भनेर महान आदर गर्थे तर समाजले आज्ञाकारिणी सेविका नै बनाई राखे।

तर समाजले दिएको 'लक्ष्मण रेखा' लाई स्वयं नारीहरूले चार-पाँच दशक देखि नाघ्न थालेका छन्। वास्तवमा नारीमा पुरुष भन्दा कम शक्ति हुन्न। शिक्षामा, कलामा, शासन क्षेत्रमा, जहाँ पनि नारीले उल्लेखनीय योगदान दिन सक्छन्- सकेका छन्। अब नारी शोषित, ताडित रहन सक्तैनन्। हाम्रो देशमा पनि नारीहरू मन्त्री पदमा, विधायक पदमा शासकीय अरू अरू पदमा, पत्रकारितामा, विभिन्न कार्य कुशलता देखाउँदै छन्। भनौं पुरुषहरूको पूर्व मान्यताहरूलाई नारीहरूले समाप्त गरेका छन्।

एउटा कुरा के विचारणीय छ भने आज हाम्रो देशमा पुरुष वर्गद्वारा जे जति भ्रष्टाचार भैरहेको छ- पुरुष वर्गमा भ्रष्ट नैतिक पतन भैरहेको छ फलस्वरुप राष्ट्रको हर क्षेत्रमा भ्रष्टाचार पाइन्छ, यदि त्यो-त्यो ठाउँमा नारीलाई राखिदिने हो भने भ्रष्टाचार एकदमै निर्मूल हुनेछ किनभने राष्ट्रिय सम्पत्तिमा नारीहरूद्वारा भ्रष्टचार भएको कहीं देखिएको सुनिएको छैन। तसर्थ जुन-जुन अड्डामा बिभागमा बढी भ्रष्टाचार भएको पाइन्छ त्यहाँ त्यहाँको प्रशासन नारीको हातमा सुम्पनु बढी युक्ति युक्त हुने छ किनभने नारीमा त्यो महान् शक्ति लुकेर बसेको छ त्यसलाई प्रस्फुटित तुल्याएर ठुलो महान् कार्य लिन सकिन्छ।

ज्योतिष शास्त्रले नारी प्रति कुनै भेद भाव राखेको छैन। पुरुष सरह नारीलाई बराबर मानेको छ। ज्योतिषका मुख्य ग्रह- नक्षत्र, राशी तिथी

बडा दशैंको शुभ उपलक्ष्यमा
हार्दिक मंगल कामना
नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर राष्ट्रिय नारी वर्ष १९७५

तथा

श्री ५ बडा महारानी सरकारको

२७ सौं शुभ जन्मोत्सवको शुभ अवसरमा

मौसूफ सरकारको सुस्वास्थ्य र सुख–सौभाग्यका लागि
हार्दिक मङ्गल कामना ज्ञापन गर्नुका साथै
समस्त नारी वर्गको उन्नतिको कामना गर्छौं ।

—कृषि विकास बैङ्क परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि जुन स्त्री-पुरुषमा विभाजन छन् त्यो अनुसार ज्योतिषले स्त्रीलाई पुरुष बराबर र कहीं त अझ पुरुष भन्दा पनि स्त्रीलाई बढी विभाग दिएको छ। उदाहरणार्थ प्रथम महीना एवं राशीलाई ल्यूँ —

पुरुष राशी	पुरुष महीना	स्त्री राशी	स्त्री महीना
मेष	वैशाख	वृष	जेठ
मिथुन	असार	कर्क	साउन
सिंह	भदौ	कन्या	असौज
तुला	कार्तिक	वृश्चिक	मंसिर
धन	पुस	मकर	माघ
कुम्भ	फागुन	मीन	चैत्र

ग्रहहरूलाई पनि स्त्री संज्ञक र पुरुष संज्ञकमा बराबर विभाजन गरिएको छ। जस्तै-

पुरुष ग्रह	स्त्री ग्रह
सूर्य	चन्द्रमा
मंगल	शुक्र
गुरु	शनि

बुध ग्रहलाई नपुंसक मानएको छ र राहु-केतु केवल छाया ग्रह हुन्।

२७ नक्षत्र मध्ये दुई नक्षत्र नपुंसक छन्, ९ नक्षत्र पुरुष संज्ञक र १६ नक्षत्र स्त्री संज्ञक मानिएका छन्। जस्तै-

पुरुष नक्षत्र	स्त्री नक्षत्र
अश्विनी, मृगशिरा	भरणी, कृत्तिका
पुनर्वसु, पुष्य	रोहिणी, आर्द्रा
हस्ता, अनुराधा	मघा, आश्लेषा
पूर्वाभद्रा, उत्तराभाद्रा	पूर्वाफाल्गुनी
	चित्रा, स्वाती
	विशाखा, ज्येष्ठा
	पूर्वाषाढा, उत्तराषाढा
	श्रवण धनिष्ठा
	रेवती

यसरी हामी हेर्छौं ज्योतिष शास्त्रले नारी वर्गलाई छुट्टाएको छैन र अझ बढी मान्यता दिएको छ। ज्योतिषको दृष्टिकोण नारी प्रति—

॥ सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्।

भ्रष्टाचार निवारण गर्ने हतियार नारी भनेर माथि उल्लेख भएको तथ्यलाई पुनः दोहऱ्याउने आवश्यकता किन परेको छ भने नारी भित्र जुन अमोघ शक्ति छ त्यसलाई छुट्टै स्वतन्त्र विकसित हुन दिने हो भने नारीहरूले महान काम गर्न सक्छन्, भ्रष्टाचारको विरुद्ध आफ्नो शक्ति लगाउन सक्छन्। नारीलाई बिगारेको छ निरन्तरले उनीहरूको स्वतन्त्र विकासमा हस्तक्षेप नगरी उन छोडिदिनु सक्नु पर्छ पुरुषले नैतिक चरित्र गर्नु मात्र। यदि नारीहरू पुरुषको डर, त्रास, नाजायज दोवा रहेनन् भने पुरुषहरूको लम्पट र कामुक हुनु पर्दैन भने उनीहरू रचनात्मक विकास गर्न सक्छन्। यस्तो तथ्य छ किनभने 'बिना श्रयेन शोभन्ते पण्डिता वनिता लता।'

२०३२
विजया दशमीको हार्दिक शुभ-कामना
कृषि औजार कारखाना लि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्री सामुद्रिक

नारी हात

अम्भोज मुकुलाकार मंगुष्टांगुलि संमुखं ।
हस्तद्वयं मृगाक्षीणं बहुभोगाय जायते ॥१॥

×

शुष्कैः शिरालैर्बिषयैश्च हस्तै; भवन्तिनार्यः सुखबित्त हीनाः॥२॥
निगूढ मणि वन्धनौ तरूपाणिपद्म गगर्भीवसो करौ नृपतियोषिताम्॥३॥

१) आइमाईहरूको हात कमलाकृति परेको अर्थात् बूढी औंजो र औंलाहरू सोझो गरेर मिलाउँदा कमलको फूल जस्तो देखिन्छ । भने ऐश्वर्यवती र अत्यन्त सुखी तथा अनेक आनन्द पाउँने हुन्छन्।

२) जुन आइमाईका हात शुष्क, नसा निस्केका हात हेर्दा रूखो देखिने हुन्छन् र हत्केला भरि काटकुट परेका रेखा देखिन्छन् भने सुखसौभाग्य बाट बन्चित हुन्छन् ।

३) जुन नारीका हातमा मणिबन्ध स्थान समतल देखिन्छ, अर्थात् हत्केलो नाडोको जोर्नी नछुट्टिएको देखिन्छ तथा हातको रंग आरक्त गौरवर्ण हुन्छ त्यस्ति आइमाई वैभवशाली व्यक्तिको पत्नी बा राजपत्नी हुन्छन् ।

आइमाईका हातको पृष्ठ भागमा रौं छन् भने विधुवा हुने सम्बावना हुन्छ ।

नङ

गुलाफी रंगका पुष्ट नङ सुख सौभाग्यदायी हुन्छन् । बाङ्गा, विवर्ण, पहेँला अशुभ हुन्छन् ।

नखेषु विन्दवः श्वेताः प्रायःस्यु स्वेरिणी स्त्रियः ।

औंलाः—

चेप्टा, मोटा रूखा रौं भएका नारी औंला शुभ हुन्नन । सान्है साना, पातला असमान औंला पनि शुभ हुन्नन् ।

औंलाहरूमा खण्ड कम वेशी भए दुःखदायी हुन्छ ।

बाटुला, बराबर खण्ड परेका, मूलमा मोटा र पछुचमा पातला, कोमल त्वचा भएका, औंल्ला

श्री ५ बडामहारानी सरकारको
२७ सौं शुभ जन्मोत्सवको
शुभ—अवसरमा
दीर्घायुको कामना गर्दै
मौसूफमा
भक्तिपूर्वक अभिवादन टक्र्याउँछौं
सांस्कृतिक संस्थान— परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ननिस्किएका नारी औंला शुभ मानिएका छन् ।

ज्यादै खिरिला औंला हुने स्त्रीले धन जमाउन सक्तैनन् ।

औंला टम्म जोर्दा बीच-बीचमा छिद्र देखिन्छन् भने पनि धन सञ्चय गर्न सक्तैनन् ।

बूढी औंलोः—

बाटुलो झोम्मो नङ भएको सोझो बूढी औंलो नारीहरूलाई शुभ हुन्छ ।

चेप्टो बूढी औंला हुने स्त्री विधवा हुन्छन् ।

ज्यादा लामो बूढी औंलाको प्रथम खण्ड छोटो छ, कमजोर छ साथै मूल भाग अग्लो छ भने यस्ती स्त्री चाँडै नै पुरुषको बहकाउमा पर्छन् र भ्रष्ट हुन बेर लाउन्नन् ।

यदि प्रथम खण्ड बलियो नलच्कने दह्रो छ भने नारीको विचारमा दृढता रहन्छ र कसैको थुरुल्याइंमा पर्दैनन् ।

यदि बूढी औंलो लच्किलो छ र पछाडितिर मोडिन्छ भने यस्ती स्त्री चाँडै मित्र बनाउने हुन्छन् ।

मणिबन्वः—

नारी हातको मणिबन्धमा तीन ओटा रेखाले चूरा जस्तै फन्को मारेका छन् भने अत्यन्त शुभ हुन्छ । सुख-सौभाग्य पाउने, अनेक आभूषण लाउने हुन्छन् ।

मणिबन्धको पहिलो रेखा यदि हत्केलाको डिलतिर माथि उक्लिएको छ भने प्रसवको समयमा अत्यन्त खतरा रहन्छ । अथवा उक्त रेखा वृत्ताकार भएर हत्केलातिर उठेर भाग्य रेखालाई काटि दिएको छ भने नारीमा बन्ध्यापन आउंछ ।

श्री ५ बडामहारानी सरकारको
२७ सौं
शुभ जन्मोत्सवको उपलक्षमा
मौसूफ सरकारको
दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्ने
जनकपुर धान, चामल निर्यात कम्पनी
जनकपुर धाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

नारी हात र रेखा फल

वाम हस्ते तु नारीणां पुरुषाणां च दक्षिणे।
चिन्हं निरूपयेद्धीमान समुद्र बचनं यथा॥

नारीको कुन हात हेर्नु भन्ने विषयमा शासुद्रिक शास्त्रमा उपरोक्त कथन छ। तर गर्गमुनिले यसो भनेका छन्:—

स्त्रीणां पुरुषाणां च फलं साम्याय कल्पते।

स्त्री होस् वा पुरुष फल हेर्दा समान रूपले हेर्नु पर्छ। स्त्री-पुरुषको दुवै हात हेर्नुपर्छ। पश्चिमा विद्वानहरूले पनि नारीको बायाँ र पुरुषको दायाँ हात हेर्ने कुरा मान्दैनन्। उनीहरूको कथनानुसार दुवैको दुवै हात हेर्नुपर्छ। पश्चिमा दृष्टिमा देब्रे हात दाहिने हातको सहायक हो।

देब्रे हातभन्दा दाहिने हात बढ़ी सक्रिय रहन्छ। अर्को मतमा— देब्रे हात वंश परम्परागत प्राप्त गुणको द्योतक हो र दाहिने हात वातावरण-द्वारा पर्ने प्रभाव वा स्वयंको प्रकृतिद्वारा निर्मित फलको द्योतक हो।

जुन नारी लज्जाशील छन्, आफूलाई घरेलु जीवनमा मात्र सीमित राख्छन्, पतिको आधारमा बाँचेका हुन्छन् वा आश्रित स्वभावका छन् तिनी-हरूको देब्रे हातका रेखा फलदायी हुन्छन्।

जुन नारी पुरुष झैं हुन्छन अथवा आफ्नो पतिको कमाईमा रहन्नन् परआश्रित छैनन्, नोकरी गर्छन् पुरुषार्थी, पराक्रमी छन्, ठूलठूलो उद्योग गर्छन् स्वावलम्बी छन्, घरेलु जीवनबाट मुक्त रहन्छन् ती नारीहरूको दाहिने हात फलदायी हुन्छ।

यसै कुरालाई मध्य नजर राखी एक जना ख्याति प्राप्त महिलाको दाहिने हात पेश गरेका छौं। प्रस्तुत हात स्वावलम्बी छ।

श्री ५ बडामहारानी सरकारको
२७ सौं शुभ जन्मोत्सवको शुभ
उपलक्षमा
मौसूफ सरकारको
दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै
भक्ति पूर्वक हार्दिक अभिनादन
चढाउँदछौं
विरगञ्ज नगर पञ्चायत
परिवार, विरगञ्ज

श्री ५ बडा महारानी
सरकारको
२७ सौं शुभ जन्मोत्सवको सुखद अवसरमा
मौसूफ सरकारको दीर्घायु सुस्वास्थ्य
सुख, समृद्धि एवं अटल
सौभाग्यका लागि
हार्दिक शुभ कामना चढाउने
भूमि प्रशासन कार्यालय
महोत्तरी

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मस्तिष्क रेखा परिचय

संसारलाई परिचालन गर्ने बुद्धि हो । बुद्धिमानहरूद्वारा नै संसारका विभिन्न जीवनीय प्रणालीहरू बनाउन, जीउने तरीका बनाइन्छन् । बुद्धि नभएको मान्छे पशुवत् हुन्छ । पशु र मानिस छुट्याउने माध्यम बुद्धि तत्व हो । बुद्धि विवेक नभएको मानिस जो भोक, तिर्खा, काम वासना, निद्रा सहज क्रियामा मात्र रहन्छ त्यो मनुष्य रूपेण मृगाश्चरन्ति' हो । त्यस कारण बुद्धि मस्तिष्कीय तत्वद्वारा नै मानिस उत्तरोत्तर उन्नतिमा चढ्न सक्छ ।

मानिसको हत्केलाको माझमा छुन तेर्छो रेखा हुन्छ त्यो बुद्धि-रेखा–मस्तिष्क रेखा हो । यो मस्तिष्क रेखाले नै मानिसको शारीरिक इन्द्रीय सञ्चालन गर्छ, कार्य प्रणालीको रेख-देख गर्छ । जीवनको सम्पूर्ण क्रियाकलाप सञ्चालन गर्ने कार्यालय मस्तिष्क हो र यसको परिचय हत्केलाको माझको तेर्छो रेखाद्वारा पाइन्छ । व्यक्तिको चरित्र, स्वभाव, व्यक्तित्व, कल्पना शक्ति; विचार शक्ति, तर्क शक्ति, ज्ञानात्मकता, बौद्धिक योग्यता आदिको मापदण्ड मस्तिष्क रेखा हो ।

मस्तिष्क रेखाका अनेक किसिम छन् तापनि मुख्यतः तीन श्रेणीमा विभाजन गरिएको छ । जस्तै—

(१) जीवन रेखासँग मिलेको

(२) जीवन रेखालाई काटेर भित्र पसेको

(३) जीवन रेखाबाट छुट्टै रहेको

(१) जीवन रेखासँग मिलेकोः— मस्तिष्क रेखाले जीवन रेखालाई स्पर्श मात्र गरेर अगाडि सोझो गएको छ भने यस रेखले व्यक्तिलाई बढी सतर्क एवं सावधान रहने बनाउँछ । शीघ्रग्राही, कुशाग्र बुद्धि, धोखाबाट बाच्ने तथा प्रत्येक कार्यलाई समझदारी पूर्वक सम्पादन गर्ने कुशल व्यक्ति हुन्छन् । तर पनि स्वयं प्रतिको आत्म विश्वासमा कमी महसूश गर्छन् अथवा आफ्नो शक्तिको पूरा मूल्याङ्कन गर्न सक्तैनन् ।

(२) जीवन रेखालाई काटेर भित्र पसेकोः— यो प्रकारको मस्तिष्क रेखाले व्यक्तिमा बढी भावुकता ल्याइदिन्छ । आवेग र उत्तेजना खप्न नसक्ने, क्रोधातिरेकमा आएर केहीको केही गर्ने, हाँस खेल गर्दा गर्दै झगडा गर्ने, हड्बडे हुन्छ । दिमागी शक्तिले जीवनमा पूरा साथ दिदैन । यस्तो मस्तिष्क रेखा हुनेहरू बौद्धिक रूपमा रूग्ण हुन्छन्, सा सानो कुरामा उम्लिने गर्छन् र विरोधीहरूसंग बदला लिने नै जीवनको मूल उद्देश्य बनाउँछन् किनभने यस्ता व्यक्तिका विरोधी ज्यादा हुन्छन् ।

(३) जीवन रेखाबाट छुट्टैः— जसका हातमा मस्तिष्क रेखा जीवन रेखाबाट छुट्टै हिडेको हुन्छ त्यस्ता व्यक्तिमा मस्तिष्कीय शक्ति पर्याप्त हुन्छ । आफ्नै मौलिक विचारद्वारा ठूलो भन्दा ठूलो काम काजको निर्णय लिने क्षमता यिनीहरूमा हुन्छ । हठवादीता र स्वच्छन्दवादीता यिनीहरूको विशेषता हो । नेतृत्व शक्ति शासन क्षमता त यिनीहरूमा खाँदीखाँदी भरिएको हुन्छ । आदर्श प्रेमी, निर्भीक, महत्वाकांक्षी स्वतन्त्रताका पूजारी तथा उच्चतम मानवी गुणले विभूषित यिनीहरू हुन्छन् । समाजमा, इतिहासमा आफ्नो महत्वपूर्ण स्थान बनाउने व्यक्तिको तथा आफ्नो उच्च आदर्श स्थापित गर्ने दार्शनिकहरूको र कुशल प्रशासकको हातमा यस्तो प्रकारको मस्तिष्क रेखा श्रेष्ठ मानिन्छ । यस्तो मस्तिष्क रेखा हत्केलाको वारपार लामो छ भने झन महत्वपूर्ण हुन्छ— भौतिकवादी, पदार्थवादी दृष्टिकोण यिनीहरूको मौलिक गुण हुन्छ । यिनीहरूको स्वच्छन्दवादी र हठवादीताले गर्दा पारिवारिक तथा कौटुम्बिक सुख एवं स्नेहीहरूको सुखद सम्बन्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्द लिन पाउँदैनन् साथै आफ्ना अभिभावकको स्नेह युक्त छायाँबाट पँछिएर आफ्नै खुट्टामा उभिने गर्छन् ।

'ज्योतिष-दर्शन' अङ्क ९ मा उपरोक्त लक्षणले युक्त, उपरोक्त गुणले विभूषित हात छापेका छौं । वर्तमान हाम्रा शिक्षा राज्य मन्त्री माननीय राधाप्रसाद घिमिरेको हातमा त्यस्तै जीवन रेखाबाट छुट्टै लामो सोझो मस्तिष्क रेखा छ ।

श्रीमति शान्ति मिश्रको हात

यस्तै एउटा नारी हात हामीले यहाँ छापेका छौं। यस हातमा पनि मस्तिष्क रेखा छुट्टै लामो हत्केलाको वारपार छ । अतः माथि वर्णित नं. ३ को गुण वहाँमा पनि विद्यमान छ ।

श्रीमति शान्ति मिश्रको हात अति महत्वपूर्ण अरू पनि विशेषता छन् ।

(१) बूढी औंलो सुन्दर दह्रो, सशक्त

(२) सबै औंला सोझा

(३) हत्केलो प्रयोगवादी

(४) मस्तिष्क रेखा अखण्डित

(५) हृदय रेखा पूर्ण

(६) सूर्यको औंलो फेदमा निकै मोटो

उपरोक्त लक्षणको फल छ १- सशक्त तथा क व्यक्तित्व, कसैले झुकाउन नसक्ने, अनियम र अन्या नसहने; २ - व्यक्तित्वमा इमान्दारीपन; ३- हरेक का कुराको उपयोगितावारे विश्लेषण गर्न सक्ने; ४- दिमा शक्ति सदा सक्रिय, वस्तुवादी दृष्टिकोण; ५- मान सन्तुलन उचित, ६-राज-मान-पद-पुरस्कार हासिल

मस्तिष्क रेखाबारे अरू नियम

मस्तिष्क रेखावाट कुनै रेखा निस्केर गुरुमा ग छ भने श्रेष्ठ व्याख्याता, कलाकार, साहित्यिक हु तर अहंवादी र अर्कोलाई नगण्य ठान्ने हुन्छ ।

मस्तिष्क रेखाबाट कैयौ रेखा लहर निस्केर छिर एका छन् भने त्यस व्यक्तिको चित्त कहिल्यै स्थिर रह तुरुन्त निर्णय बदल्ने, अरूलाई धोखा दिने र आफू धोका खाने हुन्छ ।

मस्तिष्क रेखा औंलातर्फ गएर हृदय रेखालाई एको छ भने व्यक्ति पाप प्रवृत्तितर्फ लागेको हुन्छ ।

मस्तिष्क रेखा जीवन रेखावाट ज्यादै टाढा छ अनिश्चित विचारको बेपर्वाह अदूरदर्शी तथा उग्र स्वभ हुन्छ ।

मस्तिष्क रेखा ज्यादै छोटो भएको मानिसमा बु बढी हुन्न ।

मस्तिष्क रेखाको दह्रो हाङ्गो गएर हृदय गाभिएको छ भने प्रेमान्ध भएर खतरामा पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त नेपाली कलाकारलाई अपूर्व प्रेरणा बक्सने

श्री ५ बडामहारानी सरकारको शुभ जन्मोत्सवको सुखद अवसरमा

मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायु र अटल सौभाग्यका निमित्त ईश्वरसंग प्रार्थना गर्दैं।

भक्तिपूर्वक मंगलमय शुभकामना टक्याउँछौं ।

नेपाल ललित कला संस्था, नाफा नक्साल

मस्तिष्क रेखा लम्बिदै गएर मणिबन्धतिर ओर्लिएको छ भने कि आत्महत्या गर्छ कि पागल हुन्छ ।

मस्तिष्क रेखा बीच बीचमा भाँचिएको छ भने त्यस्ता व्यक्ति विश्वास पात्र हुनन् ।

दाम्लो जस्तो मस्तिष्क रेखा हुने दिमागी रोगले ग्रस्त रहन्छ ।

मस्तिक रेखा घुम्दै कान्छी औंलोतिर गएको छ भने वैभव प्राप्त गर्नु नै उसको उद्देश्य हुन्छ, धन नै उसको ईश्वर हुन्छ ।

हत्केलामा दुइ मस्तिष्क रेखा

मानिसका हातमा दुई मस्तिष्क रेखा बहुतै कम पाइन्छ । हजारौं, लाखौंमा कताकतै एक हातमा डवल लाइन देखन सकिन्छ । नत्र यस्तो चिन्ह सितिमिति पाइन्न । कुनै पनि रेखा डवल हुनु त्यसको गुण फल द्विगुणित हुनु हो । जस्तै— जीवन रेखा डबल भए जीवनीय ऊर्जा शक्ति द्विगुणित रहन्छ, स्वस्थ्य-कांति कायम रहन्छ । हृदय रेखा डवल भए मानसिक शक्ति डबल रहन्छ र मस्तिष्क रेखा डवल भए बौद्धिक शक्ति डबल हुन्छ । अझ मानव जीवन सञ्चालनमा मस्तिष्क तथ्य नै मुख्य भएकोले मानव हातमा मस्तिष्क रेखा दोहोरो हुनु झन महत्वपूर्ण हुन्छ । दोहोरो मस्तिष्क रेखाबारे विभिन्न विद्वानहरूको मत निम्न छः —

१. बुद्धि विलक्षण, चतुर, विचारवान
२. दोहोरो बौद्धिक क्षमता
३. एकै समयमा दुईतिर काम गर्न सक्ने
४. दुई प्रकारको प्रवृत्ति एकसाथ राख्ने
५. भावुक, चिन्तनशील, सामुहिक विचार
६. कूट नीतिज्ञतामा निपुणता प्राप्त गर्ने
७. जीवनमा देईवटा मूल उद्देश्य राख्ने
८ एक कामबाट थर्को लाभ लिन सक्ने
९. कला-कौशल, विद्वतामा पूर्णता प्राप्त गर्ने

हत्केलामा बराबरका सुन्दर दुईवटा रेखा राख्ने जो कोही पनि महानुभाव अत्यन्त विद्वान, धार्मिक, उपकारी यशस्वी, दार्शनिक कवि-लेखक-साहित्यिक, अनेक विद्या र कलामा निपुणता प्राप्त गर्ने हुन्छन् । कुशाग्र बुद्धि, दूरदर्शी, व्यवहार कुशल, अनुसन्धान कर्ता, श्रेष्ठ व्याख्यानदाता हुन्छन् । दुइटा मस्तिष्क रेखा हुनेहरू शरीरबाट पनि स्वच्छ-स्वस्थ्य रहन्छन् र मस्तिष्क पनि स्वस्थ्य-स्वच्छ रहन्छ । यस्ता व्यक्ति एकाङ्की प्रेममा विश्वास गर्दैनन्— विश्व-प्रेममा विश्वास राख्छन् । सामाजिक हित गर्नु नै जीवनको मूल लक्ष्य हुन्छ । दायित्व पालन गर्न एकैसाथ दुई, तीनतिर कार्य नियन्त्रण गर्न क्षम्य हुन्छन् । यिनीहरू साहसी, कर्मठ, दिन-रात केही न केही काममा लागिरहने तथा जुन काममा लगाए पनि आफूलाई त्यसैसा फिट पार्ने कौशल यिनीहरूमा हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हातमा दुई मस्तिष्क रेखा

माननीय अंगुर बाबा जोशी को हात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हातमा हेर्नुहोस्, सफासंग दुइवटा मस्तिष्क रेखा छन् । तर दुवै मस्तिष्क रेखा समानान्तर छैनन् । मूल मस्तिष्क रेखा सोझो छ र अर्को मस्तिष्क रेखा मङ्गल क्षेत्रबाट प्रारम्भ भएर निहुरिंदै, लहरिंदै चन्द्र क्षेत्रतिर गएको छ । यसबाट माननीय अंगुर बाबा जोशीमा दोहोरो मस्तिष्क रेखाले दिनु पर्ने माथि वर्णित सारा फलमा अर्द्धांश मात्र शेष रहे किनभने एक प्रकारको इच्छा शक्तिले शिक्षा, कला, साहित्यतिर तान्छ त अर्को प्रकारको इच्छा शक्तिले राजनीति र कूटनीति, प्रशासनिक क्षेत्रतिर । यसरी पृथक पृथक दिशातिर बौद्धिक प्रवृत्तिको तानातानीमा एक प्रवृत्ति अर्को प्रवृत्तिसंग अनाश्रित भएर गएका छन् । अन्यथा हातमा दुइ मस्तिष्क रेखा हुने व्यक्ति प्रसिद्धिको चुलीमा पुग्छन् र समाजका लागि महान् हुन्छन् । तथापि माननीय अंगुर बाबा जोशीका हातमा देखिएका दुइ मस्तिष्क रेखा त्यसै खेर जांदैनन्, वहाँको जीवन क्षेत्र अझ विस्तृत हुनेछ – अरू बढ्न वहाँ सक्नु हुनेछ ।

२०३२ सालको शुभ विजया दशमीको

पूनित अवसरमा

समस्त नेपाली जातिको

सुख शान्ति तथा समृद्धिको लागि

हार्दिक शुभ कामना व्यक्त गर्दछौं

नेशनल ट्रेडिंग लिमिटेड

परिवार

नारी शिरोमणी

श्री ५ बडा महारानी सरकार

चिर सौभाग्यशाली रहिबक्सन

२७ सौं शुभ जन्मोत्सवको शुभ अवसरमा

श्री पशुपतिनाथसंग

भक्तिपूर्वक प्रार्थना गर्दछौं

राष्ट्रिय संग्रहालय परिवार

छाउनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा हात

प्रयोगात्मक पुस्तक

तयार हुँदैछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांस्कृतिक संस्थानकी विशिष्ट नृत्यकार तथा संस्थान-द्वारा अभिनित मूना मदनकी सफल नायिका सुश्री विमला श्रेष्ठका हातमा खास विशेषताहरू के छन् भने— (१) जीवनीय शक्ति दह्रो छ जसबाट जैविक प्रवृत्तिहरू निश्चित उद्देश्यतर्फ केन्द्रित हुन सके, (२) मानसिक र बौद्धिक शक्ति पनि फितला छैनन्, (२) हातमा दुई ओटा अति महत्त्वपूर्ण चिन्ह छन्— (क) सूर्यमा तारा र (ख) त्यसै ठाउँमा हृदय रेखा ओरिपरि ठूलो कुण्डल छ।

अङ्क ९ मा कलात्मक हातको विवरण दिएका छौं र उदारणका लागि प्रसिद्ध सिनेतारिका श्री माला लोहिनीको हातसमेत छापेका छौं। सो यो हात पनि उक्त कलात्मक लक्षणमा आएको छ। लामो हत्केलो, लामा औंला, औंलाका टुप्पामा केही तीखा र हातको बनोट सुन्दर छ। कलाका पूजारीहरूमा पाइने लक्षण यस हातमा पाइन्छ। हात पूर्ण कलात्मक परेकोले र उक्त दुई सुन्दर चिन्ह भएकोले नै सुश्री बिमला सानै उमेरदेखि कलामा चम्किएकी, अनेक महत्त्वपूर्ण पुरस्कार पाएकी हुन्।

चिन्ह फल:—

(१) तारा— सूर्य चेत्रमा ठीक मध्य स्थलमा जसको हातमा सुन्दर तारा हुन्छ त्यो व्यक्ति मान-प्रतिष्ठाको चूलीमा पुग्छ। व्यक्तिगत जीवन उति राम्रो हुन्न कतिपय सुख सुविधाको अभाव महसूस हुन्छ, घरेलु मामिलामा सदा अशान्ति रहिरहन्छ तापनि कलाप्रतिको अनुराग र अध्यवसायद्वारा त्यस्ता व्यक्तिको पछिल्लो अवस्था धनमानले परिपूर्ण हुन्छ।

(२) कुण्डल— सूर्य चेत्र तल हृदय रेखा वरिपरि बाटुलो घेरो छ। यसले गर्दा व्यक्तिको ख्याति दिन प्रति दिन बढ्दै जान्छ। यो सफलताको चिन्ह हो।

मित्रको चुनाउ



तपाईंको नामको पहिलो अक्षर जुन नम्बरमा परेको छ त्यसको सामु तपाईंको नम्बरबाट पाँचौं नम्बरमा तपाईंकी सहेलीको नामको पहिलो अक्षर पर्‍यो भने ती सहेलीबाट तपाईंलाई उस्तो फलिफाप हुन्न— आफ्नो नम्बरबाट पाँचौं नम्बर विरोधी हुन्छ अनि तपाईंको नामाक्षरको नम्बर-बाट चौथो नम्बरमा तपाईंकी मित्रको नम्बर पर्‍यो भने तीबाट तपाईं-लाई उस्तो हानी हुन्न— आफ्नो नम्बरबाट चौथौं नम्बर मित्र हुन्छ। जस्तै तपाईंको नामको अक्षर 'क ख ग घ' अक्षरबाट नाम उठेका नारी तपाईंलाई काप्छन् अनि 'च छ ज झ' बाट नाम फाप्दैनन्।

पति-पत्नीमा कसको प्रभाव बढी

तपाईंको नामाक्षर जुन नम्बरमा परेको छ त्यो नम्बरलाई दुना गरेर त्यसमा पतिको नामाक्षरको नम्बर जोडनोस् अनि पतिको नम्बर-लाई पनि दुना गरेर आनो नम्बर जोड्नोस्। त्यसपछि दुवै ठाउँमा आठले भाग गर्नोस्। जसको शेष कम आउँछ त्यसको प्रभाव बढी रहन्छ। जस्तै—

पत्नी — 'ल'— ७×२—१४+३ — १७÷८—१

पति — 'ज'— ३×६— ६+७—१३÷८—५। अत:पत्नीको संख्या कम भएकोले पति उपर पत्नीको प्रभाव बढी रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रसिद्ध मूर्ति शिल्प तथा चित्रकार
सुश्री सुषमा सिखड़ाको हात

हातमा शिल्पज्ञ गुणः—यो हात सुन्दर कलात्मक छ । सुन्दर आकृतको हात छ र मस्तिष्क रेखा सुन्दर भै चन्द्र क्षेत्रतिर जान्छ भने हात स्वत कलात्मक हुन्छ। कला पनि कैयौं प्रकारका छन्। लालित्यकला र शिल्प कलामा चन्द्रमा र बुध प्रभावित हुन्छन् । यो हात बुध प्रभावित छ । हेर्नोस्, भाग्य रेखाले बुध रेखाको रूप लिएको छ । जीवन रेखालाई स्पर्श मात्र गरेर प्रवाहित तेर्छो रेखा कान्छी औंलाको फेदमा बुध स्थलमा पुगेको छ। यो नै शिल्प गुण प्रदान गर्ने सुन्दर रेखा हो । अनेकौं मान पुरस्कार दिलाउने रेखा हो।

जस कसैको पनि हात कलात्मक छ, औंला बतुंलाकार छन् बुध स्थल पोटिलो छ र बुध रेखालामो भै त्यहाँ पुगेको छ भने त्यस्ता व्यक्ति स्वतन्त्ररूपले कलात्मक व्यवसायद्वारा उन्नति गर्न सक्छन् र मानसम्मान हासिल गर्छन्। सुश्री सिखड़ाज्यू आफ्नो क्षेत्रमा मनोयोगल लाग्ने र ख्याति आर्जन गर्ने सुन्दर हृदय रेखा पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईको जन्मबार

केवल महिलाका लागि

रविबार— यदि तपाई आइतवारका दिन जन्मिनु भएको छ भने निश्चय नै तपाई उन्नति गर्न सक्नु हुन्छ । भाग्यशाली बन्न प्रयाश गर्नु होस्, बिकासको ढोका खुल्ला छ । तपाईमा निम्न गुणहरू हुनुपर्छ-आशावादी, भावुकता, कलात्मकता रसिकता, आदि । तपाईलाई कला, राजनीति, प्रशासन फाप्छ । तर तपाईमा निम्न अवगुण पनि आउन सक्छन्—ईर्ष्या, उग्रता, अहंकार क्रोध, उपेक्षा, आलस्य । अतः यी अवगुण आफूमा आउनदिनु भएन भने तपाईको व्यक्तित्व अवश्यै चम्केर जाने छ । निम्न रोगवाट सतर्क रहनु होस —नेत्ररोग, उदररोग, यौनरोग, त्वचा-रोग । सोमवार, मंगलबार, गुरुबार शुभ दिन हुन् । बुधबार सामान्य दिन र शुक्रबार र शनिबार शुभ दिन भन्न सकिन्न ।

सोमबार— तपाईको जन्म सोमवारका दिन भएको भए तपाईमा सरलता सहजता, कल्पना शील सच्चरित्रर आत्मभिमान यी गुण विद्यमान छन् । ललितकलामा, प्रकृतिमा लेखनकलामा साहित्यमा रूचि बढा नु होस मन बढेर जान्छ । मानसिक रचना गर्न सक्नु हुन्छ । ज्यादा कल्पिने ज्यादा महत्वाकांक्षा राख्ने, अधानक वा यका यकका भावना तपाईमा बढी छ, अलिक नियन्त्रण गर्नु होस् । हडबडे स्वभाव नलिनोस ।

रविवार, सोमबार, बुधबार शुभ दिन । मंगल बार र गुरुबार सामान्य र शनि-शुक्रबार अशुभ । सेतोरंग शुभ हुन्छ ।

मङ्गलवार— संगलवार जन्मिने महिलाहरूमा निम्न विशेषताहरू पाइन्छन्-उत्तर दायित्व भएका, पतिको सुख दुःखमा साझेदारी, कल्पना हीन, सीमित भावना तर आत्मनिर्भर बन्दछन् । पारि वारिक जीवनमा पनि भावनामय तुल्याउन सक्दै-नन् । सम्पत्तिका अधिकारिणी बन्न सक्छन् । निम्न अवगुण आउन सक्छ—स्वभावमा कठोरता पतिसंग बिद्रोह गर्ने, झगडालु इत्यादि । मंगलवार जन्मिने महिलाहरूलाई निम्न पेशाहरू फलिफाप हुन्छन् —प्रहरी बिभाग, इयर होस्टेज, पोल्ट्री फार्म, खेति किसानी, स्टेज डान्सर, वार्डनर, नर्स आदि ।

रविवार सबैभन्दा शुभ वार हो र बुधवार अशुभ । मंगलबार जन्मिने महिलाहरूलाई रातो रङ्गको सारी फाप्छ ।

बुधवार—यो दिन जन्मिने महिलाहरू स्नेह पूर्ण जीवन बिताउन पाउछन । बाल्यकाल राम्रो बित्छ । पितामाताको प्यार राम्रो रहन्छ । बुधबार जन्मिने नारीहरूको मुख्य विशेष हो किशोरावस्थामा नै आचरणमा प्रौढता आउन लाग्छ । अलमस्ती टाइपकी हुने हुँदा यिनीहरूको जीवनको गति फेरिन्छ । यद्यपि प्रभावशाली व्यक्तित्व रहन्छ तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदाकदा मूर्खतापूर्ण व्यवहारद्वारा अनेक समस्या खडा गर्छन्। निम्न पेशामा लाग्न सक्छन्— स्टेनो सेक्रेटरी, पी. ए, काल गर्ल। नृत्य स्टेज अथवा संगीतको पनि रूचि रहन्छ। अभिनय कला, चित्र कला शिल्पकला आदिमा पनि कलिफाप हुन्छ।

हरियो रंग शुभ हुन्छ।

बृहस्पतिवार- बिहीवार जन्मिने महिलाहरू प्रायः गरेर सद्विचार राख्ने हुन्छन्। सौन्दर्य प्रेमी, न्यायी, उपकारी बन्दछन्। हठ गर्ने हुन्छन्। विवाह पछि भाग्य चम्किन्छ। यसबार जन्मिने महिलाहरू कुशल शासक, निर्देशक बन्न सक्छन्। धार्मिक स्वभावका हुन्छन्। भाग्य अस्थिर रहन्छ। ज्यादा स्वाभिमानी हुनेहुँदा सम्मान कम भएको वेला कुण्ठित हुने गर्छन तर यशस्वी हुने गौरवशाली बन्ने योग्य व्यक्तित्व बनाउने विशेषताहरू रहन्छन्।

मंगलबार र सोमबार शुभ दिन हुन् र शनिबार मध्यम दिन अनि बुधबार र शुक्रबार अशुभ दिन हुन्।

पहेलो रङ्ग फाप्छ।

शुक्रबार— यो दिन जन्मिने नारीहरू बडो आकर्षक हुन्छन्। भावुकतामा बग्ने र समर्पणशील यिनीहरूको विशेता हो। घरेलु जीवन खूब मन पराउछन्। साजसाजमा श्रृंगारिक विषयमा पोख्त हुन्छन्। गृहस्थी वातावरणलाई रसिलो रमाइलो तुल्याउने खुबी रहन्छ। संगित कलामा नृत्यमा सौन्दर्य प्रसाधन कार्यमा कवित्वमा मनोविनोद सम्बन्धि कार्यमा फापीलो हुन्छ।

बुधबार र शुक्रबार शुभ दिन हुन् र रवि सोमबार अशुभ दिन हुन्।

शनिबार: शनिबार जन्मेका स्त्रीहरूमा सेवा-भाव प्रसस्तमात्रा पाइन्छ। यिनीहरूको भाग्य र कर्म बडो परिवर्तनशील रहन्छ। यिनीहरूमा उदारता लगनशील उपकारी र स्नेही भावना त पाइन्छ तर हठी र झडन्गे स्वभाव एकांकीपन पनि हुन्छ। असल पनि पात भने भाग्यशाली बन्छन्। सम्पर्क राम्रो पाएनन् भने दुर्नाम पाउने हुन्छन्। त्यसकारण कुसंगतिबाट जोगिने चेस्टा गर्नु पर्दछ।

शनिबार जन्मिने नारीहरूलाई शुक्रबार शुभ दिन र रबिबार सोमबार मंगलबार अशुभ दिन हुन।

निलो रंग फापिलो हुन्छ।

श्री ५ बडामहारानी सरकारको
२७ सौं शुभजन्मोत्सवको
शुभ उपलक्ष्यमा
मौसूफ सरकारप्रति
शुभकामना चढाउंछौं
RNAC
शाही नेपाल वायुसेवा निगम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी वेश भूषा र मेकअप

१) जुन स्त्री प्रचलित पोशाक विरुद्ध भिन्नै प्रकारको पोशाक लगाउछन् तिनीहरू आफ्नो व्यक्तित्वको भिन्नै सत्ता प्रदर्शित गर्न चाहन्छन्। यस्तो स्त्री प्रायः गरेर अरूको निर्देशनमा हिड्दैनन् आफ्नै स्वतंत्र बुद्धि र स्वतंत्र विचारमा रहन्छन्।

२) चटकदार लुगा लगाउने नारीमा चंचल प्रकृति पाइन्छ। अधिक कामुक पनि हुन्छन्। गम्भीर बन्न सक्तैनन्। उनीहरूलाई हल्का बजारू कुरा गरिरहन हाँस्न खेल्न मनोरंजनमा रौसिन मन पर्छ।

३) जुन नारी आफ्नो पोशाकमा वास्ता गर्दैनन्, बडो लापरवाहीसंग लुगा लाउँछन तिनीहरू अव्यस्थित मनोवृत्तिका हुन्छन। कुनै काम समयमा सम्पादन गर्न सक्तैनन्। उनीहरूको विचार र कार्य असंतुलित रहन्छ।

४) जुन स्त्री खुट्टाको जुत्ता मोजा देखि लिएर शरीरका सबै लुगा सावधानी पूर्वक लगाउँछन् तथा हर वस्त्रलाई तरीका साथ लगाउँछन् तिनीहरूको निरीक्षण शक्ति तीव्र हुन्छ। एक काम पूरा नगरी अर्कोमा हात हाल्दैनन्। गुणी तथा शिष्ट हुन्छन्।

५) जुन स्त्री हल्का मेकअप गर्छन् ती नारीहरू आफ्नो मनस्थिति पूरा व्यक्त गर्न सक्तैनन्। थोरै परिश्रममा थाक्छन्। तर जुन काम पनि निर्वाह पूर्वक भलिभाँति सोचेर गर्छन्।

६) जुन स्त्री भारी बाक्लो मेकअप गर्छन् ती नारी आक्रमक प्रवृत्तिकी र सतर्क दृष्टिकी हुन्छन्। घरलाई व्यवस्थित राख्न र आय-व्ययको संतुलन मिलाउन सक्छन।

७) जुन नारीले चटकदार मेकअप गर्दछन् तथा झलक्क हेर्दा अस्वाभाविक श्रृंगार गर्दछन् ती आइमाई उश्रृंखल स्वभावका हुन्छन्। धेरै नक्कल पार्ने आइमाईहरू उत्ताउला हुन्छन्, हाँस खेलमा समय बिताउने मनोरञ्जनमा मात्र रौसिने हुन्छन्। घरेलु कामकाजमा मन लाउँदैनन्। कुनै पनि उत्तरदाइत्व पालन गर्न कठिन पर्छ। तिनीहरू चिन्ताफिक्करबाट रहित भएर मौज-मज्जाको स्वच्छन्द जीवन बिताउन चाहन्छन्।

८) जुन स्त्री कहिल्यै पनि मेकअप गर्दैनन् ती महिला कल्पनाशिल, विचारशिल, गम्भीर, र महत्वाकांक्षी हुन्छन्। उनीहरू आफूलाई अरू नारी भन्दा केही भिन्न ठान्छनन् र आफ्नो व्यक्तित्वको गर्व गर्दछन्।

कहिल्यै मेकअप नगर्ने महिलाले कुनै खास अवसरमा मेकअप गरे भने उनीहरूको सौन्दर्य आकर्षक बन्दछ।

सेन्टको प्रयोग— मधुरो सुगन्ध भएको अत्तर प्रयोग गर्ने महिला सद्गुणी विचारवान लज्जाशीला तथा बुदिमती हुन्छन्।

ख) तीव्र गन्ध भएको सेन्ट आदि व्यवहारमा ल्याउने आइमाई संवेदात्मक हुन्छन्।

ग) यू. डी कोलन सुगन्धि प्रयोग गर्ने स्त्री बडी गतिशील हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँस्कृतिक संस्थानद्वारा

सर्व श्रेष्ठ नृत्यकार घोषित तथा पुरस्कृत

सुश्री विमला श्रेष्ठ जो.द.वा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. अग्ली आइमाई:—

अग्ली आइमाईमा बिवेकशीलता पाइन्छ। गुणी, मधुर भाषी स्वाभिमानि हुन्छन्। यिनीहरू उमंगिला र रसीला हुन्छन्। मानसिक र शारीरिक उमंग र स्फुर्ति रोक्न यिनीरूहलाई अलिक गाह्रै पर्छ। यस्ती आइमाई प्रायः स्वतन्त्र विचारमा हिड्ने गर्छन्। अर्काको धाक-दबावमा रहन यिनीहरूलाई मन पर्दैन। सौन्दर्य प्रति अधिक आकर्षण राख्ने पारख गर्न जान्ने यिनीहरूको मौलिक गुण हो।

ज्यादा अग्ली स्त्रीमा उपयुक्त गुण ज्यादा पाईन्छ। साथै धर्म कर्ममा मन नदिने, स्वार्थ सिद्ध गर्ने अनुकूल चाल चल्न सक्ने र मनमौजी प्रवृत्तिका हुन्छन्। उनीहरूलाई साज-शृंगार र ठाट बाटको जिन्दगी बिताउने रहर हुन्छ।

लामा कदका आइमाईहरू सितिमिति ठगिदैनन्। बजारमा किनमेल गर्न लाग्दा सबैतिर भाउ बुझेर खूब मोलतोल गरेर अनि किन्छन् फेरि कुनै खानेकुरा छान्न वा भोजनको स्वाद चाख्न पनि यिनीहरू सीपालु हुन्छन्। यिनीहरूमा राजनैतिक चाल चल्ने क्षमता पनि हुन्छ र साथै पुरुषलाई आकर्षक बनेर देखाउन पनि यिनीहरू सक्छन्।

२. पुड्की आइमाई:—

पुड्की आइमाईमा उदारता र सहिष्णुताका गुण बेसी पाइन्नन्। फेरि यिनीहरूको मुखको र पेटको कुरामा पनि अन्तर हुन्छ। यस्ती स्त्रीको सितिमिति अहिले मनपेट पाउन सक्तैनन्। कुरालाई हृदयमा गाँठो पारेर राख्न यिनीहरू सिपालु हुन्छन्। स्वार्थ भावना पनि बढी हुन्छ। यिनीहरू आफ्ना कतिपय स्वार्थहरू गुप्त आयोजना द्वारा पनि सिद्ध गर्न तत्पर रहन्छन्। ज्यादा डल्ली-पुड्की आइमाईमा माथिका गुण झन ज्यादा पाइन्छन्। अनुदार भावना राख्ने भित्रभित्रै कुहिने गर्छन्। तर मन दुःखी राखेर गलत कुरामा पनि अड्डी कस्नु, हठ चरम सीमासम्म गर्नु यिनीहरूको विशेषता हो।

३. पातली आइमाई:— पातलो शरीर भएकी नारी कुनै न कुनै कारणवस चिन्तामा मग्न रहन्छन् र साथै यदाकदा अधिक प्रसन्नता पनि व्यक्त गर्छन्। संतोषी स्वभाव यिनीहरूको मौलीक गुण हो। झट्टै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिसाउने, झट्टै खुशी हुने, मनमा कपट नर ख्ने सरल हृदय भएकी, स्वाभिमान राख्ने, जालझेलका काम कुरामा घृणा गर्ने यस्ती आइमाईको विशेषता हो। पातली आइमाई भाग्य वा ईश्वरमा विश्वस गर्छिन। आज्ञाकारी हुन्छन्। मार्यादा पालन गर्न तत्पर रहन्छन् सितिमिति यिनीहरू ठुस्सिदैनन्। ठुस्सिए पनि संम्झाए सम्झिन्छन्। यस्ती नारीले सुख, दुःखः, मान, अपमान प्राय पाइरहन्छन्। यिनीहरू निश्चल हृदयका हुन्छन्। तापनि कुनै कष्ट पऱ्यो भने अथवा कुनै व्यवहारिक सुख प्राप्त गर्न कुनै उत्तेजित वा अवाँछनिय काम कुरा पनि गर्न सक्छन्। तर पातली आइमाई रसिला, भावुक, दयालु आदि अनेक स्त्रीयोचित गुणले युक्त हुन्छन्।

मोटी आइमाई:—

मोटी नारी अति स्वार्थी हुन्छन्। बेपरवाही, मौजी, अल्छिन्नी, आफ्नो मात्र लाभ हेर्ने काम गर्न मन नपराउने अहंको मात्रा ज्यादा भएकी स्थूल शरीरको लक्षण छ। अति मोटी स्त्री असल हुन्नन्। ज्यादा खाने, ज्यादा सुत्ने, ज्यादा भोग-बिलास चाहने हुन्छन्। शारीरिक स्फूर्ति थ्याम्मै हुन्न। बसेर आमोद विनोद गरिरहने, आफु प्रसन्न रहने र अरुलाई पनि प्रसन्न पार्ने हुन्छन्। यस्ती आइमाई व्यवहार मा भने निपुण हुन्छन्। काम गराउन, नोकर-चाकर कजाउन र घरेलु तैनाथ गर्न यिनीहरू सफल हुन्छन्।

सामान्य कद:—

आइमाईको जीउ न लामो न छोटो, न पातलो, न मोटो ठिकक्को सुहाउँदो हुने उत्तम हुन्छ। मध्यम आकारकी नारी बडो फुर्तिली, रसिली अगाडी-पछाडी सबै सोच्न सक्ने उचित अनुचितको ख्याल राख्ने, धर्म अधर्मको विचार गर्न सक्ने, समय अनुसार क्रोध र दया तथा शक्तिलाई प्रयोग गर्ने श्रेष्ठ दर्जाकी नारी हुन्छन्। यिनीहरू अछिठो हुन्नन्। परिश्रमी, विवेकी, बिदूषी, सज्जनता गुण ग्राहिता यिनीहरूको विशेषता हो। यिनीहरू आफ्नो कामकाज नियमित तत्र मर्यादित रूपमा गर्न मन पराउँछन्। क्षमा, शान्ति धैर्य पनि यिनीहरूमा पर्याप्त पाइ छ। इलम सिक्न यिनीहरू तंसिन्छन। राय, परामर्श गर्ने, फटीली र दह्रिली नारी यस वर्गमा पर्छन्। पुरुष-लाई यिनीहरू पुरै हृदयले मदत गर्छन्। दुनियामा यशस्वी काम गरेर मान पुरस्कार पाउने, नामचलेकी, ऐतिहासिक नारी, कलाकार उत्तम सम्मान पाएकी स्त्रीको शरीर प्रायः मध्याकार हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी अनुहार

वाटुलो अनुहार:—

अनुहार झलक्क हेर्दा बाटुलो, निधार पनि केही बाटुलो, गाला भरिला पुक्का उठेका, चिउँडो तिर किंचित लामो परेको, न मोटी न पातली ठीकको जीउ भएकी, अनुहार बाटुलो भए पनि आँखा केही लाम्चिएका, ओठ पातला रक्त वर्णका हुने स्त्री श्रेष्ठ दर्जामा गनिन्छन् । सदा प्रसन्न रहने, रागद्वेष हृदयमा नसह्याल्ने इर्ष्या रहित, पारख गर्न जान्ने र अनेक गुणले पूर्ण यस्ती स्त्री युक्त हुन्छन् । यस्ती



आइमाईहरू कम मिहिनेतमा ज्यादा सफलता प्राप्त गर्छन् । यिनीहरूमा स्वाभिमान चाहीं पूरा हुन्छ र अलिक अलमस्त पनि हुन्छन् । भावुकता र सहृदयता यिनीहरूको मौलिक गुण हो ।

बाटुलो भन्नाले भकुण्डो जस्तो एकदमै गोलो अनुहार शुभ हुन्न । यस्ती स्त्रीमा उपरोक्त गुण पूरा मात्रामा हुन्नन् । ती विश्वसनीय पनि हुन्नन् साथै नारी सुलभ गुण यिनीहरूमा बहुतै कम पाइन्छ । बाटुलो भैकन पनि चिउँडोनेर अलि-अलि लाम्चिएको, फुकेको र वर्तुलाकार परेको हुनुपर्छ ।

ज्यामितिको हिसाबले पनि समकोणाकृति अर्थात् नाक र ओठको सधिस्थलबाट कान मुनि सम्म एउटा सरल रेखा र चिउँडोबाट निधार संम अर्को सरल रेखा ताने चिउँडो मुनि र निधार माथि बराबर ९० अंशको कोण समानान्तरमा परेको हुन्छ । यसको फल लक्षण छ : अत्यन्त उच्च नारीत्व गुण, पूर्ण सभ्य, सहनशीला, स्पष्ट व्यवहार कर्त्री, सौम्यताले युक्त, गम्भीर विचारवती र अति कोमल हुन्छन । यस्तो अनुहार हुने आइमाई सितिमिति रिसाउँदैनन् र रिसाए भने फेरि यिनीहरूलाई समाल्न गाह्रारो पर्छ ।

लामो अनुहार:—

लामो अनुहार दुई किसिमको हुन्छ । (क) सुलुत्त परेको लामो पातलो चिउँडोतिर वर्गाकार र (ख) भरिलो लामो, चिउँडोनेर अण्डाकार ।

(क) यस प्रकारको अनुहार हुने स्त्री चञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असहनशील, हठी क्रोध र सुख सुविधामा कमी अनुभव गर्ने हुन्छन् । आफू कसैद्वारा ठगिएको वा पूर्ण स्नेहद्वारा वंचित भएको पनि ठान्छन् । अलिक सन्काही पनि हुन्छन् । यिनीहरूमा साहस र भीरू-तातो गजबको मिश्रण पाइन्छ अर्थात् कहिले कर्मठ न्यायप्रिय, होसलेदार हुन्छन् त कहिले मानसिक सबलताले हीन, उदासिने, अस्थिर भएर छटपटिने गर्छन् । यी भावनाको तीव्र प्रवाहमा पनि बग्ने गर्छन् । एक छिनमै क्रोधातिरेकमा आउने र एक छिनमै शान्त सौम्य देखिने एक छिनमैं परम

सन्तुष्टिलिने र एकछिनमैं आत्म ग्लानिद्वारा पिल्सने गर्छन् । आर्थिक क्षेत्रमा पनि यिनीहरू सफल हुन्नन् । नाक छोटो भए अहंकारको मात्रा बढी र स्वभावमा हीनत्वको भावना लिने हुन्छन् तथा नाक लामो भए स्वार्थी, हठी विवादी र अनेक चाल चल्ने खेलाडी पनि हुन्छन् ।

(ख) यस प्रकारको मोहडा हुने स्त्री अर्थात् बाक्लो लामो, चिउँडोतिर अण्डाकार परेको, ओठ नाक गाला न ज्यादा लामो न ज्यादा छोटो न बाटुलो ठीक्क मिलेको अनुहार असल हुन्छ । यस्ती नारी भाग्यवती, यशस्वी, विदूषी, कदरदार तथा कर्मठ हुन्छन् । यिनीहरूमा चञ्चलता र भावुकता पनि पाइन्छ तर धेरै कुरा जान्ने इच्छा, खेलाडी भावना, कला प्रेम विचारशीलता, क्रीडा कौशलमा निपुणताका साथै अनेक विषयमा रुचि लिन्छन् । नं. क को जस्तो एकोहोरो हठमा अडिदैनन् । कुरा बुझ्ने र मर्म जान्ने गर्छन् ।

थेप्चो, चेप्पटो अनुहार :—

आइमाईको अनुहार न लामो छ न बाटुलो छ, झलक्क हेर्दा थेप्चो देखिन्छ या केही कोप्चिएको अथवा पाटे परेको छ भने राम्रो हुन्न । यस्ता अनुहार न हिस्सी सुन्दर आकर्षक देखिन्छन् न

सौम्य र सभ्यताका गुणनै दृष्टि गोचर हुन्छ । यस्ता अनुहार हुने स्त्री ज्ञानवान विदुषी हुन्नन् धन कमाउने र संग्रह गर्ने काममा भने यस्ता अनुहारका आइमाई सिपालु हुन्छन् । यिनीहरू आफ्नो जिवीका आफै चलाउन मन पराउँछन् । कसैको भर नपर्ने, पोइले वा अरूले कमाउँदैला र खाउँला लाउँला भन्ने आश्रित स्वभाव यिनीहरूमा हुन्न । तर मीठो खाने र राम्रो लगाउने यिनीहरूको उद्देश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फिल्म औ ज्योतिष— एक सिने अभिनेत्रीलाई भविष्यवाणी

जन्म — ८ जुन १९५७ राती २'४'८

८ श.	७ रा.	६ गु चं.	५	४
९		डिम्पल कपाडिया	३ मं० शु०	
१०	११	१२	१ रा लग्न	२ बु० सू०

'ज्योतिष-दर्शन' को अङ्क ६ मा प्रसिद्ध सिनेकलाकार श्री माला लोहिनीको हातद्वारा कलात्मक हातको बनोट बारे दिग्दर्शन गराएका छौं। यहाँ जन्मकुण्डलीमा सफल सिने नायिका योग देखाउँदै छौं। हुन त यो कुण्डलीकी नायिका एउटा मात्रै फिल्ममा काम गरेकी छिन् तर एउटा फिल्ममा काम गरे पनि यिनले ठूलो प्रभाव जमाइन्।

'झूट बोले कौवा काटे काले कौवे से डरियो' वा 'हम तुम एक कमरे में बन्द हो— और चाभी खोजाये गीत गुञ्जाउने "बाबी" फिल्मकी नायिका 'डिम्पल कपाडिया'को जन्मकुण्डली हो यो। यसमा ग्रह योग असाधारण छन्। १६ वर्षको कलिलो उमेरमा लखपतिसंग बिहे हुनु, त्यसै ताक फिल्ममा प्रसिद्धि पाहनु यस्तो उच्च कोटिको योग गसरी परेका छन्— चन्द्र-गुरु, मङ्गल शुक्र, बुध-सूर्य यिनीहरूको परस्प्रर संयोग छ। पैलो र दोस्रो योगले नै महान् कलाकार वा प्रथम श्रेणीका सिनेतातिका बन एको छ। यद्यपि डिम्पल कपाडियाले भविष्यमा फिल्ममा काम नगर्ने सङ्कल्प गरेकी छिन् तर पनि ग्रह द्वारा के प्रतीत हुन्छ भने उनी पुनः फिल्म क्षेत्रमा आउने छिन्— सन् १९८० सम्म उनीद्वारा एक, दुई यस्ता अभिनय फिल्ममा हुने छन् जसले गर्दा उनी प्रसिद्धिको चूलीमा पुग्ने छिन्— श्रेष्ठ पुरस्कारहरू पाउने छिन्।

(पेज ४४ को बाँकी)

रहन्छ। यिनीहरू कला कौशल तथा भावुकताको क्षेत्रमा प्रायः शून्य रहन्छन्। बहादुरीको काममा शुन्याइँ र छिम्मतिलो काममा अघि सर्छन्।

★ भाग्यशालिनी स्त्रीको अनुहार सौम्य, कोमल आभायुक्त हुन्छ।

★ कान्तियुक्त, आकर्षक, हिस्सी परेको सुलक्षण नारीको अनुहार हुन्छ।

★ चिच्छन, पोटीलो, सामान्य गोलो अनुहार की नारी पारखी, भावुक हुन्छन्।

★ भव्य तेजिलो प्रभावशाली अनुहार हुने नारीमा नेतृत्व गुण हुन्छ।

★ चम्किलो, कोमल, हँसिलो रौनकयुक्त अनुहार का नारी कलाकार हुन्छन्।

★ ज्यादा चारपाटे अनुहार भएकी स्त्री धूर्त, चलाकी र धोकेबाजी हुन्छन्।

★ ज्यादा थातुलो अनुहार भएकी स्त्री अविश्वसनीय हुन्छन्।

★ ठूलो अनुहार ठूलै मुख भएकी स्त्री दुर्भाग्य-शालिनी हुन्छन्।

★ पुरूषको जस्तो अनुहार भएकी स्त्री असल हुन्नन्।

★ दुष्टकर्म गर्ने, पापिनी आइमाईको अनुहार सुँगुर, बल्लू, कुकुर, चितुवा, गोही आदि जनावरका अनुहारको कुनै अङ्ग सग प्रायः मिल्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी केश विन्यास

प्राचीन कालमा नारीका लागि मुख्य शोभा शिरको केश मानिन्थ्यो। उहिलेका कवि साहित्यकारहरूले स्त्रीको केश माथि अत्यन्त भावुक एवं मुग्ध भएर लेखे, स्त्री केशलाई अनेक उपमा दिए। प्रारम्भिक कालका आधुनिक कवि साहित्यिकहरूले पनि नारी केश माथि भाव विभोर भएर रचना गरेका छन्। हुन पनि नारीलाई नारीत्व प्रदान गर्ने नारी जीवनलाई सौन्दर्यमय बनाउने उसको टाउकाको कपाल हो। केश सौन्दर्य प्रसाधन मात्र नभएर नारी लक्षण पनि मानिएको छ। खास गरेर हाम्री आर्य हिन्दु नारीहरूको त शारीरिक सुन्दरता र सुलक्षणत को मापदण्ड नै केश हो। 'दीर्घ केशा सुलक्षणा' वा 'कृष्ण केशा सुखी भवेत्' भनेर केश बारे पर्याप्त वर्णन गरेका छन्।



१) झपक्क परेको लामो कपाल रहाइमा कवि-साहित्यकारहरूले नै मुग्ध भएर साहित्यिक रचना गर्थे। उहिलेका नारीहरू सीता, सतिसावित्री, देवी वा कुनै पूजनीय चर्चित नारीको जे जति चित्रण पाउँछौं ती सम्मैको केशराशि घना, दीर्घ चिल्लो, कोमल हेर्दा सुन्दर देखिन्छ। पश्चिमा मुलुकी ऐतिहासिक नारीको टाउकोमा पनि घना केशराशि हुन्छ।

यस्तो लामो, बाक्लो, चिल्लो कालो केश हुने नारीमा शील स्वभाव असल हुन्छ। भावुक हृदयकी, कलाकार, असल गृहिणीको गुण र शिष्ट व्यवहार भएकी नारीको परिचय दीर्घ केशद्वारा पाइन्छ। यस्ती नारी सद्गुणले युक्त ममतामयी, पूर्णनारीत्व, सरलता, कोमलता आदि सुन्दर उपमाले भूषित हुन्छन्। नारी लक्षणका शास्त्रकारहरूले पनि कालो लामो, चिल्लो कपाललाई सर्व श्रेष्ठ मानेका छन्।

लामो सुन्दर कपाल टाउको पछाडि त्यसै झपक्क लर्काएर छोड्नु र त्यसलाई सुन्दर चुल्ठो पार्नुमा भिन्नता के छ भने त्यसै छोड्नेहरू ज्यादा भावुक, बैस उन्मत्त अलमस्तेपन आकर्षक, प्रेमी, हुन्छन् तथा चुल्ठो पार्नेहरू चैं छिटो छरितोका परिचयक हुन्। आफ्नो लामो कपाललाई कोरीबाटी गरेर चिटिक्क पार्छन्। यस्ती नारी काम काजमा व्यस्त रहने, सक्रिय व्यवहार तुल्याउने र केही न केही काममा व्यस्त रहने गर्छन्। केश लामो कालो सुन्दर परेको छ भने चुल्ठो पारे पनि नपारे पनि सुन्दर फल पर्छ र चुल्ठो त पारेको छ तर केश छोटो छ फुर्लो छ वा कृत्रिम केश हालेर स्वाँग पारेको छ भने शुभ लक्षण हुन्न।

२) टाउको पछाडि कसेर केशको बीडा पार्ने नारीमा केही कठोरपन पाइन्छ। तिनीहरूले आफ्ना मनलाई बाँधेर राख्न सक्छन्, जता पायो उतै छाडा छोड्दैनन्। संयम पालन गर्ने आफ्ना काम काजलाई नियमित सञ्चालन गर्ने, मर्यादाका कुरा गर्ने, अर्ति उपदेश दिन तंसिने र सन्तुलित व्यवहार मन पराउने यिनीहरूको स्वभाव हुन्छ। यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइमाई भावुकतामा बग्दैनन् । यिनीहरूको खास विशेषता छ अरू आइमाईलाई पनि आफू सरहका पाए भने खूब हेलमेल गर्छन् नत्र प्रायः तटस्थ रहछन् र आलोचना गर्न थाल्छन् । यस्तो जुरो

पार्ने आइमाईमा अर्को खूबी के पाइन्छ भने आधुनिक विषय वा सामयिक प्रसंगमा अधिकार पूर्वक आलोचना गर्न अगाडि सर्छन् ।

३) आज अधिकाँश नारीहरूले कपाललाई छाँटकाँट गर्न थालेका छन् । शरीर विज्ञान दृष्टिबाट आधुनिक व्यस्त जीवन कार्यक्रमहरूको दृष्टिबाट शरीरलाई हलुङ्गो पार्नु उचित छ, कपाल छाँटेकी आइमाईको जीउ हलुङ्गो फुर्तिलो हुन्छ । गाँटोसम्म या कुमसम्म मात्र केश राखेर फाल्टु कपाल काटेर मिल्काई दिन्छन् । पश्चिमतिर यसलाई 'बवकट स्टाइल' भनिन्छ । यो फुर्ति र शक्तिको परिचायक हो । यस्ती नारीले आफूलाई हरेक क्षेत्रमा सरीक तुल्याउन सक्छन् । यिनीहरूमा पुरुषसंग मिलेर बराबर काम गर्ने क्षमता हुन्छ । टठी घठी, चंचली फुर्तिली स्त्री यसै वर्गमा पर्छन् । कुनै समाजमा

मिल्न कुनै ठाउँमा भाग लिन लाजसंग चसन्दैनन् । हृदयको अवगुंठन यिनीहरूमा फुक्का हुन्छ । कृत्रिमतामा नपर्ने, वास्तविकता मन पराउने गुणले युक्त यिनीहरू कसशील हुन्छन् । तर यस्तो कपाल

राख्ने कुनै नारी गम्भीर विषयमा सितिमिति पस्न सक्तैनन् । कुरा गर्दा पनि साधारण हलुका विषय लिन्छन्, झंझटदेखि पन्छिन चाहन्छन् । धेरै चिन्तित नहुने, जीवनलाई क्लेश रहित सामान्य बिताउन खोज्ने र आफूलाई शक्तिशालिनी एवं स्फुर्तिली बनाइराख्ने यिनीहरूको विशेषता हो ।

४) यसका पनि सबै विशेषता र गुणहरू रानी संग मिल्दछन् । ज्यादा कठोरता अहंवादी, अज्ञानी र आफुलाई सबै भन्दा अलग एवं श्रेष्ठ सम्झने गुण यिनीहरूमा अधिक पाइन्छ । टाउको माथि अग्लो कपालको जुरो पार्ने नारीमा कृतघ्नता ज्यादा हुन्छ । स्त्रीयोचित गुण कम र स्वाँगे बानी ज्यादा हुन्छ सुशीलता, कोमलता सन्हृदयता सौम्यता आदि सद्गुण टाउको माथि जुरो पार्ने बेलामा नारीबाट लोप भएको हुन्छ । कृतिम कपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिडो राखेर टाउको माथि अग्लो जुरो पार्ने स्त्रीहरूले आफुलाई श्रेष्ठ उच्च असल ठान्दछन् तर वास्तवमा समाज तथा व्यवहारबाट त्यस्ती हुन्नन्।

कपाल काट्ने :—

५) हिजो आज कपाल काटेर मुडुलिने पुरुषरूप धारणा गर्न मन पराउने टाउकोमा टोपी, सुटेट बुटेट छोरो मान्छे जस्तो बन्ने आइमाई पनि देखिन्छन्। यो पश्चिममा चलन हो र हाम्रोतिर पनि कता-कति आइराखेको छ। आफू पुरुषवत फैशनमा सज उन रुचाउने स्त्रीमा पुरुषं चित गुण तथा लक्षण पाइन्छ। छोरामान्छेले गर्ने जम्मै काम यिनीहरू गर्छन्, प्रतिस्पर्द्धामा बीरता देखाउने खूब लालस रहन्छ। यिनीहरूमा साहस, हिम्मत, कर्मठता, हौसला तथा नयाँ-नयाँ विचार र भावनाहरू पर्याप्त मात्रामा पाइन्छ। अवसर पाए भने यिनीहरू वैज्ञानिक क्षेत्रमा सफल हुने, ठुल्ठूला उद्योग गर्ने, वीरोचित काम गरेर प्रसंसा पाउने आदि काममा सफल हुन्छन। तर गृह कार्यमा यिनीहरू बाँधिन

श्री ५ बडामहारानी सरकारको
२७ सौं
शुभ जन्मोत्सवको उपलक्षमा
मौसूफ सरकरको
दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्ने
सेती-महाकाली धान चामल निर्यात कम्पनी लि०
धनगढ़ी, कैलाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैनन् । यिनीहरूको क्षेत्र खुल्ला रहन्छ मन खुल्ला रहन्छ, आँट र हौसला बहादुरी न रहन्छन् । घोडा दौडाउने, मोटर जहाज आदि चलाउने, शिकार

खेल्ने, पुरुषको भन्दा पनि तेज र सशक्त प्रवृत्ति राख्ने यस्ता नारीहरुमा गुण पाईन्छ । सुशीलता, कोमलता अनि नारीगुण यिनीहरूमा प्रायः बहुत कम हुन्छ ।

६) जुन स्त्रीको टाउकाको कपाल सोझो, सिलिक्क परेको अगाडिको भाग लर्केर निधारतिर झर्ने हुन्छ त्यो असल मानिएको छ । यस्ता आत्म संरक्षण गर्न जान्ने, सरल स्वभावको, आफ्नो कार्य पद्धति सोझै गर्ने, स्पष्टवादीता आदि गुणले युक्त हुन्छन् ।

७) कपाल सोझो नभएर केही लहरिएको छ भने विनम्र स्वभाव, सौम्यता, कलाप्रेम र हार्दिकताका गुण हुन्छन् र आत्मिक र तन्त्र मिजास हुन्छ ।

८) ज्यादा घुंघुरिएको मुजा परेको छ भने मन मौजी स्वभावकी, स्वच्छन्दवादी चञ्चल तथा देखावटीपन अधिक भएकी नारी स्वभाव जनाउँछ ।

९) जसको टाउकोमा कपाल अगाडी भन्दा पछाडि ज्यादा उम्रिएकोहुन्छ जसले गर्दा निधारको मात्रा पर्याप्त खाली देखिन्छ त्यस्ती नारी स्वाभीमानी हुन्छन् प्रत्येक स्थितीमा आफ्नो मानको रक्षा गर्ने र अरूबाट भएको उपेक्षा सहन नगर्ने हुन्छन् ।

१०) जसको टाउकोमा पछाडि भन्दा अगाडी बढि कपाल उम्रिएको हुन्छ जसले गर्दा निधार सानो बन्छ त्यस्ती नारीमा केही संकुचित हृदय स्वार्थी दुर्बल मनोभाव भएकी हुन्छन् ।

११) जसको कपालमा अगाडि दाहिने क्षेत्रे केश नउम्रिएको र माममा उम्रिएको जसले गर्दा निधारको स्वरूप अर्द्ध चन्द्राकार परेको देखिन्छ भने यस्ती नारी पारखी, लेख-पढ गर्न तम्सिने, कलामा गम्भीरता पूर्वक वार्तालाप गर्ने, चिन्तनप्रिय हुन्छन् ।

१२) जसको कपालमा दाहिने देब्रे भयाप्पै रौं उम्रिएको माझमा रौंहीन जसले गर्दा तालु ठूलो चौडो र अग्लो पर्न गएको देखिन्छ भने यस्ती नारी शासक बन्न सक्छन् नेता, अधिकारीणि, ठूलो ओहदमा काम गर्ने गुण हुन्छ ।

१३) जुन आइमाईले कपाल कोर्दा रौंको केही झुप्पो निधारतिर लर्काउँछन, आँखीभौंमा कान पट्टितिर फनक रौंका झुप्पा घुमाएर कोर्के पारेका हुन्छन् । ती आइमाईको व्यक्तित्व चमकदार त हुन्छ तर प्रभावशाली हुन्न । आफ्नो कपालको अनुहारमा नक्कल गर्ने यस्ती नारीहरू आफ्नो फुर्साई सुन्न मन पराउँछन । केही स्थिर चित्तका त हुन्छन् हेर्दा सरल सुधी पनि देखिन्छन् तर यदाकदा उनीहरूको बोलिवचन बडो तेज पोच्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुमरीः—

कसै कसैको कपालमा भुमरी परेको देखिन्छ। आइमाईको निधारमा भुमरी परेको भए ज्यादा अशुभ हुन्छ। पतिविहिना नारीमा त्यस्तो देखिन्छ। दाहिने होस् चाहे देब्रेतिर निधार र कपालको सन्धि स्थलमा केशद्वारा भुमरी परेको छ भने यस्ता आइमाई रिसाही, अलच्छिनी, पतिवञ्चिता आदि अनेक अशुभ फल पाउँछन्।

केश रङ्गः—

जुन आइमाईको कपाल निक्खर कालो, चिल्लो कमलो लामो हुन्छ त्यो असल हो। कपालको रङ्ग खैरो, रातो, पहेंलो, फुस्रो असल हुन्न। खैरो रङ्गको मोटो कडा केश हुने नारीमा दुराचारी स्वभावले प्रवेश गर्छ। सेतो-सेतो फुस्रो वा कैलो केश हुने स्त्री पति-परिवारका लागि शुभदायी हुन्नन्। बाक्लो लामो केशले बुद्धिमान र अल्प पातलो थोरै केशले कपटी स्वभाव जन उँछ। मोटो, फुस्रो, छोटो, खस्रो कपाल हुनेहरू कठोर बुद्धि भएका, हठी, लोभी, स्वार्थी हुन्छन् अनि कमलो लामो चिल्लो कालो कपाल भएका आइमाई बुद्धिमान मधुर भाषी, स्नेह, सद्गुणले युक्त कोमल स्वभावका बेश नारी हुन्छन्।

पुत्रवती लक्षण

१) दाहिने स्तन केही ठूलो छ भने श्रेष्ठ पुत्रवती
२) देब्रे गालामा कोठी भए पति-प्रेम र पुत्र सुख राम्रो
३) छातीमा सुन्दर कोठी भए पुत्रवती
४) गालामा मूसो निस्कियो भने पुत्र प्राप्ती
५) चिउँडोमा कोठी भए प्रथम पुत्र

नारीहरूको

सुन्दर हुनुपर्छ—	नङ, रौं, त्वचा, नेत्र, आकृति
रातो हुनुपर्छ—	तालु, नङ, जिब्रो, ओठ, नेत्र, गुह्यअंग
ठूलो हुनुपर्छ—	नेत्र, नितम्ब, छाती
लामो हुनुपर्छ—	नङ, दाँत, केश, मुख, पाखुरा, औंला, आँखा
वाटुलो हुनुपर्छ—	अनुहार, स्तन, जाँघ, घुँडा, घाँटी, नाभि, शिर
छोटो हुनुपर्छ—	घाँटी, काँन, जाँघ
मसिनो हुनुपर्छ—	रौं औंलाका आख्ला, त्वचा
गम्भीर हुनुपर्छ—	आवाज, चाल, नाइटो
अग्लो हुनुपर्छ—	नाक, आँखा, निधार, मस्तिष्क, हृदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हास्य विनोद

आइमाईको देश

पुराना कथामा कताकति आइमाईको राज्यबारे भनिएको छ। देशभरि सर्वत्र आइमाई भएको देशको शासन आइमाईले चलाएको कुरा हरू छन्। कुनै देशमा त छोरा मान्छेको नाम निशान हुन्नथ्यो अरे। रानी, मंत्री, सेना, जनता सबै आइमाई हुन्थे अरे। कुनै कुनै ठाउँमा के पनि भनिएको छ भने कुनै देशको लोग्ने मान्छे भूले भड्केर कुनै आइमाईको राज्यमा पुगिहाल्यो भने त्यो फेरि बाँचेर फिर्दैनथ्यो। त्यहाँका नारी प्रहरीहरूले समातेर कि बलि चढाउँथे, कि दारी छेड लगेर भेडो बाख्रो बनाइ राख्थे कि भोग विलास गरेर मारिदिन्थे अरे।

तर ती केवल तिलस्मी कथा हुन्, जादूदेशका किंवदंति कुरा हुन्। उटपट्याइँला कुरा बाहेक केही होइन; अथवा कुनै लेखनदासले वा बोलन्ते दासले आजका जासुसी कुरा लेखे झैं मन गढन्त गफ हाँकेको हो।

तर आइमाईको देश आज कतै नभए पनि कताकति आइमाईले राज्य चलाएको देखिएकै छ। बुद्धिमा, राजनीतिमा चालबाजीमा वा अन्य कुनै क्रिया-कलापमा कुनै कुनै आइमाईले पुरुषलाई उछिन्दै गएका छन्। हाम्रो मुलुकमा पनि आइमाईले उछिन्न लागेका छन्। हालको जनगणनामा कुनै कुनै जिल्लामा आइमाईको संख्या ज्यादा निस्कियो। यति मात्र होइन, हाम्रा जसका घरमा हेर्छौं केटाको भन्दा केटीको संख्या बढी पाउँछौं। जुन आइमाईले पनि छोरी धेरै पाएको घरघरको सर्वेक्षणबाट भेटिएको छ। एकदोटा परिवारमा मात्र छोरी कम भेटिन्छन् नत्र प्रजनन क्रियामा आजका नारीहरू धुमधामसंग नारीको संख्या बढाउन कम्मर कस्दै छन्। यसरी नै दिनप्रतिदिन नारीहरूले छोरी पाउँदै आइमाईहरूको संख्या बढाउँदै गए भने आगामी ०३८ को जन-गणनामा पचीस प्रतिशत त अवश्यै पनि बढ्ला। अनि प्रतिवर्ष बढ्दै सुदूर भविष्यमा नारीको बाहुल्यता नहोला भन्नु परोइन। दुईचार सय वर्षसम्म आइमाई आइमाईले देश भरियो भने पनि कुनै आश्चर्य छैन। हुँदा हुँदा कुनै समय यस्तो पनि आउला जहाँ छोरा मान्छेको न त जरुरतै पर्ला न वास्ता नै रहला।

अमेरिकाका आइमाईले आज पनि प्रतिवर्ष हजारौंको संख्यामा छोरा मान्छे बिना नै सन्तान जन्माइरहेका छन् रे। कृत्रिम गर्भाधानको प्रथा धुमधामसंग चल्दैछ। बिना संभोग प्रजनन र नारीको संख्या वृद्धि यी दुवै जो भर्खर टुसाउँदै छन्, विकसित भैसकेपछि तेतिखेरको समाज कस्तो होला? वा एक डेढ हजार वर्षसम्म यस्तै क्रम रह्यो भने नारीहरूले के गरेका हुनन्? तेतिबेला आइमाईको राज चलेको पनि हुन सक्ला पुरुषको कुनै आवश्यकता नपरेको वा पुरुष जातिलाई देखि नसहेर यसै लखेटाउने या पुरुष वर्गदेखि नै घिनाउने गर्ने बेर छैन। यौन तृप्तिका लागि कृत्रिम प्रयोग गर्लान् कितभने यौन प्रवृति नै मासिने औषधि प्रयोग गर्लान्। तर तिनीहरूले केही पुरुष छानेर खोरमा थुनि राख्लान् र सन्तान चाहिंदा तेसबाट वीर्य दुहेर आफ्नो गर्भमा हाल्लान्। आज गाई भैंसी कीलामा बाँधेर राखेको र दूध दुहेको झैं पुरुषलाई कीलामा बाँधेर राख्लान् र वीर्य दुह्ने गर्लान्। कहिल्यै नबिग्रिने रसायनिक वस्तुमा वीर्य संगाल्लान् अनि आवश्यक परेको वेलामा प्रयोग गरेर प्रजनन गर्लान्। यदि तेसबाट छोरो जन्मियो भने कि बियाडका लागि शहरदेखि दूर जंगलमा ठूलो खोर बनाएर तेसभित्र बाँधी राख्लान् घाँसपात दिएर पाल्लान्। छोरी पाउँदा खुशी होलान्, तेसलाई रमरी हुर्काउँदै लग्लान्। यसरी जता तै आइ... होलान्। अतः कुनै कुनै ठाउँमा आइमाई... ग्रह। ...माईको देश थियो रे भन्ने पुराना कथा... ...यल। भविष्यमा पनि कुनै ठाउँमा आइम... चलन गयो भने कुनै उद्देक लाग... ग्रहहरूको तारतम्यबाट ...एको वा नभएको चारित्रिक ...पत्तो लाग्छ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्री सामुद्रिक—

नारी आकृति विज्ञान

सर्वाङ्ग शरीर लक्षण फल

नाक:— दीर्घोर्ङ्गेण नासीकाग्रेण नारी भवति कोपना ।
ह्रस्वेण च भवेद्दासी परकर्मकरी सदा ।
चिपिटा नासिका यस्या सैधव्यमधिगच्छति ॥

लामो मोटो नाक हुने नारी क्रोधी स्वभावकी हुन्छन् । साह्रै ठूलो नाक हुने नारी दासी स्वभावकी हुन्छे । चेप्टो नाक विधुवाको लक्षण हो । टेडो नाक हुने नारी पतिप्रिश्रेय हुन सक्तैन । टोप्रा ठूल्ठूल्ला भएको नाक भएकीस्त्री असल हुन्न । उन्नत, सोभ्रो, न ठूलो, न सानो ठिक्कको नाक शुभ लक्षण हुन्छ ।

कान:— जुन स्त्रीको कान लामा, सुन्दर, घुमाउदार, कोमल छन् त्यो शुभ लक्षण हो । छोटो, टेढो–मेडो ज्यादा पातला, नसा निक्लिएका, लोती ननिस्केको, असमान कान हुने स्त्री अशुभ लक्षणले युक्त हुन्छन् ।

आँखा:— (१) कमल आकारका ठूला आंखा, लालिमा युक्त हुने स्त्री सुलक्ष, सुख–सोभाग्यशाली हुन्छन् ।
(२) हरिण, खरायो, सुँगुरका जस्ता आंखा हुने स्त्री अनेक सुख पाउने हुन्छन् ।
(३) भेडा र भैंसीका जस्ता आंखा हुने नारी सौभाग्यहीन तथा कामातुर हुन्छन् ।
(४) गाईका जस्ता पहेंला आंखा हुने स्त्री दुश्चरित्रा हुन्छन् । पापीनी पनि हुन्छन् ।
(५) हात्तीका जस्ता साह्रै साना आंखा हुने स्त्रीले सबै प्रकारको सुख पाउछन् ।
(६) परेवाका जस्ता आंखा हुने स्त्रीको स्वभाव असल हुन्न ।
(७) लामा आंखा हुने स्त्रीले सबै ठाउँमा सम्मान पाउँछन्; पूर्ण पति प्रेम पाउँछन् ।
(८) गुच्चा जस्ता एकदमै गोल आंखा हुने स्त्रीको चरित्र शुद्ध हुन्न ।
(९) राता आंखा हिंसक स्वभाव ।
(१०) दुवै आंखा परस्पर समीप छन् भने त्यस्ता स्त्री चलाख र धोकेबाज हुन्छन् ।
(११) दुवै आंखा परस्पर धेरै टाढा भए मूर्खा ।
(१२) खोको आंखा हुने स्त्री दुष्ट हुन्छन् ।
(१३) साना आँखा हुने स्त्री पतिलाई वशमा राख्न सक्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४) आँखाको पुतली मह रंगको भए ऐश्वर्यशालिनी हुन्छन् ।

(१५) नील कमल जस्तो लावण्यमय नारीका आँखा अत्यन्त शुभ हुन्छ ।

दृष्टिः— (१) उर्द्ध दृष्टिद्वारा हेर्ने स्त्री उन्नतिशील हुन्छन् तर केही उग्र स्वभाव । (२) सोझो सामु दृष्टि राख्ने स्त्री सरल तथा धार्मिक हुन्छन् । (३) तलमात्र हेर्ने नारी पापिनी हुन्छ । (४) तेर्छो दृष्टि फर्काउने नारी क्रोधिनी हुन्छन् । (५) आँखामा आँखा भिडाएर हेर्ने नारी निडर हुन्छन्, केही निर्लज्ज । (६) लुकी लुकी हेर्ने नारी विषयी हुन्छन् । (७) स्निग्ध दृष्टि दयालु नारीको हुन्छ । (८) चञ्चले दृष्टि कामुकताको लक्षण ।

नारी निधारः— अर्द्धचन्द्रकार, नसा-बिहीन तीन अंगुलको नारी ललाट शुभ सुख-सौभाग्यदायक हुन्छ । (२) निधारमा नसा व्याप्त भएकी स्त्री रोगिणी हुन्छन् । (३) एकदमै लामो निधार हुने, ज्यादा चौडो निधार हुनै स्त्रीको चरित्र संदेहप्रद रहन्छ (४) निष्कपट तथा सच्चा हृदय भएका नारीको ललाट सोझो समान हुन्छ, नअधिक उच्च, नअधिक निम्न । (५) जुन स्त्रीको निधारमा एउटा लामो रेखा देखिन्छ सबै प्रकारको शुभ पाउँछन् । (६) निधारमा रेखाहरूको त्रिकोण आकार परेको भए राज्यद्वारा सम्मानित हुन्छन् ।

आँखी भौं:— (१) जुन स्त्रीका आँखी भौं अर्द्धचन्द्रकार होस्, उचो उठेको, कमलो केश भएको र परस्पर नमिलेको होस् त्यो शुभ सौभाग्यदायक हुन्छ. सुखी नारीमा यो लक्षण पाईन्छ । (२) आधा टेढो र सूक्ष्म आँखी भौं हुने नारी सुखी रहन्छन् । (३) कालो रंगको आँखीभौं हुने स्त्रीले सबैलाई सुख दिन्छन् । (४) परस्पर मिलेको आँखीभौं अशुभ सूचक हुन्छ । (५) मोटा रौं भएको आँखीभौं नारी प्रायः वन्ध्या हुन्छन् । (३) चित्रकला वा ललितकलामा रुचि लिने नारीका आँखीभौं अर्द्धचन्द्र जस्ता लामा र टम्म मिलेका हुन्छन् । (७) जुन नारीका आँखीभौं सोझा तन्किएको जस्तो भए त्यस्ती नारीले आफ्नो पतिलाई स्नेह-प्रेम-सद्भावना दिन सक्दैनन् । (८) आँखीभौंका रौं पहेँलो खैरा छन् भने अत्यन्त अशुभ लक्षण हो ।

परेला;— (१) आँखा परेलाका रौं बाक्ला, चिल्ला, मसीना हुने स्त्री भाग्यवान तथा सुखी हुन्छन् ।

(२) मोटा रौं भएका परेला वा खैरा रगका रौं खस्रा-मोटा रौं, छिरल्लिएका रौं भएका परेला छन् भने त्यस्ती नारी निन्दनीय हुन्छन् ।

दाँतः— (१) आइमाइका दन्त टम्म मिलेका, अनारका दाना जस्ता, शङ्ख जस्तो स्वेत आकृति उज्वल, न मोटा, न छोटा; न पातला, अगाडि न उछिट्टिएका. भित्रि नपसेका असल हुन्छन् । सुखी, पारखी, स्नेही, सदा प्रसन्न रहने नारीका दाँत उपरोक्त हुन्छन् (२) ज्यादै पातला छोटा, रूखा, चिरिएका दाँत हुने स्त्री मूर्ख हुन्छे । (३) अग्ला होँचा विषमदन्त भएकी स्त्रीको स्वभाव राम्रो हुन्न । (४) ज्यादै ठूला बाहिर उछिट्टिएका दाँत हुने स्त्रीको ज्यादा आयु हुन्न । (५) कुनै अगाडि निस्केका कुनै भित्र पसेका, कुनै मोटा, कुनै छोटा, पातला दाँत हुने स्त्री अशुभ लक्षणले युक्त रहन्छे । (६) पहेँला वा काला रंगका दाँत हुने स्त्री दुःख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँछन् । (७) मूलमा तीखा वीचमा चौडा सीपि जस्ता दाँत अशुभ हुन्छन् । (८) दाँतको बीचमा खाली
ठाउँ रहन्छ अर्थात् परस्पर नमिलेका फटिएका दाँत हुने नारीको चरित्र शङ्काप्रद रहन्छ । (९) अगाडि-
पट्टि केही बाटुला दाँत हुने स्त्री तेज, दृढ स्वभावकी हुन्छन् । (१०) तल-माथि गरेर बराबर ३२ दाँत
सर्वोत्तम मानिन्छन् । (११) ३० दाँत भएकी स्त्री पनि भाग्यशालिनी हुन्छन् । (१२) ओठबाट वाहिर
निस्केका दाँत असल हुन्न । (१३) जुन स्त्रीका दाँत अग्ला परस्पर खप्टिएका भए डरछेरुई हुन्छे ।

ओठः — (१) लाल रंगका, धनुषाकार परेका, उर्ध्वगोलावृत्ति ओठ शुभ लक्षणका हुन्छन् । यस्ती स्त्री सुख–सम्पत्ति वडाउने सुलक्षणा मानिन्छन् । (२) मोटा खुल्ला रहने ओठ हुने स्त्रीले कुटुम्ब पिर्छे । (३) माथिल्लो ओठ बाँगो भए क्रोधी नारी जनाउँछ । (४) तल्लो ओठ अधिक स्थूल-मोटा भए झगडालु स्त्री हुन्छे । (५) कालो रंगको तथा मोटा वाक्ला ओठ भए कलहकारिणी हुन्छे । (६) तांबा रंगका उन्नत तथा केही झुकेका ओठ अनेक भोग भोग्ने स्त्री हुन्छे । (७) भरिला चिल्ला' रसिला ओठ पनि शुभ हुन्छन् । (८) माथिल्लो ओठ वीचमा केही अग्लो भए धनी स्त्री बन्छे । (९) माथिल्लो ओठमा रौं हुने स्त्री वन्ध्या वा विधवा हुन्छे ।

गाला: — पुष्ट परेका, उन्नत, लालिमा युक्त नारीका गाला शुभ हुन्छन् । (२) अपुष्ट, चिप्किएका, खवटे परेका, रोम युक्त नारी गाला अशुभ हुन्छन् । (३) वाक्लो छाला भएका गाला हुने स्त्री रुखी, कठोर स्वभावकी हुन्छे । (४) गहीरा परेका गाला भएकी स्त्री परपुरुष गामिनी हुन्छन् । (५) उन्नत गाला हुने स्त्री पतिव्रता हुन्छन् ।

चिउँडो:— नारीको चिउँडो स्थूल, कृश, टेढो, ठूलो, रौं युक्त अशुभ हुन्छ । (२) बाटुलो, केही अण्डाकार परेको कोमल दुइ अंगुली जति स्त्रीको चिउँडो उत्तम हुन्छ ।(३) धेरै लामो नारी चिउँडो विधवाको लक्षण हो । (४) पुरुष जस्तो दारीका रौं चिउँडोमा देखिए त्यो स्त्री शत्रुलाई त जित्न सक्ने वीर पनि हुन्छ तर लोक निन्दित हुन्छे । (५) कम्पारो र चिउँडो टम्म मिलेको अति शुभ हुन्छ ।

घाँटी: — (१) आइमाईको घाँटी चार इन्चको असल हुन्छ । (२) धेरै मासु थुप्रिएको, चेप्टो, लामो असल हुँदैन । (३) टेढो घाँटी हुने आइमाई दानी हुन्छन् । (४) चेप्टो घाँठी हुने आइमाई बन्ध्या हुन्छन् । (५) धेरै मोटो घाँटी हुने आइमाई सन्तान हिन हुन्छन् । (६) ज्वादा पातलो घाँटी हुने आइमाई अधम हुन्छन् । (७) ज्यादा लामो घाँटी हुने आइमाई व्यभिचारिणी हुन्छन् । (८) जुन आइमाईको घाँटीमा तिनवटा माला जस्ता रेखा हुन्छन्, घाँटी बाटुलो हुन्छ, मोटो चेप्टो-खिरिलो छैन टम्म मिलेको छ भने सर्वश्रेष्ठ हुन्छ ।

पाखुरा:— (१) स्त्रीका पाखुरा मांसल युक्त छन् हाड नदेखिने हुन्छन् तथा कुइनाको हाड नदेखिएको कमलो रौं नसा नदेखिएको शुभ हुन्छ । (२) आइमाईका पाखुरामा नसा निस्किएका भए अशुभ हुन्छ । (३) बाक्ला मोटा रौं पाखुरामा छन् भने वैधव्यको लक्षण हो । (४) जुन आइमाईका पाखुरा ज्यादा मोटा हुन्छन् ती आइमाई दुर्गुणी र दुर्भाग्य शालीनी हुन्छन् । (५) आवश्यकता भन्दा लामा पाखुरा हुने स्त्री दरिद्र हुन्छन् ।

छाती:— आइमाईको छातीमा रौं निस्केको छ भने पति घातक हुन्छन् । (२) ज्यादा लामो चौडो छाती हुने आइमाईको चरित्र सन्देहमा रहन्छ । (६) आइमाईको छाती १८ अंगुल चौडो उन्नत तथा रौं नसा नभएको अति नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ हुन्छ ।

स्तनः नारीको स्तन कठोर-गोल, दृढ, स्थूल तथा परस्पर समान आकारमा भएको शुभ हुन्छ । (२) नारीको दाहिने स्तन केही उन्नत भए श्रेष्ठ पुत्र र बायाँ स्तन केही उन्नत भए सौभाग्यवती कन्या पाउँछिन् । (३) दुवै स्तनको बीचमा केही ठाउँ नरहे अर्थात् दुवै स्तन टाँसिएका भए त्यस्ती नारीलाई भाग्यशालिनी भन्न सकिँदैन साथै कुटुम्ब बढाउन पनि लक्तैनन् । (४) जुन स्त्रीका स्तन सधैं नै बढी उष्ण रहन्छन् ती नारी कम कलामा निपुण तथा गुणवती हुन्छन् र सधैं नै शीतल स्तन रहने स्त्री शुभ लक्षिणको हुन्न । (५) चेप्टा स्तन हुने स्त्री बन्ध्या हुन्छन् । (६) नारीको स्तनमा रौं हुनु अलिछिन हो । (७) प्रसव पूर्व स्तनबाट दूध बहन्छ भने अशुभ लक्षिण हो । (८) बाँया स्तनमा मूसो भए झगडालू नारी हुन्छे ।

अथ योनि लक्षणम्

शुभः कमठपृष्ठाभो गजस्कन्धोपमो भागः । वामोन्नतं च कन्याज पुत्रजो दक्षिणोन्नतः ।। १ ।।
आखुरोमा गूढमणिः सुश्लिष्टः संहत पृथु । तुङ्गो कमलवर्णाभः शुभोऽ स्वत्थदलाकृतिः ।। २ ।।
शंखावर्ते भगे यस्य सा गर्भमिह नेच्छति । चिपिटैः खर्पराकारं किङ्करीपददुर्भगम् ।। ३ ।।

नितम्बः— (१) ऊँचो, मासल तथा चौडो अत्यन्त शुभ लक्षणको हुन्छ । (२) गोल कोमल, बाक्लो उन्नत भए रतिक्रियामा प्रवीण । (३) छोटो बाँगो धस्सिएको वेढङ्गको अशुभ हुन्छ ।

स्त्री नाभिः— (१) गहिरो, रौं रेखा भएको, दाहिने घुमेको सुख-सम्पत्ति दायक हुन्छ । (२) अग्लो, देब्रे फर्केको; बीच भाग देखिने अशुभ हुन्छ ।

पाउः— (१) खुट्टाका औंला ज्यादा लामा हुने नारी अलक्षिणि हुन्छन् । (२) खुट्टाका औंला ज्यादा खितरिला भए दरिद्रा हुन्छन् (३) खुट्टामा चेप्टा औंला छन् भने दासी हुन्छे । (४) खुट्टामा ज्यादा छोटा औला हुने नारी अल्पायु हुन्छन् (५) हिड्दा धमधम आवाज आउँछ भने विधवा हुने लक्षण हो । (६) एक औंलामाथि अर्को औंला चढेको अत्यन्त अशुभ । (७) औंलाहरूले भूइँ छुएको नभए पति घातक चिन्ह हो (८) पाउका कुनै एक पनि औंला निश्चित परिणाम भन्दा लामो हुनु शुभ हुन्न । यसबारे शास्त्रमा धुप्रै वर्णन गरिएको छ । भविष्य पुराणमा यसो भनिएको छः—

यस्याः कनिष्ठिका भूमि नगच्छत्या परिस्पृशेत् ।
अनामिका मध्यमा च यस्या भूमि न संस्पृशेत् ।।
पति द्वयं निहंताद्या द्वितीया च पति त्रयत् ।
प्रदेशिनी भवेद्यस्या अंगुष्ठादतिरेकिणी ।।
कन्यैव कुलटा सा स्यादेव एव विनिश्चय ।
दीर्घांगुलीभिः कुलटा कृशाभिरति निर्धनाः ।
यस्य अनामिका ह्रस्वा तां विद्या त्कलहप्रिया ।।
अंगुष्ठं तु व्यतिक्रम्य यस्या पादे प्रदेशिनी ।
कुमारी कुरुते जारं यौवनस्यैव का कथा ।।
यत्पादांगुलिरेवापि भवेद् हीना कथं चन ।
येन केनापि सा सार्ध्यं प्रायः कलह कारिणी ।।

उपरोक्त सम्पूर्ण फल केवल बजारू सामान्य नारीहरूमा मिल्छ । सभ्य सुशील सम्पन्न तथा विद्वान् नारीहरूमा ती लक्षण पाइँदैनन् । उनीहरूको खुट्टा पोटिला, औंला टम्म मिलेका सद्लक्षणले युक्त हुन्छन् ।

नारी-स्वरः— (१) जुन नारीको कण्ठ-स्वर कोमल, मयुर, हाँस, वीणा या मुरलीको जस्तो मधुरो सुरिलो हुन्छ ति नारीहरू शुभ लक्षणले युक्त हुन्छन् । उच्च पदाधिकारीणी तथा वैभवपूर्ण जीवन बिताउने नारीहरूमा उक्त स्वर-लक्षण पाइन्छ । (२) मेघ, सारस, कर्नाल जस्तो गहिलो स्वर भएकी नारी ऐश्वर्यशालिनी हुन्छन् शासन गर्ने, प्रभावशाली जीवन बिताउने हुन्छन् । (३) जुन नारीको स्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुटेको चरेसको भाँडाको आवाज जस्तो वा, गधाको जस्तो वा कागको जस्तो थोद्री हुन्छ ति नारी दरिद्रा हुन्छन्। (४) जुन नारीको स्वरमा कठोरता, कुटिलता अथवा उग्रता हुन्छ श्रुतिमधुर हुन्न त्यस्ती नारी सुलक्षणा हुन सक्दैनन्।

आइमाईको हिंडाई:— (१) सिंह, हात्ति, हाँस, गाइ-गोरु जस्तो चाल सुलक्षण नारीको हो। (२) स्याल, कुकुर काग जस्तो चाल हिंड्ने नारी असुलक्षणा हो। (३) दासी वृत्ति भएकी स्त्रीको हिंडाइ हरिणको जस्तो हुन्छ। (४) चाँडचाँडो हिंड्ने नारीको चरित्र शुद्ध हुन्न।

हाँसो:— आइमाई हाँस्दा दाँत नदेखिनु, गाला नफुल्नु, आँखा वन्द नहुनु शुभ लक्षण हो। यसको विपरीत अशुभलक्षण। हाँस्दा स्त्रीको गालामा खाल्डो परेको देखिन्छ भने चरित्रहीना बनाउँछ।

भुमरी:— आइमाईहरूको शरीरमा, टाउकोमा, निधारमा रौंहरूको समूहबाट भुमरी परेको देखिन्छ। भुमरी दुइ किसिमका हुन्छन्।

(१) दक्षिणावर्त— दाहिने घुमेको

(२) यामावर्त — देब्रे घुमेको

(१) कुनै नारीको मस्तिष्कमा देब्रे घुमेको भुमरी देखिन्छ भने त्यो अत्यन्त अशुभ भनिन्छ। यस्ती स्त्री चाँडै नै पति विहिन हुन्छन्। (२) दाहिने घुमेको होस् अथवा देब्रे घुमेको होस् नारीको निधारमा केशको जरामा भुमरी परेको असल हुँदैन। (३) स्त्रीको नाभी, कान, छातीमा दाहिने घुमेको भुमरी शुभ फलदायक हुन्छ। (४) नारीको पिठ्यूँमा दाहिने घुमेको भुमरी भए आयु तथा पुत्र वृद्धि गर्ने शुभफल हुन्छ। (५) नारीको छातीमा दाहिने भुमरी भए दुःख तथा वैधव्य सुचित गर्छ। (६) कुममा भुमरी हुने नारी धनवती हुन्छन्। (७) कम्मरमा भुमरी शुभ हुँदैन। (८) ऐश्वर्यशालिनी, श्रेष्ठ पुत्रवती, राजपत्नी बन्दछन् यदि उनीहरूको गुप्ताङ्गमा दक्षिणावर्त भुमरी छ भने। (९) नाभीमा भुमरी भएकी नारी पतिव्रता हुन्छन्। (१०) कोठी, भुमरी लसुन, मूसो यी चारै चिन्ह नारीको देब्रे जिउमा भए भाग्यवान हुन्छन्।

श्री ५ बडा महारानी
सरकारको
२७ सौं शुभ जन्मोत्सवको सुखद अवसरमा
मौसूफ सरकारको दीर्घायु; सुस्वास्थ्य
सुख, समृद्धि एवं अटल
सौभाग्यका लागि
हार्दिक शुभ कामना चढाउने
भक्तपुर जिल्ला पञ्चायत परिवार

श्री ५ बडामहारानी सरकारको
२७ सौं शुभ जन्मोत्सवको शुभ
उपलक्षमा
मौसूफ सरकारको
दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै
भक्ति पूर्वक हार्दिक अभिवादन
चढाउँदछौं
एन. सी. सी. एन. परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पिनी नारी : ज्योतिष एवं यौन

वसन्त ऋतु फूलहरूको ऋतु हो। नव पल्लवित वनस्पतिहरूको मनोहारिता यसै ऋतुमा देखिन्छ। सम्पूर्ण प्रकृति मुस्कुराउँछ, सम्पूर्ण पादपहरू नव योवनमा पाउँछन्। वासन्ती रंग वहार जताततै छाएर वातावरण नै मादकमय हुन्छ यस ऋतुमा। सबै जसो वनस्पति पल्लवित हुने पुष्पित हुने, नयाँ पालुवा लहलहाउने यही ऋतु हो। कोपिला फक्रिन लाग्छन् र 'पराग' प्रस्फुटित हुन्छन्। परागलाई 'पुष्परज' भनिन्छ — सौरभ भनिन्छ। पुष्परज नभएको पुष्प बेकम्मा हुन्छ सौरभहीन फूलको कुनै महत्व हुन्न, वास्ना बिनाको फूल कागतके फूल सरह हो। फूलबारीमा ढकमक्क फूल छन् र ती फूलले वातावरण नै सुवासमय बनाएका छन् र नै रसज्ञहरू झुम्मिन्छन्— मधुप मधुर गुञ्जन गर्दै आकर्षित हुन्छन् पुष्पराज पराग चुस्न। फूलबारीको रंगीन मोहक वातावरणबाट नलुब्धिने को होला ? प्रकृतिमा–वनस्पतिहरूमा कोपिला खिलेर फक्रिन्छन्, कोपिलामा पराग प्रस्फुटित हुन्छन्। परागलाई 'रज' भनिन्छ। पुष्पमा पराग प्रगट भएपछि मात्र त्यो पुष्पमा यौवन आएको सूचना पाइन्छ।

ठीक त्यसरी नै नवबालाहरूमा चरितार्थ हुन्छ। अर्थात् जबसम्म बालिकामा प्रथम 'रजोदर्शन' हुन्न तबसम्म उसमा यौवन प्रगट हुन्न। बालिकामा प्रथम यौवन चिन्ह नै प्रथम रजस्वला हो। कोपिलामा पराग र बालिकामा रज उत्पन्न हुन थालेपछि कोपिला फूल बन्छ, बालिका युवती बन्छे। ।यसै उसले प्रथम रजस्वला भएकी नारीलाई शास्त्रमा 'पुष्पिनी नारी' सौरभमयी नारी भनिएको हो। रजस्वला भएपछि यौबनको बास्ना छर्किन उ थाल्छे। कोपिला फक्रेपछि बास्ना छरिन्छ।

नारी रजस्वला भएपछि कामदेवको आक्रम शुरु हुन्छ। कामदेवको जन्म वसन्त पञ्चमीका दिन भएको हो भन्ने छ। नव यौवनका लागि वसन्तऋतु अत्यन्त मोहक, उत्तेजक यौन बर्द्धक हो। यौन नै मावव जीवनको सारतत्व हो। यौनको ग्रह शुक्र हो। रज र वीर्यको समागमबाट मानवीय उत्पत्ति हुन्छ। ज्योतिष शास्त्र अनुसार शुक्र वीय र रज मङ्गल हो।

यौन विज्ञानबारे थुप्रै लेखिएका छन्। उपनिषद्मा यौन क्रियाद्वारा सन्तानोत्पत्ति–विज्ञानमा निम्न वर्णन पाइन्छ— 'पञ्च महाभूतको रस पृथ्वी हो, पृथ्वीको रस जल हो, जलको रस औषधि हो औषधिको रस पुष्प हो, पुष्पको रस फल हो, फलको रस पुरुष हो। अनि पुरुषको रस वीर्य हो — यही वीर्य नै सम्पूर्ण सारतत्व हो : वीर्यको स्थापनाका लागि प्रजापतिले योग्य प्रतिष्ठाको निर्माण नारी रूपमा गरे, अनि मैथुन कर्मको विधान गरे। अर्थात्—

'तस्या वेदिरूपस्थो लोभानि बर्हिश्चर्माधिषवणे
समिद्धो मध्यतस्तौ मुष्कौ स यावान् हवै
वाजपेयेन यजमानस्य लोको भवति तावा-
नस्य लोको भवति।"

जसरी वाजपेय यज्ञ गर्दा यजमान पुण्यलोक पाउँछन्, धार्मिक भावनाद्वारा प्रेरित भएर मैथुन कर्म गर्दा उति नै पुण्य पाइन्छ किनभने नारीको उपस्थेन्द्रिय योनी वेदी हो, त्यहाँका रौंहरू कुश हुन, योनीको मध्यभाग प्रज्वलित अग्नि हो, मुष्क अधिषवण चर्ममय सोमफल हो।

यौन र ग्रह

पुरुषका लागि— सूर्य-शुक्र यौन कारक।
नारीका लागि— चन्द्र-मङ्गल यौन कारक।
अर्थात्— शुक्र बीर्य र मङ्गल रज।
राहु-बुध सम्भोगी ग्रह।
सप्तम स्थान यौन कारक स्थल।

अतः लग्न सप्तम र उपरोक्त ग्रहहरूको तारतम्यबाट कामुकता वा यौनेच्छा बढी भएको वा नभएको चारित्रिक दोष के कस्तो छ इत्यादि पत्तो लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वास्नी मानिसको शारीरिक लक्षणको परिचय

श्री शिवप्रासाद प्याकुरेल

संसारमा विभिन्न प्राणीहरूको अनुहार तथा स्वभावमा फरक पाईन्छ । प्राणी मध्ये मानिस सबै भन्दा उत्तम प्राणी हो । अरू प्राणीहरूका ईन्द्रीयहरू समान रूपले सक्रिय हुन्छन् तर अरू प्राणीहरू भविष्यको विचार गर्ने हुदैनन् । हुन त मूसाले समयमा अन्न संचाय गरेको, कमिलाले खानेकुरा जम्मा गरेको, चराचुरुंगीले फुल पार्न गुड बनाएको देखिएको छ । तर ती साधारण प्रक्रियामा मात्र चल्ने कुरा हुन् । त्यसमा बुद्धि द्वारा अनुमान लगाएर त्यसको आधारमा काम गर्ने पाइदैन । जस्तै खेतमा धान, मकै, छरेर उम्रन्छ र त्यसबाट फल लागी बढी खान पाइन्छ भन्ने जस्ता भविष्यमा हुने क्रिया र प्रतिक्रिया विचार गर्न सक्ने शक्ति मानिसले मात्र पाएको छ ।

मनुष्यको पनि शक्ति विचार आदिको ज्ञान गर्ने विभिन्न उपाएहरू छन् । जस्तै ज्योतिष, मानिस जन्मेको समयको आधारले रूप, रङ्ग, स्वभावको व्याख्या गर्दछ । त्यस्तै मानिसको हातको रेखा चिन्ह हेरेर पनि स्वभावको र साधारण परिवर्तन समेतको वर्णन गर्दछन् । केही शरीरको बनोट चाल ढालबाट स्वभावको व्याख्या गर्ने छन् भन्ने कतै कुनै व्यक्तिले सोधेको आधारमा भविष्य र स्वभावको व्याख्या गर्ने पाइएको छ ।

माथि उल्लेख भएकाहरू मध्ये मनुष्य मात्रका मातृजातिको विषयमा गोली गाँठो भन्दा माथि मुख समेत घुंटोले ढाकिएकी को, सो अवस्थामा अंगप्रत्यगको दृष्टिपातबाट पाइन सक्ने लक्षणको आधारमा सानो विवेचना गर्दछु । यो मेरो खाली अनुभवको आधारमा लेखिएको हुँदा कुनै त्रुटि हुन गएमा क्षमा प्रार्थना गर्दछु ।

मातृ जातिको शरीरको बनावट सल्लक्क परेको र शरीरको अनुपातमा शिर केही सानो असल हुन्छ । पिठ्यूं केही अगाडि फुकेको कुम हुनु सौभाग्यको लक्षण हो । कुमबाट कम्मरसम्म माथि बाट तलतिर घट्दै गै कम्मर सानो हुने र नितम्ब देखि छुट्टासम्म माथिबाट तलसम्म क्रमशः मिल्दो मात्रामा मिल्दै गएको छ भने यो सुस्वास्थ्यको लक्षण हो र यसबाट सौभाग्यको लक्षण पनि झल्कन्छ । घुँडामा मासु हुनु स्वास्थ्यको लक्षण हो भने गोली गाँठो शरीरको अनुपातमा सानो देखिनु सौभाग्यको लक्षण हो पयरले जमीनमा टेक्दा पैतालाका धेरै भाग भैमा टेक्ने उत्तम सौभाग्यको लक्षणको । तर हाती पाइले भएमा रोगी हुने सम्भावना हुन्छ । पयरका औंला परस्परमा मिलेका भए सौभाग्यका द्योतक हुन् भने छरिएका धेरै लामा छोटा दुर्भाग्यका द्योतक पनि हुन् । जसको गोडाको साहिली औंला भैमा नटेकी औंला माथि चढ्ने हुन्छ त्यस्तो लक्षण विधवा हुने हो र एक वैधव्यले मात्र नपुगी त्यस भन्दा पनि बढी दुःख पाउने हुन्छन् । हिड्दा हात धेरै अगाडि पछाडि हल्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सलक्षण होइन । लामा फाड्का मारेर हिंडने लाई राम्रो लक्षण मानिंदैन। छाती (स्तन) शरिरको अनुपातमा ठूला हुने स्वास्नी मानिसहरू साधारण भन्दा बढी कामुक हुन्छन् । कामुक भनेर यहाँ व्यभिचारलाई औंलाएको होइन कि बढी रसिक हुन्छन् भनिएको हो। हात खुटाको औंला शरीरको अनुपातमा बढी छोटा भए त्यस्ता स्वास्नी मानिसहरू बढी हठी दम्भी तथा कसैसित पनि नदव्ने स्वभावका हुन्छन् ।

माथि शरीर सबै छोपेको अवस्थाको साधारण लक्षणहरूको विवेचना गर्ने कोशीश गरें । अब साधारण रूपले देख्दा स्पष्ट झल्कने लक्षणको पनि बिवेचना गरी यो सानो लेखलाई टुंग्याउन कोशिश गर्दछु । लक्षण ग्रन्थमा लक्षणहरू धेरै छन् । तिनमा नलागी मेरो अनुभवको आधारमा मात्र प्रस्तुत गर्दछु ।

झलक्क अनुहार देख्दा मायालाग्दो सौम्य सुलक्षणको चिन्ह हुन्छ । झलक्क हेर्दा रूखो केही नमिलेको देखिने अनुहार सुलक्षण मानिदैन । स्वास्नी मानिसको निधारमा अर्घ चन्द्राकार देखिन्छ भन्ने त्यो अवश्यनै यौवनमानै विधवा हुने लक्षण हो । त्यस्तो शरीरका अवयवहरू सुडौल परेको मिलेको सुलक्षण हुन्छन् भने यस विपरीतका सुलक्षण मानिदैनन् । हाँस्दा गालामा खाल्टो देखिन्छ भने त्यो सौन्दर्य तथा सुलक्षणको लक्षण हो र चिउडो २ भागमा विभाजन हुनु सौन्दर्य वर्द्धक तथा आँखा रसिला लाम्चा सुसौभाग्यका लक्षण हुन्छन् । शरीरको अनुपातमा गाला ठुलो हुनेहरू दबाब गर्न खोज्ने हुन्छन र हिंडदा गाला थर्कछन भने यो लक्षणले विशेष दवाव दिने र बढी फर्मा डने प्रवृत्ति हुन्छ । यस्ता स्त्री जातिले पतिलाई सताउद छन । मह्को जस्तो आँखाको रंगले सुलक्षण जनाउदछ भने कुइरा विरालाका जस्ता आँखा हुने स्वच्छन्द प्रिय हुन्छन । हिंडदा जमीन थर्कने कुलक्षण हो र हिंडदा कर्की मर्की हिंडने लक्षण चटपटेको हुन्छ । हिंडदा दुवै तर्फ लच्केर हिंडने सुलक्षण हो र एकोहोरामात्र लचकने सुलक्षण मानी दैन । हिंडदा दाया, बाया फर्केर हिंडने तथा २० × २५ पाईला हिंडी पछाडि फर्केर हेर्नु सुलक्षण मानी दैन । हिंडदा आँखा उर्द्ध दृष्टि भन्दा अधोदृष्टि अर्थात् माथि दृष्टि दिने भन्दा जमीनमा दृष्टि हुने सुलक्षण भनिन्छ ।

श्री ५ ऐश्वर्य
सदा चिरायु रहिबक्सन
शुभ कामना चढाउँछौं ।
अञ्चलाधीश कार्यालय
परिवार
जनकपुर अञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सधवा नारीको लक्षण

शङ्करमान राजवंशी

परब्रह्म परमेश्वरले जगतको रचना गरी सांसारिक जीवको उपकारका लागि अनीर्वचनीय सुखोत्पादक सामग्रीहरू प्रस्तुत गरेका छन्। ती सामग्रीका प्रत्येक विषयको ज्ञानका लागि अनेक उपाय पनि देखाएका छन्। ती परमेश्वरकै प्रेरणाद्वारा त्रिकालदर्शी प्राचीन महर्षिहरूले कला-कौशल ज्ञानको लागि शिल्प र रोग मुक्तका लागि वैद्यक तथा भूत, भविष्य, वर्तमान जान्नका लागि ज्योतिष एवं अनेक विषय जान्नका लागि अनेक शास्त्र रचना गरे।

ज्योतिष शास्त्रमा अवान्तर भेदले अनेक शाखा, उपशाखा बनेका छन्। जस्तै स्वर, केरल, होरा, शकुन, गणित, संहिता सामुद्रिक इत्यादि। सामुद्रिक शास्त्रद्वारा प्राचीन महर्षिहरूले भूत, भविष्य वर्तमानका यथार्थ कुरा बताएका छन् जुन कुरा पुराणमा वर्णन हामी पाउँछौं। हल, पद्म पुष्करिणी, हय, गज इत्यादि चिन्ह र अङ्ग-प्रत्यङ्गको बनौट लक्षणद्वारा सामुद्रिक शास्त्रमा फल बताउने प्रणाली छ। तर ती चिन्ह प्रत्यक्ष देखिने होइनन् र केवल संकेतसम्म मात्र पाइने हुन्छ। त्यस कारण यस विषयको ग्रन्थ लुप्त प्रायः भने जस्तै छ। पाश्चात्य विद्वान्-हरूले यस विषयमा नवीन प्रणालीद्वारा अनुसन्धान गरी उन्नति गरेका छन्। हाम्रो प्राचीन पद्धति अनुसार फल बताउन अलि कठिनाइ नभएको होइन। किन भने भूत कुरा मात्र मिल्दछ भविष्य कुरा मिल्दैन भन्ने कतिपय मानिसहरूको धारणा छ। भविष्य कुरा ठीक मिलाउना निमित्त प्रतिभाको जरूरत पर्दछ। त्यो प्रतिभा भूत कुराकै अनुभवबाट उत्पन्न हुन सक्छ। त्यस कारण सर्व प्रथम भूत कुराकै राम्रा अनुभव नभइकन भविष्य कुराको अनुसन्धान तथा अन्दाज गर्न सकिदैन। त्यसैले यहाँ सीताको सधवा लक्षणबारेमा हाम्रो प्राचीन पद्धति अनुसार तुलना गरिन्छ।

दशरथ महाराजले रामलाई वनवास पठाउँदा सीता र लक्ष्मण पनि साथै गएका थिए। वनमा रावणले सीतालाई हरण गरी आफ्नो देश लङ्काको अशोक बगैंचामा लखेर राखेका थिए। सीताको रखवारका निमित्त त्रिजटा नामकी राक्षसी खटिएकी थिइन्। रावणको त्यस करामतले गर्दा रामको र रावणको लङ्कामा ठूलो युद्ध भयो। त्यस युद्धमा एक पटक रावणले राम र लक्ष्मणलाई नागपाश नामक शस्त्रद्वारा मूर्छित पारिदिएका थिए। त्यसै औसरमा सीताको मन विचलित पार्ना निमित्त सीतालाई युद्ध स्थल देखाउने रावणको आदेश बमोजिम सीता युद्ध स्थलमा लगिएकी थिइन्। त्यस वापत नागपाशद्वारा मृत प्रायः जस्तो भई धूलोमा लुट्पुटिएर मूर्छित भएका राम र लक्ष्मणलाई देखेर सहस्रधारा आँसु बगाएर विलाप गर्दै सीताले भनेका कुरा निम्न लिखित बमोजिम छन्। जस्तै—

मेरो हत्केला र पैतलामा कमलको चिन्ह छ, कपालको केश पातलो तथा कालो र लामो छन्, आँखी भुइं जोडिएको छैन दुवै तिघ्रा वाटुला तथा रौं नभएका छन्, दाँत पनि टम्म परी जोडिएका छन्। दुवै आँखामा शङ्खको चिन्ह छ, हात खुट्टा-पिडौला पुष्ट छन्। तिघ्राको माथिल्लो भागको मासु उठेको छ, नङ राता र चिल्ला छन् औंलाहरू छिद्र नहुने गरी टम्म परेर जोडिएका छन्, दुवै स्तन गोल परी परस्पर जोडिएका छन्, स्तनको मुन्टी उठेको छैन भित्रै दबैको छ, नाइटो खाल्टो परी वरिपरिको मासु उठेको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुबैतिरको काखी र छाती उठेको छ छातीको तल्लो भाग अलि भत्र पसेको छ, शरीरको रंग मणि जस्तो चह्किलो छ, शरीरको रौं बहुतै नरम छन्, खुट्टाको दशै औंठा औंला र दुबै पैतलाले भुइँलाई टम्म छु छन्, हात–खुट्टाका औंला औंलामा जौंको चिन्ह परेको छ, औंलाका टुप्पा राता छन्। सामुद्रिक विद्या जान्ने पण्डितहरूले मलाई उपयुक्त लक्षणले युक्त भएकी तिमी पुत्रवती भएर सदा सधवा रहने छ्यौ भनेका थिए हाय हाब आज रामचन्द्रजी मारिनाले यी ज्ञानीहरूको बचन छूटो हुन गयो।

यसरी अधैर्य भएर विलाप गर्दै सीताले भनेको वचन सुनेर त्रिजट नामकी राक्षसीको हृदय पग्ल्यो र तिनले सीतालाई संभाउँदै भनिन् कि सधवा लक्षण कदापि तथा निष्फल हुन सक्तैनन्, रामचन्द्र र लक्ष्मण मरेका छैनन्, अहिले केवल शस्त्रको बेदनाले गर्दा एक छिनका लागि मूर्छित भएका छन्, मूर्छितयाट बिउँतेपछि रामचन्द्रजीले रावणलाई मार्ने नै छन्, हे सीते यसमा शङ्का नलेऊ धैर्य गर, धैर्य गर।

यी कुरा तात्कालिक महर्षि बाल्मीकिले वनाएको रामायणको ४८ सर्गमा लेखिएको छ। अब यसलाई सामुद्रिक शास्त्रको वचन अनुसार तुलना गरिन्छ।

सामुद्रिक शुभाशुभ लक्षण—

कमलनयनयुक्ता क्षुद्ररन्ध्रा च नासा
कृशतनुमृदुवाणी दीर्घकेशी शुभाङ्गी
परहितमतियुक्ता पद्मगन्धा सुवेषा
अविरलकुचयुग्मा कीर्तिता पद्मिनीसा

कमल जस्तो आँखा भएको, नाकको प्वाल सानो भएकी पातली, कमलो बोली भएकी, लामा केश भएकी, अङ्गप्रत्यङ्ग सुडौल भई छाँट परेको, परोपकारी बुद्धि भएकी, कमलको जस्तो वास आउने शरीर भएकी, परस्पर मिल्ने ठूलठूला गोल स्तन भएकी, यस्ती नारी पद्मिनी भनिन्छे।

पूर्णचन्द्रमुखीया च वालसूर्यसमप्रभा।
विशालनेत्रा बिम्बोष्ठी सा कन्या लभते सुखम्॥

पूर्ण चन्द्रमा जस्तो उज्यालो मुख भएकी, उदयकालको सूर्य जस्ती कान्ति भएकी, ठूलठूला आँखा भएकी, लाल ओंठ भएकी, यस्ती कन्या सुखी रहन्छे।

कृष्णा कपिलकेशी च मिलित भ्रुकुटिस्तथा।
गमनं सत्वरं चैव त्यक्तव्या स्यात् सदा बुधैः॥

काली, कैलो केश भएकी, आँखी भौं जोडिएकी, छिटो हिंड्ने भएकी, यस्ती कन्यालाई अशुभ भनी बुद्धिमान्ले छोड्नु पर्छ।

मृदुमध्योन्नतं रक्तं तलं पाण्योररन्ध्रकम्।
प्रशस्तं धस्तरेखाढ्यमल्परेखशुभश्रियम्॥

कमलो रातो हत्केला भएकी, हत्केलाको मध्यभाग अग्लो भएकी, औंला छिद्र नहुने गरी टम्म मिलेकी, असल रेखाले युक्त भएकी तथा थोरै रेखा भएकी, यस्ती नारी सौभाग्यशाली रहन्छे।

मत्स्येन सुभगा नारी स्वस्तिकेन वसुप्रदा।
पद्मेन भूपतेः पत्नी जनयेद् भूपति सुतम्॥

मत्स्य चिन्ह भए भाग्यशाली हुन्छे, स्वस्तिक चिन्ह भए धनी कमल चिन्ह भए महारानी भएर भूमिपति छोरा पाउनो हुन्छे।

नाभिः स्याद्दक्षिणावर्ता शुभदा त्वपराऽशुभा।
गम्भीरा सुखभोगाढ्या पुंगीनाभिस्तु मातृहा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दक्षिणावर्त नाभि शुभ वामावर्त नाभि अशुभ छ गहिरो नाभि हुनेले सुख भोग पाउने र ऊचो नाभि ले आमा पिर्ने हुन्छे ।

रम्भोरू रोमहीनौ चेत् सर्पाकारौ सुशोभनौ ।
महत्सौख्ययुतो मर्त्य सुखी भवति निश्चितम् ।।

केराको स्तम्भ जस्तो तिघ्रा भएकी रोमरहित सर्पाकार सुन्दर तिघ्रा भएको नारी निश्चय नै सुखी तथा सौखीन हुन्छे ।

सधवा लक्षण:—

यस्या; कमलमुकुलाकारौ लघुसान्द्रपुष्टांगुलीको कोमलौ रुचिरोत्तमाल्प रेखान्वितावंगुष्ठागुलिसम्मुखौकरौ तथा रक्तकराम्भोरुहौ रक्तरेखाविलासिनौ स्यातामपि च श्लक्ष्ण-व्यक्तगम्भीरसम्पूर्णं स्निग्धहतुंलरेखामनोहरौ मत्स्यपद्मकानन जयन्ती स्वस्तिकाविच्छिन्न शोभनभाग्यरेखायुक्तो यवा'श्चता-वथ च करमध्यंसमुन्नतं समग्रमरन्ध्ररश्चांगुलीयकं स्ववर्ण-वत्पाणिपादम् केशाश्च सूक्ष्मा: भ्रुवौ चासंगते दन्ताश्चाविरला अरोमके वृत्ते जङ्घे भृत्तस्निग्धनखानि विशिरारोमकञ्च पाणिपृष्ठं स्यात्सा सधवावस्थायामेव निधनं प्रयाति ।

जुन नारीको मुकुलित कमलको जस्तो हात छ, औंला छोटा र पुष्ट छन् कोमल हात छन्, सुन्दर उत्तम रेखाले युक्त छ, औंला सीधा छन्, हत्केला तथा रेखा राता छन्, रेखा सूक्ष्म भई गम्भीर तथा सफा छन्, हत्केला गोलाकार छ, हातमा मत्स्य पद्म कानन जयन्ती स्वस्तिक चिन्ह छन्, भाग्य रेखा छिन्न भिन्न नभई शुद्ध छ, हत्केलाको मध्य भाग ऊचो छ जौको चिन्हले युक्त छ, औंला छिद्र नहुने गरी टम्म मिलेका छन् हात–खुट्टाको वर्ण शरीरकै जस्तो समान छ, केश सूक्ष्म छन्, आँखीभौं नजोडिएको छ दाँत मोटा छन्, रोमरहित पिडौंला छन्, नङ चिल्ला र बाटुला छन्, हातको पृष्ठ भाग रोमरहित छ भने ती नारीले सधवा भएरै चिरकालसम्म बाँची मर्न पाउँछे ।

यी शास्त्रोक्त वचन र सीताले भनेको कुरामा मेल खान्छ । त्यसैले त्रिजटाले संझाएको कुरामा फरक परेन । त्रिजटा पनि एक विदुषी नारी थिइन् । सामुद्रिक शास्त्रमा । उनको ज्ञान तथा विश्वास पूरापूर थियो । किन भने सिन-ताका नारीहरूमा सामुद्रिक शास्त्र चर्चित विषय हुन्थ्यो । त्यसैले तिनताका सामुद्रिक शास्त्रको उन्नति पनि थियो । यस्तै उदाहरणको मनद्वारा नै नारीको सधवा लक्षणबारे विचार गर्न हामी समर्थ हुनेछौं साथै सामुद्रिक शास्त्रको उन्नति पनि गर्न सक्ने छौं ।

राष्ट्रिय गतिविधिसंग परिचित हुन
'नयाँ किरण' — पढ्नुहोस्
लोकप्रिय यस साप्ताहिकमा विज्ञापन दिएर
लाभ उठाउनु होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइमाईलाई मन पर्ने रंग

आजका विशेषज्ञहरूको खोजबाट के सिद्ध भएको छ भने विभिन्न नारीहरू जो विभिन्न रंग मन पराउँछन् त्यो उनीहरूको स्वभावसंग सम्बन्धित छ। कुनै नारीलाई सधैंका लागि खास मन परेको रंग हुन्छ। जीउका लुगा, झ्याल-ढोकाका पर्दा, तन्ना आदिमा कुनै विशेष रंगको चयन गर्छन्। त्यस रंग रोजाई अनुसार उसको मुख्य स्वभाव र मनस्थिति थाहा पाउन सकिन्छ। जस्तै:—

१ सुन्तला रंग:— यो रंग मन पराउने नारीको स्वभाव कोमल, स्नेहमयी, आनन्दमयी, मैत्रीपूर्ण व्यवहार गर्न रूचाउने र कठोर व कष्टकारी काम कुरा या घटना आदिको सामना गर्न नसक्ने हुन्छन्। यिनीहरूमा गम्भीरता र तटस्थताका गुण पनि पाइन्छन्।

२. गुलाफि रंग:— यो रंग मन पराउने नारी प्रायः तटस्थ मनोवृत्तिका हुन्छन्। केही कमजोर मन भएका, गम्भीर विचारमा डुब्ने, शान्त रहने, नझर्किने हेर्दा सुकोमली तर भित्र मनका बाठा हुन्छन्। यो सौम्य स्वभावको रंग हो।

३ पहेंलो रंग:— जिज्ञासु स्वभावका आइमाईले यो रंग मन पराउँछन्। तर यिनीहरू रहस्यमय पनि यिनीहरूको बानी हुन्छ। केही अनुदार हुन्छन् तापनि मौका परे सहयोगिनी बन्न सक्छन्। ज्यादै चर्किलो निक्खर पहेंलो लुगा लगाइरहने स्त्री झडङ्ग रिसाउने, सकिने, तुरुन्त विचार फेर्ने तथा आफ्नो संवेगलाई नियन्त्रण गर्न नसक्ने हुन्छन्।

४. रातो रंग:— 'रातो राम्रो' भन्ने उखान त छ तर एकनास राता लुगा लाउने वा घरका झ्याल-ढोकामा हातै रंगका कपड़ा प्रयोग गर्ने आइमाई अत्यन्त उत्तेजित स्वभावका हुन्छन्। तर सधैं प्रसन्न रहने, कसैसंग नडराउने, तेज मिजासका, साँहसिलो संघर्षको डटेर सामना गर्ने परिश्रमी महत्वाकांक्षी र स्वतन्त्र स्वभावका हुन्छन्।

५. सेतो रंग:— यो रंग मन पराउने नारीमा सज्जनता, सरलता, दया-माया र निस्वार्थ व्यवहार, न्याय चाहने, नारी सुलभ गुणले युक्त हुन्छन्। यिनीहरू देखावटी बनावटी काम कुरा गर्न मन पराउन्नन्। र यस्ता नारीमा आत्मविश्वास श्रद्धा भक्ति पर्याप्त पाईन्छ। यिनीहरू लगनका पक्का र दृढ बिश्वासी हुन्छन्।

६ हरियो रंग— यो रंग मन पराउने नारी चञ्चल फुर्तिलो, चङ्गी, उमङ्गी खालका हुन्छन्। तर यिनीहरू ज्यादा व्यङ्ग कस्ने, विनोदी स्वभावका र परिहास पूर्ण व्यवहार गर्ने केही असहशील हुन्छन्।

७. नीलो रंग: – नीलो रङले अडुंबदो मुक्ति गर्छ। यो आकाशे रंग रोज्ने नारीमा आकाश जस्तै गहीरो अथाह महत्वाकांक्षा हुन्छ। अरूमाथि शासन चलाउने, वैभव र विलासमा रम्ने केही वैयक्तिहरू स्वभावका हुन्छन्। यिनीहरूको मनोभाव सितिमिति थाहा पाइँदैन।

८. खैरो रंग:— यो गर्भ र अनुरक्तिको सूचना हो। यी गुण यो रंग रोजाइमा पाइन्छ। विभिन्न सम्मिश्रणले बनेको हल्का खैरो रंग मन पराउने नारीमा सुरूचिता र विद्वताको गुण पाइन्छन्। यस्ता नारी अवसर पाए भने उच्च स्थान-पद लिन पुग्छन्। गाढा खैरो रंग कठोरता र हल्का खैरो रंग प्रतिभावान गुण नारीमा पाइन्छ।

[क्रमशः]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसलाई थाहा छ तपाईं के गर्नु हुन्छ ?

हुन सक्छ, तपाईंको पनि व्यापार छ

हुन सक्छ तपाईं त्यो चीजको व्यापार गर्नु हुन्छ जुन चीज मानिसहरू खोजी खोजी हिड्छन्।

तर उनीहरूले थाहा पाउनु पर्‍यो !
त्यो कसरी हुन्छ ?

विज्ञापन द्वारा

त्यसका लागि सम्झिनोस्

ब्लक, डिजाइन, प्रेस तथा रेडियो विज्ञापन सेवा, सिनेमा स्लाइड, होर्डिङ्ग तथा साइनबोर्ड आदिका लागि

अमात्य एड्भर्टाइजिङ्ग एजेन्सी

NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर राष्ट्रिय नारी वर्ष १९७५

नारी उत्थानको महत्वपूर्ण वर्षमा

तथा

श्री ५ बडा महारानी सरकारको

२७ सौं शुभ जन्मोत्सवको

पुनीत पर्वमा

समस्त नारी वर्गको
विकास कामना गर्नुका
साथै

मौसूफ सरकारमा
सुख, सौभाग्य र उत्तरोत्तर
उन्नतिका लागि
हार्दिक शुभ-कामना
व्यक्त गर्दछौं

धनुषा जिल्ला कार्यालय

जनकपुर धाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्राष्ट्रिय नारी वर्ष १९७५

एवं

श्री ५ बडा महारानी सरकारको शुभ जन्मोत्सवको
यस महत्वपूर्ण सुअवसरमा

मौसूफ सरकारको सुख, सौभाग्य चाहनुका साथै

देशका समस्त नारीहरूको समुन्नतिको कामना गर्छौं

—निर्वाचन आयोग

नेपाली नारीको आशा केन्द्र

श्री ५ बडामहारानी सरकार

२७ सौं वर्षमा प्रवेश गरीबक्सेको पुनीत पर्वमा

मौसूफ सरकारको

अटल सौभाग्य र दीर्घायुको मङ्गल कामना अर्पण गर्छौं

—पर्यटन विभाग

श्री ५ बडामहारानी सरकार ऐश्वर्य राज्य लक्ष्मी देवी शाह

२७ सौं वर्षमा लागि बक्सेको शुभ अवसरमा

मौसूफको सुख र दीर्घजीवनका लागि

हार्दिक मङ्गल कामना चढाउँछौं ।

—धनुषाजिल्ला पञ्चायत परिवार

मुद्रक:— संगम प्रेस, सेतो मछिन्द्र, केलटोल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

KATHMANDU



राजकुल–दीपक

श्री ५ युवराजाधिराज

दीपेन्द्र

शुक्लपक्षका चन्द्रमा जस्तै

दिनानुदिन वढदै गैवक्सन

शुभ–जन्मोत्सवको संदर्भमा

हार्दिक शुभेच्छा व्यक्त गर्छौं।

पञ्चायत विकास प्रशिक्षण केन्द्र

पोखरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हाम्रो देशको मुख्य आर्थिक स्रोत पानी नै भएकोले अब हामीले जल–स्रोतको बढी उपयोग गर्नेतर्फ बिस्तारै कदम चाल्दै लानु परेको छ।"

—श्री ५ वीरेन्द्र

साभार— सूचना विभाग।

श्रमिक आपूर्ति केन्द्रको अनुरोध

विभिन्न विकास परियोजनाहरूलाई आवश्यक नेपाली श्रमिक उपलब्ध गराउने उद्देश्यले परिक्षणको रूपमा हेटौंडामा श्रमिक आपूर्ति केन्द्रको स्थापना गरिएको छ।

अदक्ष तथा अर्धदक्ष श्रमिकहरू आवश्यक पर्ने अधिराज्यका सबै विकास आयोजनाहरूले आफूलाई आवश्यक पर्ने श्रमिकका किसिम, संख्या, प्रदान गरिने वेतन र सुविधाहरू उल्लेख गरी केन्द्रलाई निरन्तर जानकारी दिई सहयोग गर्नु हुन अनुरोध छ।

अदक्ष श्रमिकहरूलाई सामान्य प्रशिक्षण दिई उपयुक्त मांग अनुसार पूर्ति गर्ने प्रयास गरिने हुँदा रोजगारको निमित्त उत्सुक हेटौंडा र नजिकका क्षेत्रका अदक्ष र अर्धदक्ष व्यक्तिहरूले यस केन्द्रमा सम्पर्क राख्न हुन आग्रह गरिएको छ। विस्तृत विवरण केन्द्रबाट उपलब्ध हुनेछ।

उद्योग तथा वाणिज्य मन्त्रालय, श्रमविभाग

श्रमिक आपूर्ति केन्द्र, हेटौंडा।

हाम्रा ग्राहक वर्ग तथा देशवासीहरूको

उत्तरोत्तर उन्नतिको लागि

२०३४ नव वर्षको हार्दिक शुभ कामना

राष्ट्रिय वाणिज्य बैंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त मिति-०३५।३।२८

श्री ५ युवराजाधिराज

दीपेन्द्र

नेपालीको साझा फूलबारी

नेपालका

भविष्यका दह्रो सञ्चालक बन्न

शक्ति भरियोस्

मौसूफको शुभ जन्मोत्सवमा

हार्दिक शुभ-कामना चढाउँछौं

साझा पसल सेवा परिवार

नेपालको एकमात्र गौरवशाली प्रकाशन

★ ज्योतिष-दर्शन ★

★ ज्योतिष-दर्शनले नेपाली प्रतिभाहरूको ज्योतिषीय परिचय दिएर उल्लेखनीय काम गर्दैछ।

★ ज्योतिष-दर्शनले देश-विदेशको भविष्यवाणी गरेर चमत्कारिक उदाहरण देखाएको छ।

★ ज्योतिष-दर्शनले राष्ट्रिय संघ-संस्थाहरूको वर्तमान चित्रण र भावी संकेत दिंदै आएको छ।

★ ज्योतिष-दर्शनले लुप्त हुन लागेका ज्योतिषका व्यवहारिक विषय खोजेर छपाउँदै छ।

★ ज्योतिष दर्शनले अति गहनतम अनुसन्धान गरेर अभूतपूर्व काम गरिरहेको छ।

★ ज्योतिष-दर्शनले देशको एउटा खाँचो पूरा गर्दै आएको छ।

★ ज्योतिष-दर्शन तसर्थ गौरवशाली प्रकाशन हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष–दर्शनका स्थायी सदस्य महानुभाव

श्री दामोदर समशेर ज० ब० रा
श्री रवि समशेर ज० ब० रा०
श्री गन्धर्व समशेर ज० ब० रा०
श्री सुशील समशेर ज० ब० रा०
डा० भेष बहादुर थापा
श्री राजा प्रकाश विक्रम शाह
श्री बालाराम घर्ती मगर
श्री कृष्ण चौधरी
श्री गुरूशरण रोहित
श्री शिवप्रसाद शर्मा
श्री माला लोहनी
श्री नारायण बहादुर श्रेष्ठ
श्री हरिप्रसाद गिरी
श्री मणिहर्ष ज्योति
श्री रामलाल गोल्छा
श्री जुद्धबहादुर श्रेष्ठ
श्री मोहनलाल अग्रवाल
श्री जनक विष्ट
श्री महेश कुमार उपाध्याय
श्री दिव्य समशेर थापा
श्री सूर्य प्रसाद उपाध्याय
श्री आङदण्डी लामा
श्री रणबहादुर शाह
श्री ललित कुमार बोस
श्रीमती उत्तरा पाण्डे
श्री अनन्तराम राठी
श्री भीम बहादुर चेत्री
श्री मदनलाल अग्रवाल

—ज्योतिष–दर्शनका स्थायी सदस्य संस्था—

काभ्रे जिल्ला पञ्चायत, धुलिखेल
महेन्द्र बहुमुखी क्याम्पस, धरान
पञ्चायत विकास प्रशिक्षण केन्द्र, नेपालगंज
पञ्चायत विकास प्रशिक्षण केन्द्र जनकपुर
लोकसेवा आयोग, विशालनगर
रा. रा. क्याम्पस, जनकपुर
ल क्याम्पस, काठमाडौं
गुह्येश्वरी राइस मिल्स, विराटनगर
महेन्द्र मोरङ्ग क्याम्पस, विराटनगर
विराटनगर जुट मिल, विराटनगर
जनकपुर धान चामल निर्यात कं०
मेची धान चामल निर्यात कं०, झापा
हनुमान टाकिज, जनकपुर
मोरङ्ग सुगर मिल्स, विराटनगर
बहुमुखी क्याम्पस, कीर्तिपुर
अशोक टेक्सटाईल, विराटनगर
पाठ्यक्रम विकास केन्द्र, हरिहरभवन
मेची क्याम्पस, झापा
पञ्चायत विकास प्रशिक्षण केन्द्र, झापा
जिल्ला कार्यालय शिक्षा शाखा झापा
यान्त्रिक शारिरीकरण, थापाथली
धरान नगर पञ्चायत, धरान
सुर्ती विकास कम्पनी, जनकपुर

ज्योतिष–दर्शनको विज्ञापन नियम

	पुरा पेज	आधा पेज	चौथाइ पेज
पहिला कभर	—	१०००।–	६००।–
चौथो कभर	१०००।–	५५०।–	३००।–
दोस्रो कभर	९५०।–	५००।–	२७५।–
तेस्रो कभर	”	”	”
मुख्य पेज	१०००।–	५५०।–	३००।–
साधारण पेज	८५०।–	४५०।–	२५०।–

(नियमित बिज्ञापनदातालाई यो नियम लागू हुने छैन)

ज्योतिष दर्शनको सदस्य शुल्क

वार्षिक १५।– हुलाकद्वारा २०।–
आजीवन ४५०।–
यस अङ्कको ४।–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष-दर्शन

ज्योतिष सम्बन्धी नेपाली त्रैमासिक

वर्ष-६ २०३४ वैशाख-जेठ-असार अङ्क-१४

★ सल्लाहकार मण्डल

श्री महेश्वर शर्मा
—नेपाल राजज्योतिषी

श्री मङ्गलराज जोशी
—अध्यक्ष पञ्चाङ्ग संशोधन मण्डल

श्री आनन्दलाल प्रधान

श्री उमानाथ शास्त्री

श्री तृप्ती झा

श्री शशीकान्त शर्मा

डा. श्री लक्ष्मी भट्ट

★

सम्पादक तथा प्रकाशक

श्रीदेव सापकोटा

ठेगाना—

ज्योतिष-दर्शन

६/१५५ मछिन्द्रवहाल, काठमाडौं

सातौं शुभ-जन्मोत्सयको उपलक्ष्यमा



भविष्यमा नेपालको बागडोर संभाल्ने शक्ति परमेश्वरले प्रदान गरून् !

शुभेच्छु —ज्योतिष-दर्शन परिवार ।

ज्योतिष-दर्शनको उद्देश्य

१) ज्योतिषसम्बन्धी व्यावहारिक तथ्यको अन्वेषण गरेर प्रकाशमा ल्याउने ।

२) ज्योतिष शास्त्रको तथ्यपूर्ण प्राचीन अंशको संरक्षण र संवर्द्धन गर्ने ।

३) ज्योतिष विज्ञानका आधुनिक मान्यताहरूको खोजवीन गरेर जनसमक्ष ल्याउने ।

४) ज्योतिषसम्बन्धी कुनै पनि अङ्गको अध्ययन रूचि लिनेहरूको सहयोगी बन्ने ।

५) ज्योतिषसम्बन्धी विषयलाई प्रयोगात्मक प्रणालीवाट सत्यासत्यको छानवीन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

गरीबको हा ! फलास पनि खा ... !

हाम्रो देश गरीब छ । हामी गरीब छौं । हाम्रो विचार गरीब छ । हाम्रो भावना गरीब छ । हामी भोका छौं । हामी अभावमा डुबेका छौं । अभावले स्वभाव नष्ट गर्छ । हाम्रो स्वभाव नष्ट भै सकेको छ । हामी वरपर यताउति हेर्न सक्तैनौं । कसले के काम गर्‍यो, कसको स्थिति कस्तो छ र कस्तो हुनुपर्ने हो कस्तो भैरहेको छ हेर्दैनौं । हेरे पनि देख्दैनौं, देखे पनि बुझ्दैनौं र बुझे पनि जानी जानी बुरु पचाइदिन्छौं । या त टार्न थाल्छौं, पन्छाउन थाल्छौं अनि यो टार्ने–पन्छाउने क्रममा झूट्टा प्रलोभन दिएर हण्डर खवाउँछौं । ज्योतिष–दर्शनले यसरी थुप्रै हण्डर खाइसकेको छ । मन्त्रालयका विशिष्ट व्यक्तिबाट थुप्रै पटक झुक्किइसकेको छ । यसले के काम गर्‍यो, गर्दै छ र यसलाई कुन काममा कसरी प्रोत्साहन दिएमा यसको विकास हुन्छ तथा यसद्वारा देश वा समाजले कस प्रकारको उपयोगी विषय पाउन सक्छ भन्ने सही मूल्याङ्कन गर्नु त परै जाओस् उल्टै यसो गरिदिउँला उसो गरिदिउँला भनेर वर्षौंदेखि झूट्टा प्रलोभनमा झुण्ड्याइदिन्छन् जसले गर्दा व्यक्तिभित्र रहेको विषयगत प्रतिभा कुण्ठित भएर जान्छ । तर सदा समय एकनास रहन्न । सही–वेसहो, गुणी–दोषी छुट्याउने सद्व्यक्तिको पनि पालो आउँछ अर्थात् उच्च ओहदामा बसेर देश तथा समाजका लागि केही न केही गरिरहेका गुणी व्यक्तिहरूको तिरस्कार गर्ने, विद्वताको अनादर गर्ने र गरीव तर चेतनशील व्यक्तिहरूको कदर नगर्ने यस्ता ठूला–ठालु भनाउँदाहरूको पालो एक पटक त सकिएला !

प्रकाशकीय—

आँखा खोलेर हेर !

पंडितं पंडितो दृष्ट्वा
श्वानवत् गुर्गुरायते

नेपालका केही ज्योतिषीले ज्योतिष–दर्शनको कलेवर र संग्रहमा नाक चेप्र्याएका छन्— ज्योतिष-दर्शनले गरेको भविष्यवाणीमा यसो भएन, उसो भएन रे ! अन्य सामग्रीमा यो पुगेन, उ पुगेन रे !! काम लाग्दो भएन रे !!!

अवलोकनीय क्षमता भएमा देखिन्छ— 'ज्योतिष–दर्शन'' ले कस्ता अकाट्य भविष्यवाणी गरेर चमत्कृत काम गरेको छ । आजसम्म प्रकाशित चौथै अङ्क अनुसन्धानात्मक र भविष्य सूचक छन् । धेरै टाढा किन जानु, गत अङ्क हेरौं–

नेपाल—

यस वर्ष नेपालले प्रशासनिक क्षमतामा निपुणताका साथ–साथ शैक्षिक क्षेत्रमा महत्वपूर्ण कार्य गर्नेछ । ... जेठ मासमा शनिको प्रभावले उच्च राजनैतिक तहमा देशको व्यवस्थासम्बन्धी गतिविधिमा केही विरोधाभास पर्ने कुराको शमन गर्न दूरदर्शितापूर्ण निर्णय हुनेछ ।

कुनै पनि बुद्धिवान् महानुभाव, कुनै पनि अध्येता वा पारख गर्ने पाठक अथवा सामयिक चेतना भएका विद्वान् बुझ्नु हुन्छ— जेठ मासमा नेपालको उच्च राजनैतिक तहमा कुन प्रकारको दूरदर्शितापूर्ण पाइला चालियो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को उदाहरण हेरौं—

"मित्र राष्ट्रका सहयोगबाट राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि हुने र कर्म विकास (देशको परिस्थिति सुधार्न चाहिने खर्चको जोहो लगाउनुमा) रचनात्मकता आउने गुरुको मित्र धनमा बसेर कर्ममा हेर्नुबाट फलादेश चरितार्थ हुन्छ।

यसबारे अनुशीलन गर्न टाढा नजाऔं। ०३४ असार १ गतेदेखि १० गतेसम्मको गो. प मा पढौं— (क) १ गते— ६० लाख डलरको सहयोग, (ख) ६ गते— १२६ करोडको सहयोग, अनि ७ करोड (ग) असार १० गते— २ करोड सहयोग आदि आदि।

भारत—

'ज्योतिष-दर्शन' ०३३ पुष-माघ-फागुन अङ्कमा प्रकाशित भारतीय भविष्यवाणी विद्वान लेखक श्री उमानाथ शास्त्रीले लेख्नु भएको सत्य चमत्कारिक कुरा हेरौं—

"भारतको स्त्री पक्ष यो वर्ष निर्बल छ। भारतले नयाँ राजनैतिक मोड लिनेछ। ··· वैदेशिक नीतिमा ठूलो परिवर्तन देखिन्छ। तीन महीना भित्र एक ठूलो नेताको मृत्यु योग छ। ··· मन्त्री मण्डलीय परिवर्तन एवं विशेष नेतृत्वको योग ··· ।"

यसरी ज्योतिष-दर्शनले आजसम्म छापेका सत्य भविष्यवाणी उद्धृत गर्ने हो भने त एउटा पुस्तक नै तयार हुन्छ। अस्तु।

पत्रिकामा प्रकाशित विषय वस्तुमा विवेच्य दृष्टिले हेर्नु, सही मूल्याङ्कन गर्नु र उचित राय दिनु त परै जाओस् एक पटक सर्सर्ति आद्योपान्त पनि पढ्दैन न्। तर केवल छिद्रान्वेषी प्रवृत्तिवश अथवा आफू गर्न नसक्ने अर्कोले गरेको मन नपराउने डाहे स्वभावका पराभूत मूर्ख विद्वान-हरुद्वारा पत्रिकाप्रति भएको उपेक्षाले हामीलाई कदापि ह्रास पार्दैन, त्यसबाट पत्रिकाको अनुसन्धानले हौसला नपाएर सेलाउँला भनी हामी एकरत्ति चिताउन्नौं, भलै ती विद्वान्हरू शक्तिको आडमा बसेका हउन्, त्यता बसले टिक्न नजाओस् वा माथिल्लो तहबाट पत्रिकाले आड-भरोसा पाउन सम्भव नहोला, बरू झूट्टा प्रलोभन दिएर केही दुःखै दिएका होउन्। तर देशमा पारख गर्ने सज्जनहरुको कमी छैन, पत्रिकामा समावेश गरिएका विषयको उचित मूल्याङ्कन गरिदिएर हौसला बढ़ाइदिन तथा अल्पै मात्रामा भए पनि सहयोग गर्न तंसिने महानुभावहरू ज्योतिष-दर्शनले पाएकै छ। नत्र तीन,-चार वर्ष पहिल्यैदेखि उक्त प्रकारका ह्रासात्मक प्रसंग उपस्थित नभएको होइन र पनि पत्रिकाको अनुसन्धान र प्रकाशन रोकिएको छैन र रोकिने पनि छैन। बरू त्यस प्रकारका हेपाइबाट हामी पत्रिकालाई झन् उपयोगी बनाउने प्रेरणा लिएका छौं र भविष्यका अङ्कहरू अझ बढी व्यवहारिक अनुसन्धानात्मक र प्रयोगात्मक हुनेछन्। साथै समस्त पाठकवृन्द एवं सही मूल्याङ्कन गर्ने विद्वान्हरूको पूर्ववत् समर्थन यसले अटूट पाइरहने छ, यो हाम्रो विश्वास हो। ईश्वरले हाम्रो विश्वास अडिग राख्ने छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर र मात्राबाट भविष्य-ज्ञान

[यो लेख "ज्योतिष-दर्शन" अंक २ असार २०२६ मा प्रकाशित भएको थियो। त्यो अंक अप्राप्य भएकोले र कतिपय जिज्ञासु पाठकहरूले यो लेख हेर्न इच्छा गर्नु भएकोले जस्ताको तस्तै यहाँ छापिएको छ]

अक्षर-विज्ञान अत्यन्त प्राचीन र अत्यन्त उपयोगी विद्या हो। यस विद्यामा स्वर, अक्षर, मात्रा, अङ्क आदिको तारतम्य मिलाएर शुभ-अशुभ, मेल-बेमेल, फाप-अफाप आदिको ज्ञान गरिन्छ। यो विज्ञान ईशाको हजारौं शताब्दी पहिले नै आविष्कृत थियो। १२३-४१ ई. पू. विक्रमादित्यको पालामा आएर यो चंकियो। छैठौं शताब्दीतिर पुनः हराउँदै गयो। अनि करीब १३ औं शताब्दीतिरका केही तान्त्रिक र केही वैज्ञानिक पाराका विद्वान् ज्योतिषीहरूले यजुर्वेदबाट आधार लिएर ज्योतिष-तंत्र बनाए। अथवा महेश्वरका १४ सूत्रका आधारमा एवं छैठौं शताब्दीतिर निर्मित पाणिनिको व्याकरणअनुसार स्वर र वर्णहरूलाई विभिन्न यंत्रहरूमा राखेर त्यसबाट फलाफल शुभाशुभ फल वर्णन गर्न लागेका थिए। अति प्राचीन ग्रन्थहरू जस्तै रूद्रयामल शक्तियामल आदि ८ यामल र नरपति जयचर्या आदि तंत्र ज्योतिषमा अक्षर, शब्द, स्वर, वर्ण, अङ्क आदिको थुप्रै उपयोगी विषय छन्।

कुन वाक्यमा वा कुन नाममा कति शब्द छन् कति वर्ण र कति स्वर छन् तथा त्यसमा हरेक स्वर वर्णहरूको गुण, धर्म, प्रकृति आदि कस्तो छ अनि त्यसबाट संबन्धित नामधारीलाई के कस्तो असर पार्छ-कस्तो फलाफल पाउँछ इत्यादि कुराको ज्ञान गर्न अक्षर विज्ञान उपयोगी छ। यो अति गाहारो विषय भएको र जटिल साधन गर्नु पर्ने भएकाले प्रमाणित भए पनि त्यसै बेला लोप थियो, एवं प्राचीन पुस्तक उक्त यामल र नरपति जयचर्या आदि ग्रन्थहरू मै थन्किरहेको थियो। यता आएर विदेशी विद्वान् वा ज्योतिषीहरूले यस विद्यालाई केही नवीकरण गरेका छन्। त्यसका केही व्यवहारिक विषयहरू यहाँ प्रस्तुत गरिन्छ।

नामाक्षर चक्र

अक्षर विज्ञानमा स्वरको महत्व ज्यादा छ। प्रत्येक अक्षरमा स्वर छन्। विना स्वर अक्षर ध्वनित हुन्नन्। कुन अक्षरमा कुन स्वर छ र त्यसको गुण-धर्म, प्रकृति के हो तथा त्यसले के फल दिन्छ आदि कुरा जान्न स्वर र वर्णलाई वर्गीकरण गरिएको छ। सुविधाका लागि मुख्य ५ मूलस्वर र ३० मूल वर्णलाई ५ मूल स्वर भित्रै गाभिदिएका छन्। जस्तै—

संख्या	१	२	३	४	५	१
स्वर	अ	ई	उ	ए	ओ	२
वर्ण	क	ख	ग	घ	च	३
	छ	ज	झ	ट	ठ	४
	ड	ढ	त	थ	द	५
	ध	न	प	फ	व	६
	भ	म	य	र	ल	७
	व	श	ष	स	ह	८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उदाहरण:—

(१) नेपाल– स्वर न् ए^{४} प् अ^{१} ल् अ^{१} –१६ = $\frac{६}{१०}$ =
वर्ण २ ३ ५

$\frac{१}{५}$ = १ अ / ओ – ओ = १ (वाल स्वर)

(२) श्री वीरेन्द्र शाह– व् इ^{२} र् ए^{४} न् द् र् अ^{१} श्
१ ४ २ ५ ४ २

अ^{१} ह् अ^{२} –३२ = $\frac{०}{२३}$ = $\frac{४}{३}$ = ५ = २ ए / उ इ–२
५

(कुमार स्वर)

(१) श्री महेन्द्र शाह-- म् अ^{२} ह् ए^{४} न् द् र् अ^{२} श्
२ ५ २ ५ ४ २

अ^{२} ह् अ ^{८}–३३ = $\frac{८}{२५}$ = $\frac{३}{५}$ = ३ उ / ओ –उ–३
५

(युवा स्वर)

१. नेपाल—अ. ओ. अ.—१=१. ५. १—१

२. वीरेन्द्र शाह—ए उ. इ.—२=४. ३. २—२

३. महेन्द्र शाह—उ. ओ. उ—३=३. ५. ३— ३

अब यसलाई प्रयोग गरेर हेरौं —

स्वर-शास्त्रमा

नेपालको–भविष्य

नेपाल $\frac{\text{अलंकार}}{\text{आत्मा}}$ व्यक्तित्व

नेपाल $\frac{\text{स्वर}}{\text{वर्ण}}$ पिण्ड

नेपाल $\frac{१}{५}$ १

नेपालको नामाक्षरमा साधारण व्यावहारिक दृष्टिबाट हेर्दा केवल ३ अक्षर छन् ने पा ल । प्रत्येक अक्षरमा ध्वनि हुन्छ । ध्वनि मुताविक अक्षरको अर्थ हुन्छ । कुन अक्षर कुन स्वरमा कुन ठाउँबाट ध्वनित हुन्छ तदनुसार त्यसको स्वभाव, प्रकृति, गुण हुन्छ र एउटा अर्थ राख्छ । नेपालको ६ अक्षरमा तीनै प्रकारका ध्वनि छन् । तालु र अनुनासिकबाट मध्यम स्वरमा 'ने' ध्वनित हुन्छ, 'प' ओठबाट र दाँत र घाँटीबाट 'ल' कोमल स्वरमा निस्कन्छ। यी भिन्ना-भिन्नै स्वर मिलेर संयुक्त बनेको 'नेपाल' यस शब्दले गहन र महत्वपूर्ण अर्थ राखेको छ। यसलाई शास्त्रीय पद्धतिबाट हेरौं

(क) ३ स्वर
(ख) ६ स्वर संख्या
(ग) १ स्वरको पूर्णांक
(घ) ३ वर्ण
(ङ) १० वर्ण संख्या
(च) ५ वर्णको पूर्णांक
(छ) १६ संपूर्णांक
(ज) १ परिणामांक

निष्कर्ष

३ स्वर १ परिणाम
३ वर्ण ५ परिणाम

नेपाल

यी अक्षर र स्वरहरूको गति–प्रगति, गुण, आदि अध्ययन गरेमा तथा नेपाल शब्दभित्र रहेका स्वर ध्वनिको गुण–धर्म मिलाएर हेरेमा नेपालका बारेमा सबै थोक मात्र सकिन्छ । नेपालको भूत, भविष्य, वर्तमानबारे तथा नेपालको स्थिति, प्रगति र गतिविधि बारे पूरापूरी ज्ञान

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकिन्छ । यति मात्र होइन, स्वर दशा लगाएर स्वरको आधारमा नक्षत्र, राशी, ग्रह बनाएर नेपालको होस् चाहे कुनै पनि नामको तात्कालिक, मासिक, वार्षिक, शुभाशुभ फलादेश गर्न सकिन्छ । यसका लागि विस्तृत गणित गर्नु पर्ने र निकै चक्रहरू बनाउन पर्ने हुन्छ । यसको अध्ययन आगामी अंकहरूमा प्रस्तुत हुनेछ । यहाँ माथिको निस्कर्ष अर्थात् 'क' देखि 'ज' सम्म जो अन्तिम परिणामबोधक स्वर-वर्ण निस्कियो, बाट नेपालमा बारे जुन फलादेश उपलब्ध भएको छ त्यसको दिग्दर्शन गरिंदैछ ।

अलंकार

नेपालको नामाक्षरमा ३ स्वर छन् । पूर्णाक संख्या ६ हुन्छ । पहिलो स्वर ए ४ अक्षरहरूको पीठमा चढ्ने पहिलो स्वर हो र नामको अन्तिम स्वर अ १ पनि अक्षरहरूको अगाडि बस्नै पहिलो स्वर हो । फेरि सबै स्वर सख्याहरूको मेललाई अर्थात् स+अ+म लाई ओ ले भाग गरेर स्वरको फल अंक निकाल्दा पनि परिणाम १ अ नै आउँछ । अ बालस्वर हो । बाल अवस्था सदा विकास शील प्रकृतिको हुन्छ । बालखलाई कसैले हिर्काउँदैन । नेपाल लाई बाहिरी शत्रु लाग्दैन (कतै लागिहाले पनि आफै पन्छेर जान्छ) । बालखलाई सबैले माया गर्छन्-नेपाललाई सबैको मित्रता प्राप्त हुन्छ । नेपालले सबैबाट मद्दत पाउँछ । किनभने नेपालको नामाक्षर परिणाम बालस्वरमा छ । स्वरको पूर्णाक ६ छ, यो संघर्षशील परिश्रमिक अंक हो । अत: कर्मशील, विकासका लागि संघर्ष र परिश्रमशील नेपालले अलंकारित गुण पाएको छ ।

आत्मा

नेपाल शब्दमा कुल ३ वर्ण छन् । वर्णलाई स्वरमा ढाल्दा पूर्णाक १० आउँछ । यो अंक 'ओ' को भागमा ५ नं. पर्छ । १० कर्मशील र ५ प्रारब्धवान अंक हुन् । नेपालको पहिलो वर्ण अनुनासिक छ । यो उभयस्पर्शी वर्ण हो । अनुनासिक वर्ण जति जम्मै ''ङ''पर्छन् । ङ २ नं हो । उति बलिष्ट यो होइन तापनि प् र ल् ३ ५-३ र ओ-अन्तरगत दुवै वर्ण बलिष्ठ छन् । आफू कसैमाथि जाइलाग्न नतंसिने र कसैले आफूमाथि आइलागेको देख्न नचाहने स्वाभिमानी आत्माका साथै सबैसंग मिल्ने अत्यन्त कोमल गुण--वर्णाक्षर नेपालले पायो ।

व्यक्तित्व

मूलभूत परिणामका लागि नेपालको नामाक्षरको संपूर्ण अंक १६ आयो । १६ उति प्रबुद्ध अंक नभए पनि संघर्षशील अंक हो । जस्तै ६ अलंकारको फल संपूर्ण भित्री निर्माणका लागि संघर्ष-श्रम र वर्णसहित संपूर्णाक १६ को फल सुरक्षा र अस्तित्वका लागि बाहिरी संघर्ष । फल निस्कर्षाउने मूल संख्या मुख्य भएकोले यो अत्यधिक ओजनदार संख्या भयो । १ को फल विकासशील हो र ५ को फल हो विकासको टुंगोमा पहुँच । १ पहिलो स्वर र ५ पछिल्लो स्वर प्राय: मूल रूप एउटै भएका अत्यन्त मेल खाने संख्या हो । $\frac{१}{५}$ = १ मा कहीं अशुभ संख्या र कमजोर स्वर छैन । $\frac{६}{१६}$ भनिएको यत्किंचित् अशुभलाई डबल शुभ $\frac{५}{१}$ ले पन्छाई दिएको छ । $\frac{१}{५}$१ को फल विकासशील, अस्तित्ववान र स्थिरत्वबोधक हो । अत: 'नेपाल' यस नामाक्षरमा परिणाम १-५-१ शुभ अंक बाल स्वर र परस्पर मित्र-संज्ञक परेकाले नेपाल सदा अस्तित्व वान् र स्वसुरक्षित रहन्छ । यसमा कुनै विकल्प छैन ।

उपरोक्त फलमा ठोस प्रमाणका लागि अरू पनि सत्य तथ्यहरू नेपालको नाममा पाइन्छन् ।

[शेष पृष्ठ २५ मा हेर्नुहोस्]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहाधीन जगत् सर्वें

हामी ग्रह हौं । हामी राशी हौ । राशी विश्व हो । हामी विश्व हौं । राशी शरीर हौ । शरीर विश्व हो । शरीर संचालन गर्ने आत्मा हो । विश्व संचालन गर्ने प्रकृति हो । हामी प्रकृति हौं । प्रकृति विश्व हो । प्रकृति हामी हौं । प्रकृति पुरूष अनादि हो । हामी पुरूष हौं । हामी आत्माधारी छौं । आत्मा ब्रह्मा हो । सूर्य आत्मा हो । विश्व देखाउने सूर्य हो । सूर्यको वरिपरि सबै ग्रह घुम्छन् । सूर्यको वरिपरि हामी घुमिरहेका छौं । सूर्य आत्मा हो– आत्मा ब्रह्मा हो । ब्रह्माको माया मन हो । सूर्यको प्रतिबिम्ब चन्द्रमा हो । चन्द्रमा सूर्यको रश्मि हो । चन्द्रमा आत्माको रश्मि हो । हाम्रो मन चन्द्रमा हो । मन ब्रह्माको माया हो । मन आत्माको छाया हो । मन हाम्रो हृदयमा चेतनशील छ । ब्रह्मबाट प्रकाश लिएर अरूलाई प्रकाश दिने माया परप्रकाशी हो– सूर्यबाट प्रकाश लिएर अरूलाई दिने चन्द्रमा पनि परप्रकाशी छ । माया चंचल छ । चन्द्रमा चंचल छ । माया बहुरूपी छ । चन्द्रमा बहुरूपी (शुल्क पक्ष र कृष्ण पक्ष गरेर) छ । तसर्थ सूर्य औ चन्द्रमा, आत्मा औ मन, ब्रह्म औ माया, परमात्मा औ जीवात्मा, द्वैत औ अद्वैत जे भने पनि भयो । सूर्य–ब्रह्म–आत्म स्वतः चरितार्थ छ, स्वतः प्रकाशित छ । सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित पार्ने ब्रह्मरूपी सूर्यको प्रकाश हाम्रो हृदयमा छ कुण्डलिनी चक्र भित्र अवस्थित । सूर्य चन्द्र दुई मूल तत्वलाई वेष्टित गर्ने मंगल–बुध–गुरू-शनि, शुक्र आदि विविध उप प्रकृति छन् । मङ्गलको सत्व-सार- शौर्य–शक्ति–साहस, बुधको मेधा शक्ति, बृहस्पतिको ज्ञान, शुक्रको वीर्य र शनिको अन्तरणको चिन्तन दुःख सुखादि प्रपन्च अनि राहु–केतुको छाया उपछाया, भ्रम वा द्वैत–अद्वैतको चक्कर इत्यादिद्वारा वेष्टित मानव शरीर अर्थात् मन र आत्माको चक्कर वा मायारूपी मनको प्रपंच माया–मोह–स्नेह रागादि अथवा त्रिगुणात्मक गुण आदिमा हामी, हाम्रो विश्व अथवा सम्पूर्ण विश्व परिलक्षित हुन्छ ।

प्राणी तत्व

प्राचीन पाँच तत्व

आकाश तत्व	(शब्द-ब्रह्म)
जल तत्व	(रसात्मक तत्व)
वायु तत्व	(गत्यात्मकता)
अग्नि तत्व	(तापात्मकता)
पृथ्वी तत्व	(उर्बरता)

आधुनिक पाँच तत्व

जीव अणु	(Life Atom)
स्थिति अणु	(Circumstauce Atom)
काल अणु	(Time Atom)
प्रकाश अणु	(Light Atom)
आधार अणु	(Physical Atom)

यी पाँच तत्व तथा अणुको सामुहिक आवर्तत, विवर्तनद्वारा चेतन आकार बन्छ । आवर्तनद्वारा आकार देखिनु र विवर्तनद्वारा लोप हुनु भैरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष-शिक्षण—१

नक्षत्र

[यस अङ्कदेखि ज्योतिष प्रेमीहरूको लाभार्थ ज्योतिषको प्रारम्भिक शिक्षण प्रकाशित गरिंदै छ। कतिपय पाठकहरूले यसबारे मांग पनि गर्नु भएको छ। ज्योतिषको अध्ययन गहन छ, वर्षौं अध्ययन गर्दा पनि ज्योतिषको मर्म बुझ्न गाहारो पर्छ। तर पनि रहर गर्ने चेष्टाशील महानुभावहरूका लागि गाहारो केही छैन। कमसे कम आठ-दश अङ्कसम्म बराबर ज्योतिष शिक्षणको अनुशीलन गर्दै जानु भयो भने अवश्यै पनि ज्योतिष विद्याको धेरै विधाहरू तपाईलाई ज्ञात भैसकेको हुनेछ। अस्तु।]

नक्षत्र के हो भन्ने सवालको उत्तरमा हाम्रा पुराण-धर्मशास्त्रहरूमा नपत्याइने धेरै कुरा वा कथाहरू उल्लेख छन्। जस्तै २७ कन्या दक्षप्रजापतिका थिए। ती सबै शिवजीले ग्रहण गरे। प्रत्येक कन्याका साथ रमण गरेर तिनीहरूको स्वभाव-गुण व्यक्त गरे। ती नै २७ नक्षत्र बने आदि आदि। तर ज्योतिष धार्मिक कथा होइन। यो विज्ञान हो। विज्ञानको पक्षबाट संक्षिप्तमा नक्षत्रबारे यति नै के जानि राख्नोस् भने आकाश-मण्डलमा देखिने तारागणलाई पूर्वबाट पश्चिम दिशाको गतिले २७ भागमा विभक्त गरिएको छ। ती विभाग मध्ये प्रत्येक विभाग एक एक नक्षत्र हुन्। कुन नक्षत्रमा कुन ग्रह छ भन्ने तथ्य हो—कुनै ग्रह भ्रमणवश आकाशको कुन विभागमा पुगेको छ। उपरोक्त विभाजनलाई युक्तिपूर्वक मिलाएर अवलोकन गर्ने हो भने नक्षत्रका नामानुसार स्वरूप पनि देखिन्छ।

२७ नक्षत्र-समूहद्वारा आकार, तारा, लिङ्ग आदि

	नक्षत्र नाम	आकाशको	तारा समूह	आकार	लिङ्ग
१.	अश्विनी	उत्तर	३	अश्वमुख	स्त्री
२.	भरणी	”	३	गर्भाशयको मुख	स्त्री
३	कृतिका	मध्य	६	छूर (धारिलो अस्त्र)	स्त्री
४.	रोहिणी	मध्य	५	बाहन	स्त्री
५.	मृगशिरा	दक्षिण	३	हरिण	नपुंसक
६.	आर्द्रा	दक्षिण	१	मणिक (जलविन्दू)	स्त्री
७.	पुनर्वसु	दक्षिण	४	घर	पुरुष
८	पुष्य	मध्य भाग	३	थन	पुरुष
९.	अश्लेषा	मध्यभाग	५	सर्प कुण्डलो	पुरुष
१०.	मघा	उत्तर भाग	५	राजसिंहासन	स्त्री
११.	पूर्वफाल्गुनी	उत्तर	२	मंच	स्त्री
१२.	उत्तरफाल्गुनी	उत्तर	२	शैय्या	स्त्री
१३.	हस्त	दक्षिण	५	हात	पुरुष
१४.	चित्रा	मध्यभाग	१	चंकिलीरत्न	स्त्री
१५.	स्वाति	उत्तर	१	मूँगा	स्त्री
१६.	विशाखा	उत्तर	४	सज्जद्वार	स्त्री
१७.	अनुराधा	दक्षिण	४	” ”	स्त्री
१८.	जेष्ठा	दक्षिण	३	वाला	स्त्री
१९.	मूल	दक्षिण	११	बंडल वा झुप्पो	”
२०.	पूर्वाषाढा	दक्षिण	२	हात्ती दाँत	”

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१.	उत्तराषाढा	”	२	मँच	”
२२.	श्रवण	मध्य	३	तीन पद चिन्ह	”
२३.	धनिष्ठा	”	२	मृदंग मादल	”
२४.	शतभिषा	मध्य	१००	वृत्त	पुरुष
२५.	पूर्वभाद्र	उत्तर	२	दोहोरो मुखाकृतिनर”	
२६.	उत्तरभाद्र	”	३	” ” ”	”
२७.	रेवती	मध्य	३२	मादल	स्त्री

यी २७ नक्षत्र बाहेक उत्तराषाढाको चौथो पाउ-लाई 'अभिजित' नक्षत्र मानेका छन्, तर त्यसको व्यवहारमा प्रयोग आउँदैन ।

राशी, नक्षत्र औ चरण

राशी	नक्षत्र	अक्षर	पाउ
मेष	अश्विनी —	चु. चे. चो. ला. —	४
	भरणी —	ली. लू. ले. लो. —	४
	कृतिका —	अ. —	१
वृष	कृतिका —	इ. उ ए. —	३
	रोहिणी —	ओ, बा. बी. बू. —	४
	मृगशिरा —	वे. बो. —	२
मिथुन	मृगशिरा —	क. की —	२
	आर्द्रा —	कु. घ. ङ. छ. —	४
	पुनर्वसु —	के. को. हा. —	३
कर्कट	पुनर्वसु —	ही. —	१
	पुष्य —	हु. हे. हो. डा. —	४
	अश्लेषा —	डी. डु. डे. डो. —	४
सिंह	मघा —	मा. मी. मु. मे.	४
	पूर्वाफाल्गुनी —	मो. टा. टी. टू. —	४
	उत्तराफाल्गुनी —	टे. —	१
कन्या	उत्तराफाल्गुनी —	टो. प. पी. —	३
	हस्ता —	पु. ष. ण. ठ. —	४
	चित्रा —	पे. पो. —	२
तुला	चित्रा —	रा. री. —	२
	स्वाति —	रु. रे. रो. ता. —	४
	विशाखा —	ती. तू. ते. —	३
वृश्चिक	विशाखा —	तो. —	१
	अनुराधा —	ना. नी. नु. ने. —	४
	जेष्ठा —	नो. या. यि. यू. —	४
धन	मूल —	ये. यो. भा. भी. —	४
	पूर्वाषाढा —	भू. धा. फा. ढा. —	४
	उत्तराषाढा —	भे. —	१
मकर	उत्तराषाढा —	भो. जा. जी. —	३
	श्रवण —	खी. खु. खे. खो. —	४
	धनिष्ठा —	गा. गी. —	२
कुंभ	धनिष्ठा —	गु. गे. —	२
	शतभिषा —	गो. सा. सी. सु. —	४
	पूर्वाभाद्र —	से. सो. दा. —	३
मीन	पूर्वाभाद्र —	दी. —	१
	उत्तराभाद्र —	दु. थ. झ. ञ. —	४
	रेवती —	दे. दो. चा. ची. —	४

श्री ५ युवराजाधिराज सरकारको
शुभ - जन्मोत्सवको उपलक्ष्यमा
भक्तिपूर्वक मौसूफको सुस्वास्थ्य र दीर्घायुको मंगलमय कामना गर्ने
काठमाडौं नगर पञ्चायत परिवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष किन ?

लेखक— गंगाराम श्रेष्ठ
नारायणगढ (चितवन)

प्रायः मानिसहरू ज्योतिषलाई खुब मान्दछन् भने यसलाई नमान्ने मानिसहरूको पनि कमी छैन । भन्ने हो भने यसलाई मान्ने मानिसहरूलाई अन्धानुकरण गर्ने भनेर दोष समेत दिन मानिस पछि सर्दैनन् । तर गहिरिएर हेर्ने हो भने ज्योतिष मनुष्य जीवनको लागि नभै नहुने एक अङ्ग हो ।

केवल ज्योतिष नै एउटा यस्तो शास्त्र हो जसको सहाराद्वारा मानिसको प्रारब्ध के कस्तो छ भनेर थाहा पाउन सकिन्छ । हामीले मानिसको जन्मकालीन ग्रहहरूको स्थिति हेर्‍यौं भने उसले आजीवन भोग्नु पर्ने कुरा [प्रारब्धको भोग] लाई राम्ररी औंल्याई दिन सक्छौं । ग्रहहरू सदा आफ्नो कक्षमा घुमिरहन्छन् । कुन बेला कुन ग्रहले व्यक्तिलाई कस्तो फल दिएर जान्छ भन्ने कुरा उसको जन्मकालीन ग्रहस्थितिमा निर्भर गर्दछ । वेदान्त यसलाई प्रारब्ध भन्दछ भने ज्योतिष ग्रहको प्रभाव वा दिन–दशा भन्दछ । उदाहरणका लागि मानौं २०३२ साल माघ ५ गते देखि व्यक्तिको दशा क्रमानुसार शनिको दशा प्रारम्भ हुन्छ । अब यदि उसको जन्म समयमा शनिश्चर दुःस्थानमा बसेको छ भने वा शनि कुनै प्रकारले पीडित छ भने उसले विभिन्न कष्ट शनि दशामा भोग्नु पर्दछ, अपवाद सहनु पर्दछ, उपकार गर्दा अपकार गरेको मानिन्छ । शनिको अवधि भित्र बाँकी अरू ग्रहहरूको पनि बेला बेलामा प्रभाव पर्दछ । किनभने ग्रहहरू घुमी नै रहन्छन् । जस्तो शनिको अन्तरबाट शुक्रको दशा आयो । शुक्र शुभस्थानमा बसेको वा देखेको छ भने यसको पालामा तत् स्थानजनीत सु–फल हुने भयो । कारण शुक्र शनिको मित्र हो । लघु पारासरीले त यहाँसम्म भनेको छ कि कुनै पनि ग्रहले आफ्नो मित्र ग्रहको दशा आउँदा मात्र आफुले दिनुपर्ने सु-फल राम्ररी दिन्छ । यसको लागि पारासरीले यस्तो तर्क पेश गरेको छ– जस्तो एकजना मानिसले आफूसँग भएको राम्रा राम्रा वस्तुहरू वा मीठा मीठा खानेकुराहरू आफ्नो हितैषी मित्र आउँदा प्रयोगमा ल्याउँदछ नत्र थन्क्याइराख्छ । त्यस्तै ग्रहको पनि स्थिति हो । हुन पनि दुःस्थानमा बसेका ग्रहका पालामा उलको शत्रु ग्रह (दुःस्थानाबाट बसेका ग्रहका पालामा उसको शत्रु ग्रह (त्यो दुःस्थानामा विपति पनि होस्) आउँदा मानिसलाई उसको भोग-हात चूठे झैं पारिदिन्छ र अर्कि त्यस विपरीत शूभ–स्थानाधिपति ग्रहको उदयमा उसको मित्र (अधिमित्र) ग्रह (त्यो शुभ–स्थानाधिपति पनि होस्) आउँदा चिताउँदै नचिताएको सुख भोग पाउँदछ ।

यसरी ज्योतिषीहरू कुण्डली हेरेर (तत्काल र यस बेलाको वा भविष्यको ग्रहको गति विचार गरेर) जातकको जीवनमा पर्न आएको र पर्न आउने घटना चक्रको राम्ररी निर्देश गर्दछ । यसैले ज्योतिष मनुष्य जीवनमा नभै नहुने अङ्ग सिद्ध हुन आउँछ । किनभने उसले पर्सि हुने आफ्नो दुःस्थितिलाई आज ज्योतिषको सहाराले राम्ररी जान्न सक्तछ ।

फेरि एउटा प्रश्न उठ्छ, पर्सि हुने दुःस्थितिको प्रतिकार हुन सक्तछ ? ईश्वर सर्वशक्तिमान् हो । अतः ईश्वरको शरणमा परे दुःस्थितिको पूर्णतः वा आंशिक रूपमा भने पनि प्रतिकार हुन जान्छ, त्यो आफू माथि निर्भर गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष औ परिवार नियोजन— २

छोरो पाउने कि छोरी ?

यसै पत्रिकाको अङ्क ११ मा "मनमाफिक सन्तान जन्माउनुहोस्" शीर्षक अन्तर्गत छोरो पाउने कि छोरी पाउने, कहिले पाउने अथवा केही वर्ष पर्खेर पाउने कि आदि सैद्धान्तिक कुराहरू गहिरो अनुसंधान गरेर छापिएको छ । पुत्र कि पुत्री प्राप्त गर्न के गर्ने तथा कस्तो प्रकारको सन्तान कसरी प्राप्त गर्न सकिन्छ— उक्त अङ्कको बयान सही हो तर अलिक बढी हिसाब किताब लगाउनु पर्ने हुँदा यस ब्यस्त समयमा सर्वसुलभ अजिक भएन भन्ने महशूश गरेर सर्वसाधारणले पनि प्रयोग गर्न सक्ने सजिलो तरीका यहाँ दिइँदैछ । तपाईं प्रयोग गरेर हेर्नुस् ।

पुत्र जन्माउने कि पुत्री जन्माउने तलको तरीका प्रयोग गर्नु होस–

आइमाई नछुने भएको चौथो दिन देखि लिएर १६ ह्रौं दिनसम्म गर्भ रहन्छ । ती बीचका १२ दिनमा कुन रात गर्भ रहे कस्तो प्रकारको सन्तान हुन्छ भन्ने निम्न नियम छन्:—

पुत्र

१. रजस्वला भएको चौथो रातमा गर्भ रहे
—अल्पायु तथा दरिद्री पुत्र ।

२. रजस्वला भएको छैठौं रातमा गर्भ रहे
—सामान्य पुत्र हुन्छ ।

३. रजस्वला भएको आठौं रातमा गर्भ रहे
—ऐश्वर्यशाली पुत्र हुन्छ ।

४. रजस्वला भएको दशौं रातमा गर्भ रहे
—चतुर पुत्र जन्म ।

५. रजस्वला भएको बाह्रौं रातमा गर्भ रहे
—असल पुत्ररत्न प्राप्ति ।

६. रजस्वला भएको चौधौं दिनमा गर्भ रहे
—श्रेष्ठगुणी पुत्र प्राप्ती ।

७. रजस्वला भएको सोन्हौं रातमा गर्भ रहे
सर्वगुण सम्पन्न पुत्र हुन्छ ।

पुत्री

१ रजस्वला भएको पाँचौं रातमा गर्भ रहे
—लक्षणकी पुत्री प्राप्ती ।

२. रजस्वला भएको सातौं रातमा गर्भ रहे
वन्ध्या पुत्री हुन्छे ।

३. रजस्वला भएको नवौं रातमा गर्भ रहे
—ऐश्वर्यवती कन्या जन्मिन्छे ।

४ रजस्वला भएको एघारौं रातमा गर्भ रहे
दुश्चरित्रा कन्या जन्म हुन्छ ।

५. रजस्वला भएको तेह्रौं रातमा गर्भ रहे
वर्ण शंकर संतान पाउने छोरी हुन्छे ।

६. रजस्वला भएको पन्ध्रौं रातमा गर्भ रहे
—सौभाग्यवती सुपुत्री जन्मिन्छे ।

यस यियम अनुसार नारी रजस्वला भएको चौथो दिन देखि १६ औं दिनसम्म तपाईं ध्यान पूर्वक उपरोक्त दिन रोजेर गर्भ रोपण गर्नुहोस् तपाईले रोजेको संतान पाउनु हुने छ ।

परिवार नियोजनः–

यदि तपाईं परिवार नियोजनको अस्थाई साधन प्रयोग गर्दै आउनु भएको छ भने मासिक धर्म भएको १६ दिन पछि अर्को मासिक धर्म नहुन्जेल कुनै साधन प्रयोग गर्नु पर्दैन । स्वतः गर्भाशय बन्द रहेको हुन्छ । रजस्वला भएको १६ दिन पछि गर्भ नरहने प्राकृतिक नियम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बि. सं. २०३४ को वार्षिक फलादेश

श्री उमानाथ शास्त्री
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर



२	८	७ रा	६	५
१०	जगत लग्न		४ श.	
चं. ११	शु. १२	के. बु सू. १	गु. २	३

संम्बत्सर फल— यस वर्षको आरंभिक संवत्सर प्रमोद नाउँ र आश्विन मासदेखि प्रजापति नाउँको संवत्सर रहने छ। नामानुसार नै संवत्सरहरू फल दिने हुन्छन्। तसर्थ प्रमोद संम्वत्सरको अवधिमा प्रजामा उल्लास र पूर्ण आशा सफल हुने संम्भावनाले हर्षित रहने छन्। यस संवत्सरमा जनताको पच्च प्रवल हुने र अधिकार संपन्न रहने छ। वर्षा बढी हुने, उत्पादनमा पूर्ण लाभ हुने र शान्ति व्यवस्था बनी रहने छ। आश्विन मासदेखि प्रजापति संवत्सर हनेछ। यस संवत्सरमा राज्य व्यवस्थाको स्थायी योग बन्ने छ। सुब्यस्थित हुनको लागि नेता र जनता दुबैको समान प्रयास हुने छ। विश्वमा सुव्यवस्थाको लागि सबै प्रयत्नशील हुनेछन।

राजा सूर्य— यस वर्षको राजा ग्रह सूर्य छन्। सूय देवता राजाको साथ साथ अधिकारी वर्ग राज्य–मान पद उड्डयन आदि चेत्रको पनि स्वामी हुन। यसर्थ प्रशासनिक सेवामा तथा जन नेतामा नेतृत्व गर्ने विशेष चमता रहने छ। प्रभावकारी ढंगले नेताहरूले कदम चाल्ने छन, नेताहरूमा इमानदारिता, दूरदर्शिता र जनलाभ प्रति बढी खयाल रहने छ। यो वर्ष सूर्यको प्रभावले विश्व नेतृत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वच्छ र कल्याणकारी हुने छ। सूर्यले गर्दा अल्प वर्षा योग, रोग, अग्नि, काण्ड, र चोरहरूको भय समय समयमा उग्र हुने छ। विशेष गरेर आसाढ कार्तिक, पूष, माघ, फागुन मासमा सूर्यको प्रभाव चर्को रहने भएकोले राज्य स्थितिलाई दरिलो पार्ने छ। यी मासमा नै बढी राजनैतिक सक्रियता विश्वमा हुनेछ।

मन्त्री बुध— यस वर्षको मन्त्री बुध छ जुन सूर्य को अनुकूल रही रहने भएकोले नेता र प्रशासनमा राम्रो सम्बन्ध रहने छ। एक आर्को प्रति सहयोग र मैत्री भावले गर्दा जनहितलाई बढी लाभ हुने छ। महिलाहरूमा विशेष रूपले सौम्यत्व को वातावरण हुनं र सामाजिक प्रतिष्ठामा सक्रिय हुनेछन्। बुधको प्रभावले वर्ष भर राम्रो रहने छ। कृषि-बाणिज्य, वर्षा आदिको राम्रो योग रहने छ। बुधको प्रभावले अन्तरराष्ट्रिय नीतिमा एकरुपता आउनेछ र विश्वका प्रत्येक देशले आ-आफ्नो देशको आय बढाउनमा सबै देशबाट पूरा सहयोग लिने छन्।

वृहस्पति ग्रहबाट यस वर्षबाट शिक्षा नीति र प्रशासनिक क्षमतामा बढी उन्नति हुने छ। मगल कार्य बढी मात्रामा हुने र कृषि एवं अन्न जनता एवं राज्यकं संयुक्त सहयोग रहने छ। शनि प्रभावने गर्दा जनता र नेतामा लडाई पर्ने र मजदूरहरूबाट हडताल आदि हुने छ। मंगलको प्रभावले गर्मिको अधिकार रहने र जनतामा हीन भावना र आर्थिक कमजोरी को असर रहने छ। कृषि कार्यमा विघ्न बाधा बढी मात्रामा मंगल द्वारा हुने छ। खाद्य पदार्थ बढ़ी महँगो हुनेछ। चन्द्रमाको प्रभाव राम्रो भएकोले, स्त्रीपक्षलाई रसमय पदार्थ, धन्यादि प्रचुर मात्रामा रहने छन्। विवाहादि शुभ कार्य बढी मात्रामा हुने छ। शुक्रको प्रभावले व्यापारमा बढी लाभ, शासन कार्यको सक्रियता एवं सुख-शान्ति को राम्रो विस्तार हुने छ। राजा र प्रजामा शुभ भावना जागृत हुने छ।

यस वर्षको लग्न बृश्चिक छ यसर्थ शासन व्यवस्थामा समय समयमा परिवर्तन भई नै रहन्छ, स्थिर भएको शासन व्यवस्थामा पनि आन्तरिक परिबर्तन अधिक भई रहने छ। जगत्लग्न तुला छ, तुला लग्नने गर्दा विकास बारे विश्व नेताहरू संलग्न हुने छन्, नेताहरूको प्रभाव व्यपारी वर्गमाथि बढी रूपले हुने छ।

नेपाल —

देशको प्रशासनिक क्षमतामा उत्तरोत्तर सक्रियताका साथ साथ शैक्षिक स्तरमा महत्वपूर्ण कार्य गर्ने छ। शैक्षिक स्तरप्रति बढी झुकाव उच्च स्तरीय तर्फबाट हुनेछ। आषाढ र श्रावण मास विशेष गरेर सुधार र परिबर्तन सम्बन्धी मास हो। बौद्धिक स्तरमा जन कल्याण भावले निर्णय लिइने छ जसको प्रभाव अजन्तामा राम्रो हुनेछ। देशको नेतृत्व वर्गहरूको झुकाव जन कल्याण प्रति बढी हुने भएकोले जन अवस्था आशावान् हुनेछ। श्रावण मास मा शनि अस्त भएकोले उपद्रव-खुरापाती आदि कार्यहरू हुने छैन। शान्त बातावरणमा भारतको साथमा मधुर संम्बन्ध हुनेछ। यस मासमा उच्चस्तरबाट राज्य व्यवस्थामा सुहृढताको लागि गहीरो चिन्तन हुने छ। बौद्धिक क्षेत्र आशावान् हुनेछ। र मत भेद परस्पर सहानुभूति र सहयोगबाट सुल्झिन प्रयास आपसी हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाद्रपद मास विश्वको राजनीतिमा नयाँ अध्याय आरंभ हुनेछ । यस मासमा मिथुनमा मंगल आउनेछ र शनिको पनि उदय हुने छ, त्यसमा विश्वको राजनीतिमा अर्ध चन्द्रयोगबाट राजनैतिक गतिविधि–तीव्र हुनेछ । आपसी कलह–रक्तपात आदि हिंसात्मक कार्यवाही बढने छन् । विश्वको राजनैतिक कार्यवाहीलाई ध्यानमा राख्दै, देशको चेतनालाई कायम राख्दै सुधारात्मक ठोस कदम चालिने छ । व्यापार सामान्य रहनेछ । जल दोष, भूमिस्खलन, भुकंपन, पनि हगका रूपले देखिनेछ। बौद्धिक स्तरंमा वृद्धि तथा विश्वका अन्य देशका साथ भावनात्मक सहयोग हुनेछ । देशको नेतृत्वमा नदोँ उत्साह उत्पन्न हुनेछ । बौद्धिकस्थिति सामान्य अन्तराष्ट्रिय सहयोग राम्रो हुनेछ । औद्योगिक उपलब्ध कोष संचयन प्रचूर मात्रामा हुनेछ । आकास्मिक दुर्घटना, सीमाना संबंधी उग्रता तथा जन स्वास्थ्य विचारणी छन् । छिमेकी राष्ट्रसंग कूट नैत्तिकतामा नयाँ सुधार हुनेछ, धर्म कार्य सामान्य र अपराध संख्या बढी मात्रामा हुनेछ । अधिकारी वर्ग, वैदेशिक व्यापार एवं उड्डयन तथा बढ़ी प्रगति हुने, र कृषिमा वर्षको पूर्वार्ध राम्रो र उत्तरार्धमा प्राकृत प्रकोपले विचारणीय रहनेछ ।

भारत

भारत केन्द्रिय सत्ता बलशाली हुने र राजनैतिक एव आर्थिक दुवै पक्षमा नयाँ मोड लिने छ । भारतको राजनैतिक, आर्थिक, शैक्षिक तीनै पक्ष समानान्तर रूपले सुदृढ हुनेछन् । भारतले थालेको प्रगति विश्वका देशहरूलाई उदाहरणीय हुनेछ । आषाढ मास जलस्रोत र हिन्दमहासागरको समस्यालाई शान्ति पूर्ण ढंगले हल् गर्ने छ । यस मासमा भारतको साथमा मिलेर रूस–अमेरिकाले विशेष शान्ति व्यवस्था तिर लाग्ने छन । यस मासमा भारतीय सरकारले हिंसात्मक कार्यवाही गर्ने दुर्गुण तत्वलाई दवाउनमा पहिलो पाइला चाल्ने छ । बजार भाउ सस्तो हुने छ, । श्रावणमासमा भारतले उपद्रवी तत्वलाई निर्मूल पारेर बिभिन्न क्षेत्रमा नयाँ नयाँ सुधार कार्यक्रम गर्ने छ । भारतको सुधार प्रगतिलाई देखेर विश्वका अन्य राष्ट्रमा प्रतिकुल प्रभावपनि देखिनेछ । शान्तीमय वातावरणमा भारतले अन्य राष्ट्रहरूमा आफ्नो स्थामित्य प्रभ व देखाउनेछ । भारतमा अर्थकोलागि पुनः नयाँ सन्तुलन कायम राख्नको लागि शुभछ । यो माह विश्वराजनैतिकमा नयाँ आध्याय आरंभ हुने भएकोले भारतले कुशलताकासाथ देश संरक्षण र विकासमा अघि बढनेछ । यो मासदेखि महंगीपुनः आरंभ हुनेछ । भारत पाकिस्तानको सीमानामा उग्र रुप देखिनेछ । विशेष गरेर आंजाद काश्मीर र काश्मीरको कुरा उठ्नेछ, र सीमानामा छिटपुट कार्यवाही हुनेछ । भारत मानसिक बल, जनबल, साहस शिक्षा नीति र समझदारी आसाधारण रूपले बढ़ने छ । नेतृत्व कुशलता दिनानुदिन बढदै जानेछ र विश्वमा भारतको सम्मान बढनेछ ।

सत्य भविष्यवाणी

ज्योतिष–दर्शनको सत्यता

ज्योतिष–दर्शन अङ्क १३ जो २०३३ फागुनमा प्रकाशित थियो, भारतको भविष्यवाणी यस मा छ दिएको छ । भारतको नारी पक्ष कमजोर पर्ने तथा भारतको दुनै शीर्षस्थ व्यक्तिको निधन हुने र मंत्रीमंडलमा आमूल परिवर्तन हुने आदि सही भविष्य फल प्रकाशित छ । उक्त अङ्क हेर्नुहोस् ।

नेपालबारे पनि जेठमा उच्च राजनैतिक विरोधाभासको शमन गर्ने (राजाबाट) दूरदर्शितापूर्ण कदम चालिने कुरा पनि उल्लेख छ जो आज आएर सत्य साबित भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चीन—

चीन देश आफ्नो आन्तरिक मामलामा बढी व्यस्त रहने छ। आर्थिक र राजनैतिक स्वावलम्बनतिर पूरा प्रयत्नशील हुनेछ। विश्वका अन्य देशहरूसँग राजनैतिक सम्बन्ध सुधार्ने छ। तर विश्वको राजनीतिमा प्रभावकारी ढङ्गले सामुन्ने आउने छैन। भूमि सम्बन्धी र शिक्षामा सामान्य रहने छ। उद्योगतर्फ वर्षभरी सक्रिय रहने छ। आन्तरिक सत्ता कलह पुनः भदौमा हुने र अन्ततः नयाँ आयाम थपेर सुधार हुनेछ। अन्तरराष्ट्रिय मामलामा उल्लेखनीय प्रगति हुनेछ। सीमाना सम्बन्धी छिटपुट उष्णता भदौ मासमा रूसका साथ देखिने छ। अपराध, दुर्घटना कम हुने र आन्तरिक मामला सिप्टम्बर, अक्टुबरमा बढी चर्किने छ। छिमेकी राष्ट्रसँग राम्रो सम्बन्ध हुने तर पश्चिम दक्षिण देशहरूबाट खतरा रहने छ। आफ्नो सीमानामा चीन शक्तिशाली बन्ने छ।

अमेरिका—

विश्वमा अमेरिका बढी प्रभावकारी हुनेछ। उसको शक्तिशाली नेतृत्वद्वारा कतिपय विश्व समस्याहरू सुल्झाउने काममा सफलता देखा पर्छ आर्थिक पक्ष शशक्त छ, आन्तरिक विकासमा अभूतपूर्व सक्रियता [illegible] छ। कोषको समूचित व्यवस्थाबाट अन्तर्राष्ट्रिय र बा[illegible] समस्याहरूले हल गरी विश्वमा पुनः सामाजिक एवं राजनैतिक प्रतिष्ठा कमाउने छ। विश्वका देशहरूमा अमेरिका सक्रिय सहयोगी रहने छ। अप्रेल मासमा भूमिकंपन र नयाँ राष्ट्रहरूसँग सम्बन्ध नयाँ ढङ्गले हुनेछ। कार्तिक मासमा अमेरिका विश्वको राजनीतिमा प्रभावकारी कदम चाल्ने छ। सहयोग र शान्तिको वातावरण उत्पन्न गर्नमा अमेरिका यो वर्ष सफल रहने छ।

रूस—

रूसमा सीमाना सम्बन्धी मामलामा बढी स्थान रहने, संझौता हुने, पुनः वादविवाद हुने आदि पटक पटक देखिने छ। प्रशासनिय बीच दृढताका साथ–सबैं वैदेशिक नीतिमा कमजोर पर्ने छ। विश्वमा प्रभाव दिनानुदिन कम हुँदै जान्छ, नचाहिँदा पनि राजनैतिक समस्याहरूबाट त्रस्त रहनेछ। राष्ट्रको आन्तरिक समस्यालाई बढी महत्व दिने भएकोले उद्योग, भूमि सम्बन्धी तरक्की विशेष रूपले गर्ने छ। जुलाई मास मन्त्रीमण्डलीय फेर बदल। सितम्बर मासमा सीमाना समस्या हुनेछ। रूसको अगस्ट मासमा विश्व राजनैतिक दृष्टिले आन्तरिक सुधार कार्य क्रम गर्दै विश्वमा प्रभावकारी हुने सक्रियता देखाउँछ।

जापान—

जापान वैदेशिक नीतिमा क्षीण हुने र निकटका देशहरूका बीच उच्चस्तरीय वार्ता प्रखर हुनेछ। मन्त्री स्तरीय संगठन स्तरमा पुनः सुधार हुने र प्रशासकीय दृष्टिबाट अत्यन्त बलियो हुने योग देखिन्छ। उद्योग, निर्यात भूमि सम्बन्धमा राम्रो सुधारले विश्वमा सम्मानित हुनेछ। बौद्धिक स्तरमा विशेष विकास र एशियाली देशहरूमा वैमनस्यता हटाउनमा पूरा सक्रिय भूमिका निभाउने छ। भारत र चीनका बीच सम्बन्ध सुधार्नमा जापानको भूमिका महत्वपूर्ण हुनेछ।

२०३४ नयाँ वर्षको उपलक्ष्यमा
हार्दिक शुभ-कामना
साल्ट ट्रेडिंग कर्पोरेशन लि०
खाद्य उद्योग (प्रा०) लि०
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नोट :—

यस वर्ष स्त्री पक्ष साह्रै निर्बल भएकोले देशको कुनै उच्च पदमा पुग्न सक्तैनन् । यो परिवर्तनको वर्ष हो, त्यसर्थ परिवर्तन नचाँहिने देशहरूलाई अन्तमा बाध्य भै परिवर्तन गर्नु नै पर्छ । इजरायल र अरब देशहरूमा पुन: नभेम्बर मासमा चर्काचर्की हुने प्रमाण देखिन्छ ।

१९७७ : अङ्क फल

अंग्रेजी मत अनुसार अथवा अङ्क ज्योतिषको मतमा १९७७ ई. को १+९+७+७=२४—२+४=६ : मूल अङ्क ६ हो । ६ अङ्कको अधिष्ठाता ग्रह शुक्र हो । शुक्रको गुण–धर्म, प्रकृति यो वर्ष चरितार्थ हुनेछ । शुक्र अत्यन्त प्रभावशाली आकर्षक ग्रह हो । एक राष्ट्र अर्को राष्ट्रसँग खास गरेर आफ्ना मित्र अङ्क र समधर्मी अङ्कका देशहरूसंग विशेष आकर्षित रहने छन् ।

पश्चिमाहरू कला प्रेम, सौन्दर्य एवं आकर्षणकी देवी—(Goddess of Art, Love, Beauty and Attraction) शुक्रलाई भन्छन । दुनियाँमा प्रेमको विकास अर्थात् दुनियाँका राष्ट्रिय व्यक्तिहरूमा परस्पर सद्भावना र सहानुभूति बढ्ने जानेछ । शुक्र नीतिवान ग्रह हो । दुनियाँका नेताहरू न्यायिक प्रगतितर्फ चेष्टित रहन्छन, उच्चकोटिको नयाँ राजनैतिक आकर्षणमा विश्वका नेता रहन्छन् ।

आकाशचारी, हवाइजहाज, आकाशवाणी, सञ्चार साधन आदिमा पनि शुक्रले प्रभावित तुल्याउँछ । पर्यटक-हरूको आवागमन यो वर्ष प्रसस्त भैरहन्छ, सञ्चार व्यवस्थाको उत्थान गराउँछ ।

यो वर्ष सौन्दर्य प्रशाधनका वस्तुहरूको बढी मात्रामा उत्पादन र खपत हुने छन् । सङ्गीत–कला र सीने संसारको जगजगी रहन्छ ।

शुक्र अत्यन्त चतुर तथा सम्झौतावादी ग्रह हो । भेद दृष्टि वा कूटनीति प्रवल मात्रामा यसमा रहन्छ । तसर्थ विश्वका उच्च राजनैतिकहरूमा केही भेद दृष्टि, केही तर्क–कुतर्क पनि हुन सक्छ । फल स्वरूप एक राज्य अर्के राज्यसँग कडा विरोध वा उच्चकोटिको राजनैतिक द्वन्द्व पनि मच्चिन सक्छ । तर विरोधी अङ्कका देश वा कर्णधारहरूमा मात्र त्यसो होला, अन्यथा समधर्मी अङ्कका देशसँग राम्रो सम्बन्ध सुध्रिने छ ।

'ब' र 'र' अक्षरका देश तथा व्यक्तिलाई यो वर्ष लाभदायी रहन्छ ।

व्यक्तिको जन्म अङ्क अनुसार व्यक्तिको वर्ष कस्तो निस्कन्छ भन्ने तरीका ज्योतिष-दर्शन अङ्क ५ मा पढ्नुहोस् ।

नयाँ वर्ष २०३४ मङ्गलमय होस ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३४को संक्षिप्त राशी फल

मेष :—

यस राशीलाई साउनदेखि क्रमश: शुभ समय आउँनेछ । कर्म विकासका लागि र आर्थिक सुधारका लागि विशेष प्रयास गरेमा संतोषजनक उपलब्धी छ । विचारलाई दूषित तुल्याउने वातावरण खडा हुने छ , काम काजमा बुद्धि पुऱ्याउनुपर्छ ।

वृष :—

यो राशीलाई विशेष गरेर यो सुधार र प्रगतिको साल हो । साउनदेखि शुरु हुने शनिको अढैया अनुकूल र विकासशील छ । गृह , वाहन र मित्र संवन्धमा केही समस्या छ, त्यताबाट अलिक सतर्क रहनु होला ।

मिथुन :—

यो वर्ष राम्रो छ । आर्थिक लाभ , पदप्रतिष्ठाको विकास र घरेलु सुख अनुकूल रहन्छ । घरमा मंगल कार्य हुने , शुभ कार्यमा खर्च हुनेछ । तर ऋण लिने काम शुभ छैन । गलत विचारहरू थुप्रै आउने छन् । रोक्नु पर्छ ।

कर्कट :—

यो राशीलाई यो वर्ष आर्थिक प्रसंग रहनेछ । लाभका दृष्टिबाट बर्ष सर्वोत्तम रहेर पनि घरेलु एवं पारिवारिक क्षेत्रमा हुने अपव्ययले गर्दा निकै अर्थ संकट महशूश हुनेछ । तसर्थ आर्थिक संतुलन मिलाउन कोशिस गर्नुपर्छ ।

सिंह :—

यो राशीलाई शनि अरिष्ट छ र अनेक झमेलाहरू आइपर्ने छन् तापनि गुरु आदि अरू ग्रह राम्रा स्थितिमा भएकोले वर्ष अनुकूल नै रहन्छ । वौद्धिक विकास र आयको स्रोतका लागि गरेको प्रयत्न सफल रहन्छ ।

कन्या :—

यस राशीलाई वर्षको पूर्वार्द्ध शुभ र उत्तरार्द्ध अशुभ रहन्छ । आर्थिक कठिनाई र शारीरिक शिथिलता पन्छाउने चेष्टा गर्नुपर्छ । अचानक कुव्यय हुने डर छ सावधान रहनू । यात्राको योग छ तर आयको सट्टा व्यय बढ़ी हुने संभावना छ ।

तुला :—

वर्षको आधा उता गएपछि दिन दशा राम्रो रहन्छ । कुनै विशेष अधिकारबाट वंचित हुनु पर्ने योग छ । तर पनि मान, प्रतिष्ठा, पारिवारिक सुख शुभ भएर जाने छ । अर्थ लाभका लागि वर्ष उत्तम छ । कुनै नौलो योजना बनाएर नयाँ कदम चाल्न वर्षको उत्तरार्द्ध शुभ छ ।

एन. सी. सी. एन.

श्री ५ युवराजाधिराज सरकारको

शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको

हार्दिक शुभ-कामना

नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि०

त्रिपुरेश्वर, काठमाडौं ।

पो. बा. नं. ३७

फोन नं. ११८७६, ११९७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृश्चिक :—

यो राशीलाई वर्ष उन्नतशील छ । कर्म विकास, ऋण मुक्ति, रोगहरण आदि यस वर्षका विषय हुन् । तर आर्थिक हानी, दाम्पत्य जीवनमा केही कटुता र शारीरिक शिथिलता पर्न सक्छ यदि यसमा पहिल्यै सतर्क नरहेमा ।

धन :—

यो वर्ष धन राशीका ग्रह फलदायी छन् । मान-पद-प्रतिष्ठाका लागि र अर्थार्जनका लागि गरिने प्रयास साकारात्मक हुन सक्छ । साझा–संधी सम्झौता र व्यवसायिक व्यक्तिका लागि यो साल वडी लाभदायी छ ।

मकर :—

यो राशी भदौदेखि आठौ शनिले 'शनिको अढैंया' बनाएको छ । राशीपति भएकाले यो अशुभ हुन्न । राजनीति वा राजकीय कार्यलाई छोडेर अरू गरेको काम सफल हुन्छ । श्रम र संघर्ष ज्यादा गर्नु पर्दा शरीर कमजोर पर्न सक्छ । अतः स्वस्थ्यतर्फ बढी सावधानी रहनु पर्ला ।

कुम्भ :—

यस राशीका ग्रह दशैं उता सप्रिदै छन् । यद्यपि कुटुम्ब परिवारमा धन–जीविकामा केही विघ्न बाधा पर्ने र शरीर शिथिल रहने योग पनि छ । पुस–माघतिर कुनै मिलन–कार्य हुने शुभ समय छ । नयाँ काम कुरा गर्न त्यतिखेर अनुकूल छ । संक्षिप्तमा वर्ष सामान्य छ ।

मीन :—

यो वर्ष मान–पद बढाउन गरेको कोशिश खेर जान्न, फलदायी छ । विरोधी बढ्ने या नयाँ जन्मिने योग छ, तसर्थ आपनो विचार र कार्य त्यसतर्फ बढी दिनु वेश पर्छ । अनायास पारिवारिक विरोध नपरोस् भन्नेमा पनि ध्यान दिनुपर्छ ।

श्री ५ युवराजाधिराज सरकार दीपेन्द्रको

सातौं जन्मोत्सवको शुभ उपलक्ष्यमा

मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको मङ्गलमय कामना गर्दछौं।

RNAC

शाही नेपाल वायु सेवा निगम

नेशनल ट्रेडिङ्ग लिमिटेडको सामान बिक्रीको सूचना

नेशनल ट्रेडिङ्ग लिमिटेड केन्द्रीय बिक्री व्यवस्था शाखा टेकू तथा ने. ट्रे. लि. का अधिकृत–बिक्रेताहरूबाट काठमाडौंमा तल उल्लेखित सामानहरू सुपथ मूल्यमा बिक्री भईरहेको कुरा ग्राहकहरूमा सूचित गरिएको छ ।

बिजुलीको पंखा साईज ८°, १४°, १६°, बिजुलीको स्वचालित इस्त्री, बिजुलीको भात पकाउने भाँडो, विभिन्न साइजका आल्मुनियमका बिड भएका पकाउने भाँडाहरू, प्रेसर, कुकर, टेबुल घडीहरू, मासु टुक्राउने मेशीन, आल्मुनियमका केट्लीहरू, भिटामिन टेब्लेटहरू, बी कम्फर भिटामिन टेब्लेटहरू, विद्यार्थीका एक्सरसाईज बूक र नोट बूक, विभिन्न साईज र रंगका कपडाहरू, जुत्ताहरू, दैनिक प्रयोगमा आउने किसिम किसिमका अन्य सामानहरू पनि ।

निम्न सामानहरू ने. ट्रे. लि. यन्त्र बिक्री तथा मर्मत केन्द्र रामशाहपथमा उपलब्ध छन् ।

मैदा पार्ने मेशीन, गहुँ, मकै आदि पिंध्ने मेशीन, विभिन्न किसिमका बियरिंगहरू, १७५ सी. सी. र १२५ सी. सी. का रसियन मोटर साईकलका स्पेयर पार्टस्, हर्सपावर ७.५,१०,१५,२० र ३० का इलेक्ट्रीक मोटरहरू, सिकर्मी र डकर्मीका ज्यावलहरू, अनि बगैंचाका ज्यावलहरू पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात–औंला एवं नङबाट
रोग ज्ञान

औंलाहरूबाट मानिसको नैसर्गिक गतिको पत्तो लाग्छ । विशेषज्ञहरू खालि औंला र नङको बनोटद्वारा व्यक्तिको बारेमा धेरै थोक भनिदिन्छन् । सरकारी गुप्तचर-हरूलाई औंलाको अध्यनन परम आवश्यक छ । पुलीस विभागणा यसबारे जानकारी राख्नु जरूरी छ । अपराध शास्त्रको अध्ययन पर्दा मानिसको हात र औंलाहरूको ज्योतिषीय ढङ्गले पढाइ गराइ दिने हो भने अपराधी पत्तो लाउन सजिलो हुन्छ । किन भने मानिसका औंलाहरू उसको मनोवृत्ति. चरित्र, क्रूर–सौम्य, हिंसक. सरल–सजन आदि मूल प्रवृत्तिका आलेख हुन् ।

औंलाहरूबारे विस्तृत विवरण 'हाम्रा हात' नामक पुस्तकमा पढ्न पाउनु हुनेछ । यहाँ त रोगबारे परिचय दिइने हुँदा त्यसैको उल्लेख गरिन्छ ।

हत्केलाको रंगबाट रोग ज्ञान

(१) हत्केलाको रंग ताम्र वर्णको छ, अरूण वर्ण छ भने शरीरमा रक्त प्रकोप हुने डर रहन्छ ।

(२) साह्रै रातो हत्केलो हुनेहरूमा रक्तचापको शिकायत पाइन्छ ।

(३) हत्केलाको रंग पहेंलो हुनेहरू उदर पीडित हुन्छन् ।

(४) सेतो रंगको हत्केलोले के जनाउँछ भने शरीरमा रगतको कमीद्वारा उत्पन्न रोगको शिकार बन्नु पर्छ ।

(५) खौरो रङ्गको हत्केलो हुनेहरू पुंसत्वहीन वा वीर्य रोगले ग्रसित हुन्छ ।

(३) कालो रंगको हत्केलो हुनेहरूको शरीरमा शुद्ध रगत हुन्न । सदा रोगी रहने, खास गरेर कफ सम्बन्धी रोगी वा स्वास रोगी हुन्छ ।

(७) जसको हत्केलाको रङ्गत नीलो हुन्छ उ भयानक रोगी हुन्छ, खास गरेर हृदय रोगी ।

नङबाट रोग ज्ञान

नङबाट बिरामी पत्तो लाग्छ । कुशल वैद्य–डाक्टर-हरू व्यक्तिमा रोग भएको नभएको वा कुन प्रकारको रोग भएको नङ हेरेर ठहराउँछन् ।

श्री ५ युवराजाधिराज सरकार
सातौं वर्षमा प्रवेश गरिबक्सेको

सुअवसरमा

मौसूफ सरकारको सुस्वास्थ्य र चिरायुको
लागि

हार्दिक शुभकामना चढाउँछौं ।

हेटौंडा नगर पञ्चायत परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमा मुलुकमा कैयौं डाक्टर त मानिसको हत्केलाको रङ्ग र नङ्को रङ्गबाट नै रोगको निदान गर्छन्। हामी पनि त्यसको प्रयोग गरी हेरौं। जस्तै—

(१) लामा–पातला नङ हुने मानिसलाई कम्मर दुख्ने, हाड दुख्ने वा करङ्गको मूल हाड दुख्ने रोग लाग्न सक्छ।

(२) उपरोक्त नङ बाङ्गा पनि छन् भने कम्मर झुकेको धनुषाकार व्यक्ति आकृति परेको तथा शारीरिक कम्जोर रहेको सूचित गर्छ।

(३) ज्यादै लामा नङ हुनेहरूलाई छाती, फोक्सो आदिको रोग लाग्छ। त्यस्ता नङ्मा धर्सा पनि छन् भने रोगको अधिकता जनाउँछ।

(४) धारोदार नङ हेर्दा छोटा देखिन्छन् भने घाँटीको रोग लाग्छ।

(५) लामा नङ नीला रङ्गका छन् भने शारीरिक गठन नै बिग्रिएको हुन्छ।

(३) उसका नङ निकै चेप्टा र औंलाको मासुभन्दा पनि बाहिर निस्केका देखिए भने पेट, मुद्र सम्बन्धी रोग लाग्छ र नङ्को रङ्ग भुसे छ भने झन् बढी उदर रोगी हुन्छ।

(७) छोटा नङ्ले दिलको बिरामी गराउँछ।

(८) चेप्टा नङ उम्रेको ठाउँमा मासुगा धस्सिएका छन् भने दिमागी रोग जनाउँछ। त्यसमा नसा वा घाँरी उम्रेका छन् र नङ्का वारपार छन् भने दिमागी बिरामी उग्र हुन्छ।

(९ (नङ्मा सेता छिटाले दिमागी खराब गराउँछ।

(१०) नङ्मा सेतो चन्द्रमा जस्तो ठूलो दाग लगभग आधा नङ्मा देखिन्छ भने दिलको धढकन (Heart Preiser) र दिमागी खराबी वा कुनै रक्त नस फुट्ने आदि भय रहन्छ।

श्री ५ युवराजाधिराज सरकारको
शुभ--जन्मोत्सवको उपलक्ष्यमा
मोसूफको सुस्वास्थ्य र दीर्घायुको कामना गर्ने
लालीगुराँस, याक, कोसेली, गैंडा, आदि
लोकप्रिय चुरोटको उत्पादक
जनकपुर चुरोट कारखाना
जनकपुर धाम

श्री ५ युवराजाधिराज
सरकारको
सातौं शुभ--जन्मोत्सवको
उपलक्ष्यमा
भक्तिपूर्वक दीर्घायुको लागि प्रार्थना गर्दछौं।
बिराटनगर जुट मिल्स लि०
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखद मृत्यु-हृदयगतिबन्द भएर स्वर्ग जाने

जसको जन्म कुण्डलीको हृदय स्थान चतुर्थ र चतुर्थेशलाई अष्टमेश वा मार्केशको

६	५	४	३	२
७ चं.		बुद्ध		१ सू. बु. श मं.
८	९ रा.	१०	११	१२

७ रा	६ मं	५ श	४ गु	३ बु
८		श्री ५ महेन्द्र		२ सू शु
९	१०	११	१२ चं	१ के

११ के	१० श	९	८	७ शु
१२		लालबहादुर शास्त्री		सू ६ बु चं
१ गु	२	३	४	५ मं रा

६ मं	५ श	४ चं	३ रा	२
७ बु शु		जवाहरलाल नेहरू		१
८ सू	९ गु के	१०	११	१२

दृष्टि पर्छ ती व्यक्तिहरू हृदयगतिबन्द भएर दिवंगत हुन्छन् । जस्तै–

यी चारै कुण्डलीमा माथि उल्लेखित योग पूर्णत घटित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोली खाएर मर्नेहरू

(१) अष्टमेश र लग्नेश मंगलको प्रभाव क्षेत्रमा आयो भने ।

(२) अष्टमेशलाई मार्केश र मारक ग्रहको दृष्टिका साथ मंगलको पनि दृष्टि पर्‍यो भने ।





नेपाली धर्म संस्कृतिका भावी संरक्षक
श्री ५ युवराजाधिराज दीपेन्द्र
सातौं वर्षमा प्रवेश गरिबक्सेको पुनीत
अवसरमा
मौसूफ सरकारको चिरायु कामना गर्छौं ।
सांस्कृतिक संस्थान परिवार

श्री ५ दीपेन्द्र
सदा आरोग्यवान रहिबक्सन
मौसूफको शुभ जन्मोत्सवको
सुअवसरमा हार्दिक मंगल कामना
चढाउँछौं ।
नारायणी धानचामल निर्यात कं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[८ पेजको बाँको]

जस्तै:—

'न'—गुरुको एर्ण
'ए'—सूर्यको स्वर
'प'—शनिको वर्ण
'अ'—सूर्यको स्वर
'ल्'—चन्द्रको वर्ण
'अ' – सूर्यको स्वर

यस मतमा नेपालका मुख्य ग्रह:—
सूर्य–गुरू
चन्द्र-शनि

सूर्य—३	आत्मवान, अस्तित्ववान, प्रकाशवान ३ गुण
गुरु—१	धर्मवान. नीतिवान, आदर्शवान- १ गुण
चन्द्र—१	विकासशील प्रगतिशील, सिर्जनाशील–१गुण
शनि-१	कर्मशील, संघर्षशील, निर्माणशील- १ गुण

नेपालको पहिलो अक्षरको अधिपति गुरु हो । गुरु सबै ग्रहमध्ये शुभ र सजीव ग्रह हो। नामाक्षरको पहिलो ध्वनिमा गुरु सूर्य हुनु अत्यन्त शुभ हुन्छ । गुरुको धर्म, नीति, नैतिकतापूर्ण एक गुण फल र सूर्यको आत्मवान, प्रकाशवान सत्ववान ३ गुण परेको हुँदा यस शब्दार्थको फल नेपालमा परेको अर्थात् नेपाल सदा आत्मवान्, अस्तित्ववान, प्रकाशवान रहने छ भन्नेमा निश्चित ठहर भयो। अत: धरती रहेसम्म नेपालको अस्तित्व रहन्छ भन्नेमा कुनै विकल्प छैन ।

—श्रीदेव सापकोटा

दशा फलका लागि

	घटी दशा	दिन दशा	६ महिने दशा	ऋतु दशा	पक्ष दशा	मास दशा	वर्ष दशा	
देश	मात्रा	वर्ण	नक्षत्र	राशी	ग्रह	जीव	पिंड	योग
नेपाल	ए ४	इ २	ए ४	ए ४	ए ४	ओ ५	ओ ५	उ ३
चीन	इ २	ओ ५	अ १	ओ ५	उ ३	अ १	ओ ५	इ २
भारत	अ १	अ १	अ १	ओ ५	उ ३	ओ ५	अ १	ए ४

श्री ५ युवराजाधिराज सरकारको
सातौं शुभ जन्मोत्सवको उपलक्ष्यमा
भक्तिपूर्वक मौसूफको सुस्वास्थ्य दीर्घायुको
मंगलमय कामना व्यक्त गर्दछौं।
जिल्ला कार्यालय शिक्षा शाखा राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बार्षिक भविष्य फल

भौम जलाधिपति बन्हि भयमा । मंहगीको सामना, कतै अनावृष्टि । सूर्य यो साल राज्याधिपति छ । शासनमा बराबर थपघट भैरहनेछ । बुध संचालक कर्ता भएकोले हरेक काम कारबाहीमा गतिरोध ल्याउने छ । ठूला राष्ट्रहरूमा मतभिन्नता, मानिसहरूमा धेर छलकपट बढ्नेछ । पाश्चात्य मुलुकमा राष्ट्रिय बिभेदद्वारा कतिपय विभाज्य स्थिति खडा हुने देखापर्छ । कैयौं देशमा बाढी पीडित र आँधी बेरीले क्षति पार्ने त कतै सुखाको भय हुन्छ । राजनैतिकमा चाँहि धेरै राष्ट्रहरू मिलेर कुनै गंभीर समस्या सामाधान गर्ने केही परिवर्तन ल्याउने छन् । पश्चिमी र पूर्वी मुलुकमा भूकंप र ज्वालामुखीको उत्पात देखिन्छ । नारी वर्गले यो वर्ष निकै अधिकार जमाउन खोज्ने छन् । ०३४ अषाढ ३१ गतेदेखि गुरू ग्रह मिथुन राशीमा जान्छन् । त्यसपछि बर्षा राम्रो रहन्छ ।

ले. श्री मणि प्रसाद तिवारी

वृश्चिक राशी (नेपाल) र मिथुन राशीका देश सुव्यवस्थाहरूमा शांति कायम रहने छ । भारतमा केही न केही गडबडी भैरहने योग छ । सरकार र जनतामा मतभेद रहन्छ । पाकिस्तानमा जनताले अधिकार लिई छाड्नेछन् । भूमध्येका राष्ट्रहरूमा उर्जास्थिति प्रतिकूल छ ।

यो वर्ष बुधग्रह संचालक कर्ता भएकाले विश्वमा बुद्ध धर्मको विशेष प्रभाव र प्रचार बढेर जानेछ ।

नेपालमा यो वर्ष राजा र प्रजामा घनिष्ट संबन्ध रहनेछ । राजाबाट जनहित कार्य बढी हुने र जनताबाट राजाप्रति असीम श्रद्धा जाग्ने सूर्य ग्रह यो वर्षको राजा भएको बाट सिद्ध छ । तर मंत्री मंडलको ग्रह बुध भएकोले र यो ग्रहमा बढी परिवर्तनशील एवं रहस्यबादी गुण भएकाले नेपालको मंत्री मंडलमा बहुत गुप्त आयोजना र परिवर्तनको स्थितिका साथै केही रहस्य खडा हुने योग देखा पर्छ । भाद्र १० गते देखि शनि ग्रह सिंहराशीमा सर्ने हुदाँ त्यसपछि मंत्री परिषदमा अदलबदलको योग पर्न आएको छ र यो अस्थिर योग ०३५ जेठसम्म रहिरहन्छ ।

☆

पृथ्वीको गुरुत्वाकर्षण शक्ति घट्तै छ !

अमेरिकाको नाविक नक्षत्रवेधशाला (U. N. Saval observatory) का वैज्ञानिक श्री थॉमस सी. वान फ्लांड्रनले प्रयोग गर्दा के पाए भने पृथ्वीको गुरुत्वाकर्षण शक्ति क्षय भैरहेको छ । यस खोजमा संसार भरका वैज्ञानिक आकर्षित एवं चिंतित छन् । यद्यपि यो अत्यल्प १/ १००००००० को अनुपातमा प्रतिवर्ष) गतिमा भैरहेको छ र दैनिक व्यवहारमा कुनै खास असर यसबाट पर्दैन तर कालान्तरमा भौतिक शास्त्रका अनेक सिद्धान्तमा मतभेद वा परिवर्तन पर्न सक्छ । कालान्तरमा पृथ्वीको र चन्द्रमाको क्रम फरक पर्न सक्छ, पृथ्वीबाट चन्द्रमाको दूरी बढ्न सक्छ । यसै प्रकार शेष ग्रह एवं सूर्यको दूरी पनि बढ्न सक्छ । परिणाम स्वरूप सौर्यमंडलमा अनेक परिवर्तन हुनेछ । इंगलैण्डका नामी वैज्ञानिक श्री फ्रैड होयल र भारतका जे. बी. नारलीकार जस्ता विश्वविख्यात वैज्ञानिक खगोल विद पनि उक्त कुरा अनुमोदन गर्छन । पृथ्वीको परिधि पनि एक शताब्दीमा एक सेण्टिमिटरको हिसाबले बढ्दैछ भन्ने अड्कल छ ।

हस्त-रेखा अनुसंधान हामी गर्छौं
ज्योतिष-दर्शन
६/१५५ मछिन्द्रवहाल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावी राजकुलका संरक्षक नेपालीका आशा र श्रद्धाका केन्द्र

श्री ५ युवराजाधिराज दीपेन्द्र

सातौं वर्षमा प्रवेश गरिबक्सेको

शुभ जन्मोत्सवको पुनीत अवसरमा

मौसूफ सरकार

सदा आरोग्यवान र चिरायु रहीबक्सन

हार्दिक शुभ कामना चढाउँछौं

यांत्रिक सारिणीकरण केन्द्र परिवार

श्री ५ युवराजाधिराज सरकारको

सातौं शुभ जन्मोत्सवको

सुखद अवसरमा

मौसूफ सरकारका शरीरमा

सदा आरोग्य र कांति बढ्दै जाओस् भनी

समस्त जिल्लावासीका तर्फबाट शुभ कामना चढाउने

पोखरा जिल्ला पञ्चायत परिवार

श्री ५ युवराजाधिराज सरकार दीपेन्द्रको

सातौं शुभ-जन्मोत्सवको उपलक्ष्यमा

भक्तिपूर्वक मौसूफको सुस्वास्थ्य र दीर्घायुको

मंगलमय कामना व्यक्त गर्दछौं।

गण्डकी अञ्चलाधीश कार्यालय परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ युवराजाधिराज सरकारको

शुभ-जन्मोत्सवको उपलक्ष्यमा

मौसूफको सुस्वास्थ्य

तथा

दीर्घायुको निमित्त हार्दिक मंगलमय

कामना गर्दछौं ।

नेपाल औद्योगिक विकास कर्पोरेशन
परिवार

कृषि विकास बैंकले

देशभरी आफ्नो १३९ कार्यालयहरू मार्फत् देहाएका कृषि कार्यका लागि सजिलैसँग ऋण तथा पूंजी दिन्छ

१) खाद्यान्न तथा नगदेवाली उत्पादन
२) कृषि यान्त्रीकरण तथा सिंचाई
३) कृषि व्यवसाय
४) कृषि उपज बेच बिखन
५) कृषि जन्य उद्योग
६) चिया खेती
७) गोबर ग्यास प्लान्ट
८) पशु पंछी पालन
९) गोदाम निर्माण
१०) फलफूल खेती

ऋणका साथै बैंकिंग सुविधा पनि दिन्छ ।
आफूलाई पाएक परेको कार्यालयबाट ऋण लिई
बढी उत्पादन गर्नुहोस ।

कृषि विकास बैंक

मुख्य कार्यालय, काठमाडौं ।

मुद्रकः संगम प्रेस, केलटोल काठमाडौं, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu